राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालय

# वार्षिक गतिविधि पुस्तिका

२०७५/०७६


राष्ट्रिय मानव अधिकार आयोग

प्रदेश नं. ५ कार्यालय

बुटवल, रुपन्देही

# वार्षिक गतिविधि पुस्तिका

आ.व. २०७५/०७६

## राष्ट्रिय मानव अधिकार आयोग

प्रदेश न.५ कार्यालय, बुटवल

## आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

माननीय अनूप राज शर्मा

**सदस्यहरू**

माननीय प्रकाश वस्ती

माननीय सुदिप पाठक

माननीय मोहना अन्सारी

माननीय गोविन्द शर्मा पौड्याल

**सचिव**

वेदप्रसाद भट्टराई

| | |
|---|---|
| **सल्लाहकार** | : सम्झना शर्मा |
| **लेखन/सम्पादन** | : पवन कुमार भट्ट |
| | : दीपक ठाकुर |
| | : इन्द्रजीत  सहनी |
| | : सेली गौतम |
| | : नारायण बस्नेत |
| | : बिमला लाखे |
| **प्रकाशक** | : राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. ५ कार्यालय, बुटवल, रुपन्देही । |
| **प्रकाशन मिति** | : २०७६ असार |
| **संस्करण** | : प्रथम |
| **प्रकाशन नं.** | : राष्ट्रिय मानव अधिकार आयोग, प्रदेश नं. ५ कार्यालय, बुटवल-१ |
| **मुद्रण** | : प्रफेक्ट प्रिन्ट, बुटवलः ९८५७०८२१२२ |
| **सर्वाधिकार** | : राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. ५ कार्यालय, बुटवल, रुपन्देही । |

**@ आयोगको यस कार्यालयको पूर्व स्वीकृति विना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाईने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोग गर्न सकिने छ ।**

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

नेपालको संविधानमा मानव अधिकारको सम्मान, संरक्षण तथा यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चितता प्रदान गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य रहेको छ । संवैधानिक व्यवस्था अनुसार संवैधानिक निकायहरुले आफूले सम्पादन गरेका काम कारवाहीहरुको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने रहेको छ । यसै बमोजिम राष्ट्रिय मानव अधिकार आयोगले स्थापनाकालदेखि नै हरेक वर्ष आफ्ना गतिविधिहरु समावेश गरी वार्षिक प्रतिवेदन प्रकाशन गर्दै आइरहेको छ ।

आयोगसँग पीडित र पीडितसँग आयोगको पहुँच विस्तारको लागि देशको संघीय संरचना बमोजिम आयोगको प्रदेश कार्यालय र प्रदेश शाखा कार्यालयहरु स्थापना भई क्रियाशील रहँदै आएका छन् । प्रदेश र स्थानीय तहमा मानव अधिकार उल्लंघनका घटनाहरुको उजूरी ग्रहण गर्न, राज्यको सबै क्षेत्रमा आयोगको पहुँच अभिवृद्धि गर्न, आयोगले तय गरेको "घरघरमा मानव अधिकार : शान्ति र विकासको आधार" नारालाई व्यवहारमा कार्यान्वयन गर्न, समाजमा मानव अधिकारमैत्री संस्कृतिको निर्माण गर्न आयोग तल्लीन छ । नेपालको संविधान तथा नेपालपक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा निहित हक अधिकारहरू नागरिकले निर्वाध रुपमा उपभोग गर्न पाउने स्थितिको सुश्चितता गर्न, ती अधिकारहरुको सम्मान, संरक्षण तथा संवर्द्धन गर्ने कार्यमा संघ, प्रदेश र स्थानीय तहको पनि उत्तिकै दायित्व रहेको हुन्छ । ती दायित्वहरु पूरा गर्न सबै निकायहरूको संयुक्त प्रयास निरन्तर हुनुपर्दछ ।

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. ५ बुटवल कार्यालयले प्रकाशित गरेको मानव अधिकार गतिविधि पुस्तिका २०७६ ले आफ्नो कार्यक्षेत्र भित्र रहेका जिल्लाहरुमा मानव अधिकार अवस्थालाई चित्राङ्कन गरी सम्बन्धित सरोकारवाला निकायहरुलाई सुसूचित गर्ने प्रयास गरेको छ । सुसूचित नागरिकहरु नै लोकतन्त्रका पहरेदार एवं मानव अधिकारको रक्षकहरु हुन सक्दछन् । यस प्रतिवेदन मार्फत प्रदेश नं ५ को मानव अधिकार अवस्था स्थानीय सर्वसाधारण र सरोकारवालासम्म संप्रेशण हुनुका साथै राज्यका विभिन्न निकायको कामकारवाहीबाट जनताको मानव अधिकारमा पर्न गएको प्रभावको बारेमा आम नागरिक र जिम्मेवार निकायहरुलाई समेत सुसूचित गर्न सहयोग पुऱ्याउने छ ।

अन्त्यमा, यो गतिविधि पुस्तिकाले नागरिकहरुका मानव अधिकार संरक्षण, संवर्द्धनमा योगदान पुर्याउनुका साथै राज्यका निकायहरुलाई आम जनताप्रति उत्तरदायी बनाउन समेत सहयोग गर्नेछ भन्ने विश्वास लिएको छु । यस गतिविधि पुस्तिका तयार गर्न संलग्न आयोगको प्रदेश नं ५ कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

२०७६, असार २७

अनूप राज शर्मा
अध्यक्ष

# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
प्रदेश नं. ५ कार्यालय बुटवल, Office of Province No 5 Butwal


## यस प्रतिवेदन बारे

मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन तथा प्रभाकारी कार्यान्वयनको सुनिश्चित गर्ने राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक जिम्मेवारी रहेको छ । यसको लागि आयोगले मानव अधिकार उल्लंघनका उजुरीहरु ग्रहणगरी अनुसन्धान गर्ने, मानव अधिकार अवस्थाको अनुगमन गर्ने, मानव अधिकार शिक्षाको प्रचारप्रसार गरी मानव अधिकार सचेतना अभिबृद्धि गर्ने आदि कामहरु गर्दै आइरहेको छ । यसै सन्दर्भमा यस कार्यालयबाट वर्षभरी सम्पादित क्रियाकलापहरु समावेश गरी सरोकारवालाहरुलाई जानकारी दिनेगरी वार्षिक गतिविधी पुस्तीका प्रकाशन गर्दै आइरहेको छ ।

आयोगले मुलुकभर आफ्नो पहुँच विस्तार गर्ने क्रममा केन्द्रीय कार्यालयको अलावा हालसम्म ६ वटा प्रदेश कार्यालयहरु र तीनवटा प्रदेश शाखा कार्यालयहरु स्थापना गरी कार्य सुचारु गरिसकेको छ । यस प्रतिवेदनमा आ.व.२०७५/०७६ को अवधीमा राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालय अन्तर्गतका ६ जिल्लाहरु नवलपरासी पश्चिम, रुपन्देही, कपिलबस्तु, अर्घाखाँची, गुल्मी र पाल्पा जिल्लाबाट यस कार्यालयमा प्राप्त भएका उजुरी साथै विगतका वर्षहरुमा दर्ता भई कारवाही प्रक्रियामा रहेका उजुरीउपर गरिएका अनुसन्धान एवं अनुगमनबाट प्राप्त सूचनाहरुका आधारमा मानव अधिकारको अवस्था साथै मानव अधिकार शिक्षा सम्बन्धी सम्वर्द्धनात्मक गतिविधीहरु समावेश गरिएका छन् । आयोगको संवैधानिक दायित्व अनूरुप प्रत्येक वर्ष केन्द्रीय कार्यालयबाट प्रकाशित हुँदै आएको आयोगको वार्षिक प्रतिवेदनमा समेत यस प्रदेशको मानव अधिकारको अवस्था समावेश हुँदै आइरहेको छ ।

आयोगले अनुगमन तथा अनुसन्धानबाट प्राप्त तथ्य, प्रमाणका आधारमा सम्वन्धित निकायहरुलाई विभिन्न सुझाव, ध्यानाकर्षण तथा सिफारिश गर्दै आएको छ । आयोगको अनुगमन तथा अनुसन्धान प्रतिवेदनहरुले आयोगले अपेक्षा गरेअनुरुपको आयोगको निर्णयहरु पूर्णरुपमा कार्यान्वयन हुन नसकेको, मानव अधिकारको सम्मान, संरक्षण तथा परिपालनाका लागि सम्बन्धित निकायहरु जिम्मेवार, सचेत एवं गंभिर हुन नसकेको र मानव अधिकार अवस्थामा अपेक्षाकृत सुधार हुन नसकेको भन्ने अवस्था देखिन्छ । मानव अधिकार संरक्षण एवं सम्वर्द्धनको लागि आयोगको एक्लो प्रयासमात्र पर्याप्त हुन सक्दैन तसर्थ सरकारका सम्वन्धीत निकायहरु, मानव अधिकार क्षेत्रमा कार्यगर्ने गरैरसरकारी संघसंस्थाहरु, नागरिक समाज, विभिन्न पेशागत संघसंस्था, बार एसोसिएसन, व्यवसायी, पत्रकार लगायतका संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरिरहेको छ । आगामी दिनहरुमा समेत सबै क्षेत्रबाट निरन्तर सहयोग प्राप्त हुनेछ भन्ने कुरामा यस कार्यालय विश्वस्त रहेको छ ।

अन्त्यमा यस प्रतिवेदनकालागि सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्नुहुने राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालयका सम्पूर्ण कर्मचारीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु । यसैगरी आयोगको कार्यमा हरवखत सहयोग पुर्‍याउनुहुने मानव अधिकारका क्षेत्रमा कार्यगर्ने विभिन्न संघसंस्थाहरु, सरकारी निकाय तथा सुरक्षा निकाय र नागरिक समाज, नेपाल बार एसोसिएसन, नेपाल पत्रकार महासंघ, गैरसकारी संस्था महासंघ, न्यायका लागि द्वन्दपीडित समाज, पत्रकार जगत लगायतका सबै विषेश धन्यवादका पात्र हुनुहुन्छ ।

२०७६, असार २७

सम्झना शर्मा
निर्देशक
राष्ट्रिय मानव अधिकार आयोग
प्रदेश नं ५ कार्यालय, बुटवल


फोन/फ्याक्स नं. ००९७७-०७१-४१०१७६, ४१०१७५ पो.ब.नं. ८३ बुटवल, रुपन्देही
Phone/Fax: +977 071 40176, G.P.O. Box: 83, Butwal Rupandehi

# विषय सूची

## परिच्छेद-१


१. पृष्ठभूमी १
२. प्रतिवेदनको उद्देश्य र सिमा १
३. संगठनात्मक संरचना, कार्यादेश र कार्यक्षेत्र १
४. प्रदेश कार्यालयहरुबाट भएका गतिविधि २
४.१ प्रशासनिक कार्यहरु २
४.२ बजेट तथा खर्च सम्बन्धी विवरण २
४.३ संरक्षण सम्बन्धी कार्यहरु ४
४.३.१ उजुरी र परामर्श ४
४.३.२ अनुसन्धान सम्बन्धी गतिविधि ५
४.३.३ अनुगमन सम्बन्धी गतिविधि ५
४.३.४ आयोगबाट भएका निर्णयहरु १७
४.३.५ मानव अधिकार संरक्षणका आयोगबाट भएको हस्तक्षेप (Major Intervention) १७
४.३.६ समन्वय र सहकार्य १८
४.४ सम्वर्द्धधन सम्बन्धि कार्यहरु १८


## परिच्छेद-२


१. विषयगत ठुला नौ महासन्धिमा आधारित मानव अधिकारको अवस्था २९


## परिच्छेद-३


१. प्रदेश कार्यालयका उपलब्धि, चुनौति र समाधानका सम्भावित उपायहरु ४३
२. प्रदेश र स्थानीय सरकारलाई सुझाव ४५

# परिच्छेद-१

## १. पृष्ठभूमी

मानव अधिकार आयोग ऐन २०५३ द्वारा वि.सं. २०५७ जेठ १३ गते स्थापित राष्ट्रिय मानव अधिकार आयोगले नेपालको अन्तरिम संविधान २०६३ बाट संवैधानिक हैसियत प्राप्त गर्‍यो । उक्त संवैधानिक हैसियतलाई निरन्तरता दिँदै संविधानको भाग २५ धारा २४८ र २४९ मा आयोगको गठन, काम कर्तव्य र अधिकारलाई लिपीवद्ध गरिएको छ । मानव अधिकारको सम्मान, संरक्षण तथा सम्वर्द्धन र यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको मुख्य कर्तव्य रहेको छ । संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आयोगका प्रादेशिक कार्यालयले आफुले सम्पादन गरेका कामकारवाहीको वार्षिक प्रतिवेदन प्रदेशप्रमुख समक्ष पेश गर्नसक्ने संवैधानिक व्यवस्था गरिएको छ । यसका साथै सुचनाको हक सम्बन्धी ऐन मा सार्वजनिक निकायहरुले आफूले सम्पादित कार्यहरु आम जनता समक्ष सरल र सहज तवरले सूचना प्रवाह गर्नुपर्ने दायित्व अन्तरगत आर्थिक वर्ष २०७५/०७६ मा स्वीकृत वार्षिक कार्ययोजनामा रहेको मानव अधिकार अनुगमन, अनुसन्धान एवं विभिन्न सम्वर्द्धनात्मक क्रियाकलापहरु, केन्द्रीय कार्यालयबाट प्राप्त निर्देशन, स्थानीय सरोकारवालाहरुबाट आयोगलाई प्राप्त सूचना, आकस्मीक तथा भैपरी आएका कार्यहरु आदिका आधारमा राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालयबाट सम्पादित कार्यहरुलाई आधार मानी मानव अधिकार सम्बन्धी विभिन्न गतिविधिहरु समावेश गरी यो पुस्तिका तयार गरिएको हो । राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालय, बुटवल अन्तरगतका आयोगबाट तोकिएका जिल्लागत कार्यक्षेत्र रहेका छन । तोकिएका ६ वटा जिल्लाहरु रुपन्देही, कपिलबस्तु, नवलपरासी पश्चिम, अर्घाखाँची, गुल्मी र पाल्पा यस कार्यालयका कार्यक्षेत्र हुन । ती जिल्लाहरुमा गरिएका मानव अधिकार अवस्था अनुगमन, मानव अधिकार उल्लंघनका उजुरी उपर अनुसन्धान, मानव अधिकार सचेतना अभिबृद्धिका लागि संचालन गरिएका तालिम, अन्तर्क्रिया लगायतका गतिविधीहरु यस प्रकाशनमा समावेश गरिएको छ ।

## २. उद्देश्य र सिमा :

राष्ट्रिय मानव अधिकार आयोगलाई संविधानको धारा २९४ द्वारा प्रदत्त संवैधानिक दायित्व बमोजिम आफुले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने भएकोले सोही बमोजिम यस कार्यालयको गतिविधिहरु समेत समेटी आयोगको केन्द्रीय कार्यालयबाट नियमित रुपमा वार्षिक प्रतिवेदन प्रकाशन गर्दै आइरहेको छ । आयोगको केन्द्रीय कार्यालयको मिति २०७६/२/८ को पत्रानुसार आयोगको सचिवस्तरीय बैठकबाट निर्णय भएबमोजिम सबै प्रदेश तथा प्रदेश शाखा कार्यालयहरुले आ.व. २०७५/७६ मा सम्पन्न गरेका सम्पूर्ण कार्यहरु समावेश गरी वार्षिक गतिविधी पुस्तिका, २०७६ अनिवार्यरुपमा तयार गरी प्रकाशन गर्न गराउनुहुन निर्देशन भएकोले सोही बमोजिम यस क्षेत्रको मानव अधिकारको अवस्थाका साथै यस कार्यालयको गतिविधीको बारेमा जानकारी गराउन सकियोस भन्ने प्रयत्नस्वरुप यो पुस्तिका प्रकाशन गरिएको हो ।

यस पुस्तिकामा आ.व. २०७५/७६ मा यस कार्यालयबाट सम्पादित मानव अधिकार संरक्षण, मानव अधिकार संवर्द्धन सम्बन्धी गतिविधीहरुको बारेमा सरोकारवालाहरुलाई जानकारी गराउने उद्देश्य रहेको छ । पुस्तिकामा उल्लेखित विवरणहरु संक्षेपमा भएकाले कतिपय घट्ना र अवस्थाका बारेमा पूर्ण विवरण नसमेटिएको पनि हुन सक्दछ । प्रस्तुत गतिविधि पुस्तिकामा केवल अध्ययन र जानकारीको लागि मात्र भएकोले सरोकारावाला निकायहरुले आफूसँग सम्बन्धीत विषयबस्तुहरुमा आफ्नो निकायमा आवश्यक सुधार र परिवर्तनको लागि भने यो सहायक हुन सक्नेछ ।

## ३. संगठनात्मक संरचना, कार्यादेश र कार्यक्षेत्र

२०६३ जेठ २८ गते सम्पर्क कार्यालयकोरुपमा स्थापना भएको आयोगको यस कार्यालयलाई मिति २०६६ साल पौष २९ गतेबाट उपक्षेत्रीय कार्यालयको रुपमा स्तरोन्नती गरिएको हो र नेपालको संविधान २०७२ को प्रस्तावनाले नेपालाई संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था कामय गरेकोले साथै देश संघीयतामा रुपान्तरण भएकोले आयोगको संरचनापनि संघीय व्यवस्थाबमोजिम निर्माण गर्ने गरी राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा २७ बमोजिम आयोगको मिति २०७५/३/८ को बैठकको निर्णयानुसार संघीय संरचना अनुसार आयोगको संगठन संरचना तथा दरवन्दी स्वीकृतिका लागि नेपाल सरकारलाई सिफारिश गरी पठाईसकिएको सन्दर्भमा आयोगको निर्णयानुसार सम्बन्धीत प्रदेशको नामाकरण भइसकेपछि सोही अनुसार गर्ने गरी यस कार्यालयको साइनबोर्ड र कार्यालयको पत्राचार आयोगको प्रदेश नं ५ कार्यालय बुटवलको नामबाट गर्ने गराउने व्यवस्था मिलाउन निर्णयानुसार सूचित गरिएकोले सोही बमोजिम यस कार्यालयलाई राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालय, बुटवल नामाकरण गरिएको हो ।

नेपालको संविधान २०७२ को धारा २४९ मा आयोगको कार्यादेशबारे उल्लेख गरिएको छ । मानव अधिकारको

सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भन्ने उल्लेख गरिएको छ। आयोगले आफ्नो कार्यसम्पादन गर्दा  वा कर्तव्य पालना गर्दा देहाय बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ।

- कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लागाउने सम्बन्धमा अदालतलाई भएसरहको अधिकार प्रयोग गर्ने,
- मानव अधिकारको गंभिर उल्लंघन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त  गरेमा कुनै व्यक्ति वा निजको  आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी  खानतलासी लिंदा मानव अधिकारको उल्लंघनसँग सम्बन्धीत लिखत, प्रमाण वा सबुत कब्जामा लिने,
- कुनै व्यक्तिको  मानव अधिकार उल्लंघन भइरहेको कुरा जानकारी भई तत्काल कारवाही गर्नुपर्ने आवश्यक दखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाउमा प्रवेश गर्ने र उद्धार गर्ने,
- मानव अधिकारको उल्लंघनबाट पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने,

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालय, बुटवलको कार्यक्षेत्र जिल्लागतरुपमा तोकिएको छ। यस अन्तरगत ६ वटा जिल्लाहरु रुपन्देही, कपिलबस्तु, नवलपरासी पश्चिम, अर्घाखाँची, गुल्मी र पाल्पा रहेका छन्।

### ४.प्रदेश कार्यालयबाट भएका गतिविधीहरु :

#### ४.१. प्रशासनिक कार्यहरु :

यस आ.व.मा कार्यालयमा रहेका जिन्सी सामग्रीहरुको कम्तिमा २ पटक निरीक्षण गरी प्रतिवेदन पेश गरिएको छ। यस कार्यालयमा रहेका जिन्सी सामानहरुको जीन्सी निरीक्षणको लागि टोली गठनगरी मिति २०७५/५/२१ मा जिन्सी निरीक्षण फारम (म.ले.प.फा.नं. ४९) अनुसारको ढाँचामा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी पेश गरिएको छ। आयोगको केन्द्रीय कार्यालयको मिति २०७५/०५/०१ गतेको पत्रबाट निर्देशन भए अनुसार यस कार्यालयमा रहेका पुराना तथा प्रयोगमा ल्याउन नसकिने  खालका जिन्सी सामानहरु लिलाम विक्रि गर्न आर्थिक कार्यविधि नियमावली २०६४ को परिच्छेद ७ को उपनियम ५८ को ३ र ५ अनुसार लिलाम गर्नुपर्ने सामानहरुको मूल्यांकन गरी लिलाम विक्रि गर्नुपर्ने आवश्यकता भएकोले आवश्यक प्रक्रिया पुरागरी नियमानुसार सो सम्बन्धी कार्य सम्पन्न गरिएको छ।

#### ४.२.यस आ.व.को बजेट र खर्चको विवरण

आर्थिक व्यवस्थापनसम्बन्धी कार्य

राष्ट्रिय मानवअधिकार आयोग, प्रदेश नं. ५ कार्यालय, बुटवलले आर्थिक कारोबारको अभिलेख राख्ने, लेखाङ्कनगर्ने र प्रतिवेदनगर्नेकार्यहरुमा सरकारी लेखानीति, लेखाविधि, लेखाकाआधार र सिद्धान्तहरु अवलम्वन गरेको छ। आर्थिक प्रशासन सम्बन्धी कार्यहरुमा कार्यालय प्रमूखले अख्तियारी प्राप्त गरी स्वीकृत कार्यक्रमहरुको अधिनमा रही आर्थिक कारोबार सञ्चालनगर्ने साथै कार्यालयको सम्पूर्ण आर्थिक कारोबारको जिम्मेवारी बहन गरी कार्यालयको आर्थिक, भौतिक तथा जनशक्तिको वास्तविक स्थितिको विवरणतयार गरी प्रत्येक महिना कार्यालयका सूचना पाटीमा सार्वजनिक गरिएको छ। कार्यालयको आर्थिक कारोबार सम्बन्धी सम्पूर्ण काम मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता, पारदर्शिता, मिलान, स्वच्छ प्रस्तुतीकरण, उच्चजिम्मेवारी र उत्तरदायित्व जस्ता लेखाका आधारभूत सिद्धान्तहरुको पालन गरेर गरिएको छ। वैधानिकता, गहनता, सान्दर्भिकता र तुलनीयतालाई समेत मध्यनजर गरि कार्यालयको आर्थिक कारोबार गरिएको छ। समयमै निकासा मागगर्ने, बजेट तर्जुमामा सहयोग गर्ने, निकासा भएका रकमको खर्चको हिसाबकिताब रीतपूर्वक राख्ने, खर्चका फाँटवारी तथा आर्थिक विवरण तयार गरी समयमै सम्बन्धीतनिकायमा पठाउने र लेखापरीक्षण गराउने कार्य आर्थिक प्रशासन शाखाबाट गरिएको छ। यस वर्ष नेपाल सरकारबाट राष्ट्रिय मानवअधिकार आयोगलाई प्राप्त आर्थिक वर्ष २०७४/२०७५ को बजेटबाट प्रदेश नं. ५  कार्यालयको लागि व.शि.नं. २१४०११३ चालूतर्फ रु.८५,९५,०००।००-(पचासी लाख पन्चानब्बे हजार रुपैयाँ) विनियोजन भएकोमा रु. ७०,४२,९५३।५१( सत्तरी लाख बयालिस हजार नौ सय त्रिपन्न रुपैयाँ र एकाउन्न पैंसा) निकासा तथा खर्च भएको छ त्यसै गरी पुँजिगततर्फ रु. १,४०,०००।-( एक लाखचालीस हजार रुपैयाँ) विनियोजन भएकोमा रु.१,३७,३६८।६४ (एक लाख सैतीस हजार तीन सय अर्सठ्ठी रुपैयाँ र चौसठ्ठी पैंसा) निकासा तथा खर्च भएको छ। यस सम्बन्धी सम्पूर्ण विवरण देहाय बमोजिम छ।

**बजेट शीर्षक नं. र नाम : २१४०११३ (चालु)**

| क्र.स. | खर्च शीर्षक | बिनियोजित बजेट | असार मसान्त सम्मको खर्च | खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | तलब | ४,९४६,०००।०० | ३८५१०९४।३० | ७७।८६ |
| २ | महगीभत्ता | २८८,०००।०० | २५८,०००।०० | ८९।५८ |
| ३ | अन्यभत्ता | ९,०००।०० | ९,०००।०० | १००।०० |
| ४ | पोशाक | १२०,०००।०० | १२०,०००।०० | १००।०० |
| ५ | पानी तथा विजुली | १६०,०००।०० | १२७,७३०।३६ | ७९।८३ |
| ६ | संचार महसुल | २०४,०००।०० | १४५,५६१।४४ | ७१।३५ |
| ७ | घर भाडा | १,०२०,०००।०० | १,०२०,०००।०० | १००।०० |
| ८ | इन्धन | १७०,०००।०० | ११९,८७१।०६ | ७०।५१ |
| ९ | संचालन तथा मर्मत | २००,०००।०० | १७०,९७१।६५ | ८५।४९ |
| १० | कार्यालय सम्बन्धी | २०४,०००।०० | २०३,९९२।३६ | ९९।९९ |
| ११ | पुस्तिका तथा सामाग्री | - | - | ०।०० |
| १२ | इन्धन अन्य प्रयोजन | १८,०००।०० | ९,२७४।९८ | ५१।५३ |
| १३ | सेवातथा परामर्श | ३६,०००।०० | - | ०।०० |
| १४ | अन्य सेवाशूल्क | ६०,०००।०० | ६०,०००।०० | १००।०० |
| १५ | कार्यक्रम | ८५०,०००।०० | ६४२,७४१।३६ | ७५।६२ |
| १६ | अन्यकार्यक्रम | १३५,०००।०० | १३३,३६६।०० | ९८।७९ |
| १७ | अनुगमन, मूल्यांकन | - | - | ०।०० |
| १८ | भ्रमण खर्च | १०५,०००।०० | १०१,३५०।०० | ९६।५२ |
| १९ | बिबिध | ७०,०००।०० | ७०,०००।०० | १००।०० |
| | **जम्मा** | ८५९५०००।०० | ७०४२९५३।५१ | ८१।९४ |

**बजेट शीर्षक नं. र नाम : २१४०११४ पूंजीगतखर्च**

| क्र.स. | खर्च शीर्षक | बिनियोजित बजेट | असार मसान्त सम्मको खर्च | खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | फर्निचर तथा फिक्चर्स | ५०,००० | ४९,०००।०० | ९८।०० |
| २ | मेशिनरी औजार | ९०,००० | ८८,३६८।६४ | ९८।१९ |
| | **जम्मा** | १४०,००० | १३७,३६८।६४ | ९८।१२ |

**खर्च संकेत २२५२२, खर्च शीर्षक कार्यक्रम सम्बन्धी सम्पूर्ण विवरण देहाय बमोजिम छ।**

| क्र. सं | LMBIS Code | कार्यक्रम | वार्षिक बजेट रु. | असार सम्मको खर्च रु. | बाँकी बजेट रु. | प्रगतिप्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | 2.15.5.31 | मानव अधिकार उलंघनका घटना उजुरी तथा फाइलहरुको अनुसन्धान | २,७५,००० | १,४५,७९३.५० | १,२९,२०६.५० | ५३.०२% |
| २ | 2.15.5.33 | मानव अधिकार उलंघनका घटनाहरुको आकस्मिक अनुगमन | ७५,००० | ४५,३५६.०० | २९,६४४.०० | ६०.४७% |
| ३ | 2.15.5.35 | आर्थिक सामाजिक सांस्कृतिक अधिकार विषयकमा अनुगमन | १,००,००० | ८५,४७२.०० | १४,५२८.०० | ८५.४७% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | 2.15.5.36 | कारागार हिरासत अनुगमन | १,००,००० | ९६,६६६.०० | ३,३३४.०० | ९६.६७% |
| ५ | 2.15.5.46 | महिला हिंसा बिरुद्ध सम्बन्धी अनुगमन | १,००,००० | ८८,२२८.५० | ११,७७१.५० | ८८.२३% |
| ६ | 2.15.5.49 | जनप्रतिनिधिहरुसँग मानव अधिकार सम्बन्धि अन्तिरक्रिया | १,००,००० | ८७,९६६.५० | १२,०३३.५० | ८७.९७% |
| ७ | 2.15.5.52 | घर घरमा मानवअधिकार शिक्षा कार्यक्रम | १,००,००० | ९३,२५८.८६ | ६,७४१.१४ | ९३.२६% |
| | | जम्मा | ८५०,००० | ६४२,७४१.३६ | २०७,२५८.६४ | ७५.६२% |

खर्च संकेत २२५२९, खर्च शीर्षक अन्यकार्यक्रम सम्बन्धी सम्पूर्ण विवरण देहायबमोजिम छ ।

| क्र.सं | LMBIS Code | कार्यक्रम | वार्षिक बजेट रु. | असार सम्मको खर्च रु. | बाँकी बजेट रु. | प्रगतिप्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | 2.17.3.1 | संन्धिअनूरुप विषयगत मानव अधिकार दिवस मनाउने | ४५,००० | ४४,३८६ | ६१४ | ९८.६४% |
| २ | 2.17.3.2 | आयोगको स्थापनादिवस मनाउने | ४५,००० | ४४,१८० | ८२० | ९८.१८% |
| ३ | 2.17.3.3 | डिसेम्बर १० मनाउने | ४५,००० | ४४,८०० | २०० | ९९.५६% |
| | | जम्मा | १३५,००० | १३३,३६६ | १,६३४ | ९८.७९% |

४.३. **संरक्षण सम्बन्धी कार्यहरु :**

- राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालयको कार्यक्षेत्र अन्तरगतका तोकिएका ६ जिल्लाहरु रुपन्देही, कपिलबस्तु, नवलपरासी पश्चिम, गुल्मी, अर्घाखाँची र पाल्पामा घटेका मानव अधिकार उल्लंघनका घट्नाहरुको आयोगमा प्राप्त उजुरीउपर अनुसन्धान गरी कारवाही प्रक्रिया अघि वढाउने,
- मानव अधिकारसँग सम्बन्धीत विभिन्न घट्नाहरु र समग्र मानव अधिकार अवस्थाको बारेमा अनुगमन गर्ने, कारागार तथा थुनुवा केन्द्रहरुको अनुगमन गर्ने कैदी बन्दीहरुको मानव अधिकार अवस्था तथा उक्त स्थलहरुको भौतिक पूर्वाधार लगायतको अवस्थाको बारेमा अनुगमन गर्ने,
- मानव अधिकार सूचकांकका आधारमा आर्थिक, सामाजिक, साँस्कृतिक, अधिकारसँग सम्बन्धीत खाद्यान्न, स्वास्थ्य उपचार, बसोबास, शिक्षा आदिको अनुगमन गर्ने,
- महिला, आदिवासी जनजाती, दलित, अपाङ्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक समुदाय बाल अधिकारका सवालहरु साथै पछाडि पारिएका वर्ग समुदायहरुको हक अधिकारको अवस्थाको बारेमा अनुगमन गर्ने,
- नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धीत विभिन्न आन्दोलन, यातना, गैर न्यायिक हत्या, गैरकानुनी थुना, भएको भनिएका घट्नाहरुको अनुगमन तथा अनुसन्धान गर्ने,
- मानव अधिकार उल्लंघनको घट्नाको न्यूनिकरण, पीडितको न्यायप्राप्तीलाई सहजीकरण र दोषीउपर कारवाही हुने अवस्था सिर्जना होस भन्ने अभिप्रायले मानव अधिकार शिक्षाको प्रचारप्रसार गरी मानव अधिकार सचेतना अभिबृद्धि साथै समाजमा मानव अधिकार संस्कृति निर्माणको लागि समय समयमा विभिन्न जिल्ला तथा स्थानहरुमा अन्तरर्क्रिया, गोष्ठि आदि समेत संचालन गर्ने,

**४.३.१.उजुरी र परामर्श :**

यस बर्ष बुटवल कार्यालयमा पीडितले मानव अधिकार उल्लंघन भएको भनी ९ उजुरी दर्ता भएका छन् । जसमा आयोगको पुर्नसंरचना सँगसँगै विगतमा यस कार्यालयको कार्यक्षेत्र भित्र रहेका र हाल गण्डकी प्रदेश र प्रदेश नं ३ को कार्यक्षेत्र अन्तरगत पर्ने जिल्लाहरु क्रमश : नवलपरासी पूर्व र चितवन जिल्लाका यस कार्यालयमा दर्ता भएका उजुरीहरु सम्बन्धीत कार्यक्षेत्र भएका आयोगका कार्यालयहरुमा पठाइएको छ । आयोगको गण्डकी प्रदेश कार्यालयमा २४ वटा र प्रदेश नं ३ कार्यालय, सानेपामा ३७ वटा उजुरीहरु पठाइएको छ । यस कार्यालयमा यस आ.व. मा दर्ता भएका उजुरीहरु र कार्यालयमा मौजूदा पुराना उजुरीहरुको जम्मा संख्या ३४३ रहेको छ । आयोगमा यस वर्ष परेका जम्मा ९ वटा उजुरीहरु मध्ये न्यायमा पहुँच, पेशा, व्यवसायको अधिकार, यातना, गैरकानुनी थुना, महिला हिंसा, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार लगायतका घट्नाका उजुरीहरु रहेका छन् ।

**आ.व. २०७५।०७६ मा उजुरी दर्ता**

| महिना | नागरिक तथा राजनीतिक अधिकार | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार | महिला अधिकार | बाल अधिकार | छुवाछुत तथा भेदभाव विरुद्धको अधिकार | यातना विरुद्धको अधिकार | अपांगता विरुद्धको अधिकार | आप्रवासी कामदार सम्वन्धि अधिकार | बलपूर्वक वेपता | सामुहिक अधिकार |
|---|---|---|---|---|---|---|---|---|---|---|
| श्रावण | २ | | | | | | | | | |
| भाद्र | १ | | | | | | | | | |
| असोज | | | | | | | | | | |
| कार्तिक | | | | | | | | | | |
| मंसिर | | | | | | | | | | |
| पौष | | | | १ | | | | | | |
| माघ | | | | | | | | | | |
| फाल्गुन | | | | | | | | | | |
| चैत्र | | | | | | | | | | |
| बैशाख | १ | १ | | | | १ | | | | |
| जेठ | | | १ | | | | | | | |
| असाढ | | १ | | | | | | | | |
| जम्मा | ४ | २ | १ | १ | | १ | | | | |

यस कार्यालयमा दर्ता भएका उजुरीउपर अनुसन्धान एवं अनुगमन गरी आवश्यक निर्णयार्थ आयोगको केन्द्रीय कार्यालयमा पेश गरिंदै आएको छ साथै मानव अधिकारको सम्मान तथा सम्वर्द्धनको लागि सम्बन्धीत निकायमा जानकारी, ध्यानाकर्षण तथा सुझावहरु पेश गर्ने समेत गरिएको छ । यसका अतिरिक्त आयोगमा दर्ता भएका उजुरीको अवस्थाबारेमा जानकारी लिन आएका पीडित र पीडित परिवारका सदस्यहरु, साथै अन्य निकायहरुबाट प्रारभिक कारवाहीको लागि हेरिनुपर्ने किसिमका घट्नाहरु लिएर आएका ६५ जनालाई कानुनी परामर्श (आवश्यकताअनुसार निशुल्क कानुननी सहायता, राहत तथा पुर्नस्थापनाका) लागि सम्बन्धीत निकायसँग पहल समेत गरिंदै आएको छ । यस कार्यालयले चालु आ.व.मा १८ वटा उजुरी फाइलको अनुसन्धान सम्पन्न गरेको छ ।

### ४.३.२. यस कार्यालयबाट आ.व. २०७५/०७६ मा सम्पन्न गरिएका अनुसन्धान विवरण

| क्र. सं. | जिल्ला | मिति | अनुसन्धान भएको फाइल संख्या | विषय |
|---|---|---|---|---|
| १ | नवलपरासी | २०७५/७/१५ देखि मिति २०७५/७/२० | ४ | न्याय प्रशासन |
| २ | कपिलवस्तु, रुपन्देही नवलपरासी | मिति २०७५/९/२२ देखि मिति २०७५/९/२८ सम्म | ४ | न्याय प्रशासन र सम्पति कब्जा |
| ३ | नवलपरासी,कपिलवस्तु | २०७५/११/१४ देखि २०७५/११/२० सम्म | ४ | न्याय प्रशासन र सम्पति कब्जा |
| ४ | नवलपरासी कपिलवस्तु | २०७५।२।७देखी ११सम्म | ६ | न्याय प्रशासन र सम्पति कब्जा |
| | | जम्मा | १८ | |

### ४.३.३. अनुगमन सम्बन्धी गतिविधीहरु

आयोगको स्वीकृत वार्षिक कार्ययोजनामा तोकिएका अनुगमन सम्बन्धी गतिविधीलाई मानव अधिकार सम्बन्धी विषयगत अनुगमन र आकस्मीक अनुगमन गरी दुई भागमा विभाजन गरी प्रस्तुत गरिएको छ । विषयगत अनुगमन अन्तरगत कारागार तथा हिरासत अनुगमन, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार अनुगमन, महिला हिंसा विरुद्ध अनुगमन, रहेका छन् भने विभिन्न समयमा भएका मानव अधिकार हनन् हुन सक्ने अवस्था, बन्द हड्ताल लगायतका आकस्मीकरुपमा आइपर्ने अवस्थाहरुको अनुगमन गरिएको थियो ।

यस कार्यालयका कार्यक्षेत्र अन्तरगतका सबै जिल्लाहरुमा मानव अधिकार अवस्था एवं आकस्मीक अनुगमन,

उजुरीउपर अनुसन्धान तथा सम्वर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्ने गरी कुनै न कुनै तवरले आयोगले सरोकारवालाहरुमाझ आफ्नो उपस्थिति देखाउँदै आएको छ।

**४.३.३ १. कारागार तथा हिरासत अनुगमन :**

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालय बुटवलले प्रादेशिक क्षेत्राधिकार भित्र रहेका सबै जिल्लाहरुमा (पाल्पा, गुल्मी, अर्घाखाँची, नवलपरासी, रुपन्देही र कपिलबस्तु) जिल्लाहरुमा रहेको कारागार तथा हिरासत कक्षहरुको विभिन्न समयमा अनुगमन गरेको छ। अनुगमनमा खटिएको टोलीले कारागार र हिरासत कक्षहरुको भौतिक अवस्थाको अवलोकन, कैदी बन्दी तथा थुनुवाहरुसँग भेटघाट र छलफल, प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी प्रमुखसँग छलफल, कारागार प्रशासनसँग कुराकानी तथा जानकारी माग गरी प्रतिवेदन तयार गरेको छ। अनुगमनका क्रममा अधिकांश कारागारमा क्षमताभन्दा वढी कैदी बन्दीहरु राखिएको पाईएकाले तत्काल उचित वैकल्पिक व्यवस्था गर्न भनी सरोकारवालासंग छलफल गरिएको थियो।

प्रचलित कारागार ऐन तथा नियमावलीमा अनुसन्धानमा रहेका, अभियोग प्रमाणित भएका समेत व्यक्तिहरूलाई कारागारमा यथाशक्य छुट्टाछुट्टै रुपमा राख्नु पर्ने व्यवस्था गरेपनि कारागारको बनौट सो बमोजिम नभएको हुँदा नयाँ भवन निर्माण गर्दा सो अनुसार गर्न, कैदीवन्दीहरुलाई हाल उपलव्ध गराईएको दैनिक ६० रुपैया भत्ताले हालको महंगाईको कारण विहान बेलुका खानाको लागि समस्या रहेकोले कैदी वन्दीहरुले पाउने दैनिक भत्तामा वृद्धी गर्न, कैदीवन्दीहरुको लागि सिपमुलक र आय आर्जन मुलक तालिमको थप व्यवस्था गर्न र पर्याप्त पानीको व्यवस्था गरी सरसफाई तथा पीउने पानी व्यवस्थापन गर्न, कारागारमा क्षमताअनुसार मात्र कैदी तथा थुनुवाहरूलाई राख्न नेपाल सरकारलाई लेखी पठाउनु पर्ने सुझावहरु रहेको छ। आयोगबाट विभिन्न जिल्लामा गरिएका कारागार तथा हिरासत कक्षहरुको अनुगमन देहायबमोजिम रहेको छ।

**(क) पाल्पा जिल्लामा कारागार तथा हिरासत अनुगमन**

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. ५ कार्यलय बुटवलले पाल्पा जिल्लाको कारागार प्रशासन र व्यवस्थापन, ती निकायहरुको अभिलेख प्रणाली, सुरक्षा व्यवस्था, कैदी, बन्दी, थुनुवाहरुको मानव अधिकारको अवस्था, कारागार एवम् हिरासत कक्षहरुको भौतिक अवस्था लगायतको विषयमा अनुगमन, अन्तरक्रिया र निरीक्षण गरेको छ । सो अनुगमन मिति २०७५ चैत्र २० देखी २३ सम्म राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. ५ कार्यलय बुटवलका निर्देशक सम्झना शर्मा र मानव अधिकार अधिकृत सेली गौतमले गर्नुभएको थियो।

टोलीले पाल्पा जिल्लाको कारागार स्थलगत अनुगमन तथा तथ्यांक संकलन, पाल्पा जिल्लाको कारागार प्रमुख (जेलर), नाईके, सहनाईके, मूलनाईके, चौकीदार सँग छलफल, कारागार भित्र रहेका कैदी बन्दीहरुसँग अन्तरक्रिया गरी सामूहिक रुपमा जानकारी लिने कार्य मार्फत तथ्य संकलन गर्ने कार्य गरेको थियो। जिल्ला प्रहरी कार्यालयसंग छलफल तथा हिरासत कक्षको अवस्थाको अनुगमन गरेको थियो। साथै जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी तथा कर्मचारी संग कारागार अनुगमनबाट टोलीले प्राप्त गरेका सूचनाहरुको बारे छलफल गरेको थियो।

यस किसिमका अनुगमनहरुबाट कारागारमा रहेका कैदीबन्दीहरुको हक अधिकार प्राप्ती र उनीहरुको मानव अधिकार संरक्षण तथा सम्बर्द्धनमा सघाउ पुऱ्याउने र कारागार तथा हिरासत कक्षहरुको व्यवस्थापनमा सरकारको ध्यानाकर्षण गर्न सघाउ पुग्ने आयोगको अपेक्षा रहेको छ।

**(ख) अर्घाखाँची र गुल्मी जिल्लाका कारागार तथा हिरासत अनुगमन**

राष्ट्रिय मानव अधिकार आयोगबाट मिति २०७५ साल चैत्र १४ देखि १८ गते सम्म अर्घाखाँची जिल्लामा कारागार तथा हिरासतकक्ष र कैदीबन्दीहरुको मानव अधिकारको अवस्था अनुगमनको लागि उप-निर्देशक पवन कुमार भट्ट र मानव अधिकार अधिकृत इन्द्रजीत सहनी सम्मीलित टोली खटाइएको थियो। टोलीले कारागार कार्यालयका जेलर, सुरक्षा निकायका प्रमुख, थुनुवा तथा कैदीबन्दीहरुसँग व्यक्तिगत तथा सामुहिक छलफल एवं सोधपुछ गरेको थियो। साथै चैत्र १५ गते सरोकारावालाहरुका विचमा कारागार तथा हिरासत गृहमा रहेका कैन्दीवन्दी र थुनुवाहरुको मानव अधिकारको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो। टोलीले अनुगमनका क्रममा अर्धाखाँची जिल्ला कारागार कार्यालयमा कैदी बन्दीले कानुन बमोजिम पाउनु पर्ने सुबिधाहरु पाई रहेको, कैदी बन्दी तथा कारागार प्रशासन र सुरक्षा निकायका बिचमा समन्वय सहकार्य र सहयोगी भावना रहेको पाईयो। कारागार भित्र रहेको खालि जमिनमा काउली बन्दा, सिमि, हरियो साग

तथा धनियाले कारागार परिसरनै तरकारी बारी जस्तै देखिएको थियो । कैदी बन्दी जेल प्रशासन तथा सुरक्षा निकायको बिचको बाताबरण घर परिवारको जस्तै रहेको भन्ने भनाई कैदी बन्दीको रहेको पाईयो । सिलाई तथा बासको मुडा बनाउने काम अधिकास कैदी बन्दीले गरिरहेको पाईयो । खेल सामग्री, पत्रपत्रीका, आषधोउपचार, भेटघाट तथा कानुनी सल्लाह जस्ता कुरामा कुनै रोकतोक नरहेको भन्ने कैदी बन्दीको भनाई रहेको पाईयो ।

टोलीले मिति २०७५।१२।१६गते जिल्ला कारागार कार्यालय गुल्मीमा अनुगमन गरेको थियो । अनुगमनको क्रममा कैदी बन्दीले कानुन बमोजिम पाउनु पर्ने सुबिधाहरु पाई रहेको, कैदी बन्दी तथा कारागार प्रशासन र सुरक्षा निकायका बिचमा समन्वय सहकार्य र सहयोगी भावना रहेको पाईयो । कारागार भित्र कैदीहरुले विभिन्न सिपहरु सिकी आफना ब्यवसाय सञ्चालन गरी महिनाको १५००० सम्म आम्दानी गरिरहेको पाइयो । कारागार भित्रका पुरुष कैदीहरुले मुढा , पाल्पाली सल, नाङ्लो आदि बनाउादै गरेको पाइयो भन्ने महिला कैदीहरुले स्वीटरबुन्ने तथा सिलाइकटाई तालिम लिइ काम गरीरहेको पाइयो । कारागारमा छुट्टै कोठामा पुस्तकालय राखेको थिएन । कैदीहरु वीचको ब्यवहार सुमधुर, आपसि समन्वयमा काम गरिरहेको पाइएको थियो ।

**(ग) कपिलवस्तु र रुपन्देही जिल्लाका कारागार तथा हिरासत अनुगमन**

कपिलवस्तु र रुपन्देही जिल्लाका कारागार तथा हिसारत अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोग, प्रदेश नं. ५ का मानव अधिकार अधिकृत दीपक ठाकुर र जनसम्पर्क सहायक बिमला कुमारी नेपाली सम्लित अनुगमन टोली मिति २०७६ साल जेष्ठ १६ देखि २० गते सम्म खटि गएको थियो । दुबै जिल्लामा गरिएको कारागार तथा हिरासत अनुगमनबाट टोलीले निम्नानुसारको तथ्य प्राप्त गरेको थियो ।

जिल्ला कारागार कार्यालय कपिलवस्तुमा असइको नेतृत्वमा १२ जना सुरक्षा कर्मीको निगरानीमा सुरक्षा ब्यवस्स्था मिलाइएको पाइयो । एक जना अधिकृत १, नासु, १, खरिदार १,सहलेखापाल १, सहायक कम्प्यूटर अपरेटर १ र ४ जना कार्यालय सहयोगी को दरबन्दी रहेकोमा कार्यालय सहयोगी बाहेक सबै काजमा रहेको, अधिकृतको स्थानमा जिल्ला प्रशासन कार्यालयका नासुले कार्य संचालन गदै आएको पाईयो । जिल्ला कारागार कपिलबस्तुमा जम्मा ३५५ जना कैदी बन्दी रहेकोमा ति मध्ये १ जना महिला कैदीबन्दी रहेको पाईयो । कारागारको क्षमता भने १८० जनाको रहेको जानकारी पाइयो । कैदी बन्दीहरुलाई नयाँ र पुरानो कारागार गरी दुई वटा ब्लकमा राखेको पाइयो । कारागारको भौतिक संरचनाको हकमा महिला र पुरुषहरुको छुट्टाछुट्टै रहने ब्यवस्था भएको, कोठाहरु उज्यालो, पानीको प्रयाप्त ब्यवस्था भएको भएता पनि कारागारको दक्षिण तर्फ रहेको ढलको ब्यवस्थापन सुब्यवस्थित रुपमा गरेको पाइएन । ईलाका प्रहरी कार्यालय चन्द्रौटा हिरासत कक्ष तथा ईलाका प्रहरी कार्यालय कृष्णनगर हिरासत कक्ष अनुगमन गर्दाको दिन विभिन्न मुद्दामा क्रमशः ५ जना थुनुवामा तथा एक जना महिला सहित ६ जना थुनुवामा रहेको पाइयो । थुनुवा कक्ष भित्र शौचालयको व्यवस्था भएको । थुनुवाहरुलाई हिरासतमा राख्नु पूर्व थुनुवाहरुको स्वास्थ्य परिक्षण गरी थुनुवा पूर्जि सहितको प्रक्रिया अवलम्वन गरेको । थुनुवाहरुलाई मुद्दा हेर्ने अधिकारीको आदेशले म्याद थप गरी थुनामा राखेको पाइएको । थुनुवाहरुलाई कानून व्यावसायी संग भेट गर्न दिएको र उनीहरुलाई यातना जन्य कार्य नगरेको भनी थुनुवाहरुबाट जानकारी प्राप्त भएको थियो ।

रुपन्देही जिल्ला कारागार अनुगमन गर्दा कारागारमा ४१७ जना कैदीबन्दी रहेकोमा महिला कैदी बन्दी रहेको पाइएन । जम्मा कैदी बन्दीहरु मध्ये स्वदेशी : १०९, विदेशी : ९, थुनुवा : २९९, कैदी : ११ जना रहेको पाइयो । कारागारको कर्मचारीहरुको हकमा शाखा अधिकृत १, ना.सु.१, खरिदार १, सहलेखापाल १ जना, सहायक कम्प्यूटर अपरेटर १, अ.हे.व.१, कार्यालय सहयोगी ४ जना रहेको मा अधिकांस काजमा रहेको पाईयो । जिल्ला कारागार रुपन्देहीको भौतिक संरचना हेर्दा भवन पुरानो रहेको र १५० जना कैदीबन्दी राख्न मिल्ने क्षमता भएको पाइयो । महिला र पुरुष कैदीबन्दीहरुलाई छुट्टाछुट्टै ब्लकमा राख्ने ब्यवस्था रहेको यस कारागारमा जम्मा हाल उक्त भवनमा ४१७ जना कैदीवन्दीहरु रहेको पाइयो । कारागारको ढल निकास तथा पानीको समस्या रहेको पाइयो । ढल खुलारुपमा यत्रतत्र बगेको हुँदा सरुवा रोगले कैदी बन्दी लगायत वरिपरिका बाससिन्दाहरुलाई समेत लाग्ने सम्भावना उतिकै देखिन्छ । खुला अब्यवथित ढलका कारण वातावरण दुर्गन्धित समेत बनेको देखिन्छ ।

स्वास्थ्य उपचारको व्यवस्था हेर्दा एक जना करारमा एच.ए.को दरवन्दीमा कार्यरत रहेको पाइयो । कैदीबन्दीहरुको अभियोग अनुसार छुट्टा छुट्टै राख्ने ब्यवस्था तर्फ सोच्न नितान्त आवश्यक छ । कैदीबन्दीहरुको अध्ययन, पुस्तकालय, मनोरञ्जन तथा खेलकुदका कुरा गर्दा कारागार भित्र रहेको पुस्तकालय ब्यवस्थित गरिनु पर्ने, टिभी कोठा पिच्छे कैदीबन्दीहरुले आफ्नै सहयोगबाट खरिद गरी प्रयोगमा ल्याएको पाइयो भने कैदी बन्दीहरुको सिपमुलक तालिमको लागि मुढा बुन्ने शिप

प्रमुख रहेको पाइयो । ईलाका प्रहरी कार्यालय लुम्बिनी हिरासत कक्ष अनुगमन गर्ने क्रममा विभिन्न मुद्दामा ३ जना थुनुवामा रहेको । थुनुवाहरुलाई हिरासतमा राख्नु पूर्व थुनुवाहरुको स्वास्थ्य परिक्षण गरी थुनुवा पूर्जि सहितको प्रक्रिया अवलम्वन गरेको । थुनुवाहरुलाई मुद्दा हेर्ने अधिकारीको आदेशले म्याद थप गरी थुनामा राखेको पाइएको ।

### (घ) नवलपरासी जिल्लामा कारागार तथा हिरासत अनुगमन

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालय बुटवलबाट मिति २०७६ साल जेठ १२ गते निर्देशक सम्झना शर्मा उपनिर्देशक पवनकुमार भट्ट र लेखा तथा प्रशासन अधिकृत नारायण बस्नेत सम्मीलित टोलीले नवलपरासी जिल्लामा कारागार कार्यालयमा रहेका कैदी बन्दीहरुको मानव अधिकारको अवस्था अनुगमन गरेको थियो । टोलीले प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, कारागार कार्यालयका जेलर, थुनुवा तथा कैदीबन्दीहरुसँग व्यक्तिगत तथा सामुहिक छलफल एवं सोधपुछ गरेर मानव अधिकारको अवस्था, खानपान, बसाई, सरसफाई, पानी बत्तीको अवस्थाको बारेमा जानकारी लिएको थियो । ऐ १२ गते टोलीले कैन्दी वन्दी र थुनुवाहरुको मानव अधिकारको अवस्थाका बारेमा कैदी बन्दीका बिचमा मानव अधिकारको अवस्था विषयमा कारागारभित्रै अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न गरेको थियो ।

नवलपरासी जिल्ला कारागार कार्यालय २०७२ सालमा निर्माण गरेको र करिब साडे दुई बिघा क्षेत्रफलमा बनेको पुरुष तर्फ १५० जना र महिला तर्फ २५ जनाको क्षमता रहेको कारागारमा हाल पुरष तर्फ ३०४ र महिला तर्फ ५९ जना र ३ जना नाबालाक समेत रहेको पाईयो । अन्य कारागारको तुलनामा उक्त कारागार निक्कै ब्यवस्थित, उज्यालो, खुल्ला, सफा, ब्यवस्थित, खेल मैदान तथा पुस्तकालय र कैदी बन्दी भेलाहुने ठाउँ समेत रहेको पाईयो । कारागार कार्यालय नवलपरासीमा कैदी बन्दीले कानुन बमोजिम पाउनु पर्ने सुबिधाहरु पाई रहेको, कैदी बन्दी तथा कारागार प्रशासन र सुरक्षा निकायका बिचमा समन्वय सहकार्य र सहयोगी भावना रहेको भन्ने भनाई कैदी बन्दीको रहेको पाईयो । सिलाई तथा बासको मुडा बनाउने काम अधिकांस कैदी बन्दीले गरिरहेको पाईयो । खेल सामग्री, आषधोउपचार, भेटघाट तथा कानुनी सल्लाह जस्ता कुरामा कुनै रोकतोकक नरहेको भएपनि पत्र पत्रिकाहरु नआउने र पानीको अभाव रहेको भन्ने कैदी बन्दीको भनाई रहेको पाईयो । माथि उल्लिखित तथ्यहरूको आधारमा नवलपरासी जिल्लाकारागारको क्षमता १५० जनाको भएपनि ३०४ जना पुरुष कैदीवन्दीहरुलाई राखिएको छ । २५ जनाको क्षमता भएको महिलाको कारागार भवनमा ५९ जना महिला कैदीवन्दीहरु राखिएको छ । जिल्ला कारागार नवलपरासीमा कैद ठेकिएका वन्दीहरु र पुर्पक्षका लागि थुनामा रहेका वन्दी तथा जघन्य किसिमका अपराधका कैदीवन्दीहरु र सामान्य अपराधका कैदवन्दीहरुका लागि अलग अलग वस्ने व्यवस्था नहुँदा यसले कैदीवन्दीहरुलाई सुधार गरी समाजमा पुनर्स्थापित गर्ने मनसायलाई कार्यान्वयन गर्न असहज हुने देखिन्छ । साथै कडा रोग लागेका कैदी वन्दीहरु, कुष्ठ रोगी तथा मानसिक समस्याका र स्वस्थ कैदी वन्दीहरुलाई संगै राख्दा कैदी वन्दीहरुको स्वास्थ्यको अधिकारको सम्मान गरेको भन्न सकिने अवस्था छैन ।

प्रचलित कारागार ऐन नियमावली तथा आयोगको मार्ग-निर्देशिकाले अनुसन्धानमा रहेका, अभियोग प्रमाणित भएका, रोगी, महिला तथा बालबालिकालाई कारागारमा राख्दा छुट्टाछुट्टै रुपमा राख्नु पर्ने व्यवस्था भएपनि सो कारागारमा स्थान अभावले अन्य प्रकृतिका बन्दीहरूलाई छुट्टाछुट्टै राखेको पाइएन । रजिष्टरमा थुनामा रहेका बन्दी तथा थुनुवाहरूलाई लागेको आरोप एवं भएको फैसला वा आदेशलाई अभिलेख गरेको पाइयो । थुनामा राख्न पठाउने निकायको नाम पनि उल्लेख गरेको पाइयो । नेपाल सरकारले अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप थुनामा रहेका व्यक्तिहरूका लागि परिचय पत्रको व्यवस्था गर्नु पर्नेमा त्यसको व्यवस्था भएको पाइएन । कारागारमा समय सापेक्ष र कैदी बन्दीको संख्या अनुसारको तालिम तथा सीपमुलक कार्यक्रममा संचालन गरेको पाइएन तर आफ्नै सिप भएका पुरुष कैदी वन्दीहरुले मुढा बनाउने र सिलाइ कटाइ गर्ने गरेको पाइयो । कारागार भित्र कैदी वन्दीले उत्पादन गरेका सामानहरु किन्न मानिसहरु कारागारमै आउने गरेको र केही सामानहरु विक्रि गर्न कारागार प्रशासनले नै सहयोग गर्ने गरेको भन्ने भनाई कैदी बन्दीको रहेको पाइयो ।

### (ङ) कपिलवस्तु जिल्लामा महिला हिंसाको अवस्था अनुगमन

कपिलबस्तु जिल्लामा महिला हिंसाको अवस्थाका सम्वन्धमा गरिएको स्थलगत अनुगमन, न्यायिक समितिका संयोजकको भनाई, मेलमिलापकर्ता तथा पीडित र नागरिक समाजको भनाईको आधारमा कपिलवस्तु जिल्लामा महिला अधिकारको अवस्था सन्तोष जनक रहेको पाईएन । यस जिल्लामा महिलाहरुले स्वतन्त्र र भयरहित बाताबरणमा बाँच्न पाउने अधिकारको उपभोग गर्न नपाएको, बालविवाह, दाईजो, बहुबिबाह, बोक्सीको आरोप, मानब बेचबिखन, पारिवारिक झगडा, घर परिवार गाउ समाजका ब्यक्तिको ब्यवहार, सामाजिक मुल्य र मान्यता, धर्म संस्कार, बैदेसिक रोजगारी, कुटपिट जस्ता कारणबाट महिलाहरु पीडित भएको पाईयो ।

कपिलवस्तु जिल्लामा आयोगले ३ देखि ९ गते सम्म फागुन महिनामा गरेको अनुगमनबाट कपिलवस्तु जिल्लामा महिला अधिकारको अवस्था सन्तोष जनक नरहेको, महिलामाथि बिभिन्न प्रकारका हिंसात्मक कार्यहरु भईरहेको पाईयो । यस जिल्लाका ६ वटा नगरपालिका तथा ४ वटा गाउपालिकामा २८६३३७ महिलाको जनसंख्या रहेको छ । महिलाको बाँच्न पाउने अधिकार सुरक्षित नहुँदा यस जिल्लाका महिला हत्या, बलात्कार, कुटपीट, लुटपाट, मानब बेचबिखन तथा अपहरणको सिकार भईरहेका छन् । गएको बर्ष राष्ट्रिय मानव अधिकार आयोगले जिल्लागतरुपमा मानव अधिकारका पाँच प्रमुख प्राथमिकताका विषयमा अध्ययन गरेको थियो । सो अध्ययन प्रतिवेदन-२०७५ अनुसार कपिलवस्तु जिल्लामा मानव अधिकारका पाँच प्राथमिक चुनौतीहरुमध्ये सरोकारवालाले घरेलु हिंसालाई पहिलो प्राथमिकतामा राखिएको व्यहोराबाट समेत यस जिल्लामा हिंसाका घटना हुने गरेको तथ्य प्रष्ट हुन्छ । यस जिल्लामा महिलालाई हेर्ने दृष्टिकोणमा साकारात्मक परिवर्तन हुन नसकेको पाईयो । घर परिवार समाजमा छोरी जन्मेका कारण आमालाई यातना दिने कार्य भई रहेको भन्ने पीडितको भनाई रहेको पाईयो । यस जिल्लामा दुदे बालक देखि ज्येष्ठ नागरिक सम्मका महिला घरेलु हिंसाबाट पीडित छन । संघ सस्था, नेपाल सरकारले महिला अधिकारका लागि काम गर्दै आए पनि महिला र बालिका लक्षित यौन हिंसा, मानव बेचबिखनका घटनामा कमि आउन सकेको छैन । महिला माथि हुने हिंसा, दुर्व्यवहार, हत्या, बलात्कार जस्ता घटना दिनहुँ जस्तो घर, परिवार, गाउँ, समाजमा भईरहने गरेको पाईयो । महिला माथि गालीग्लौज, दुर्व्यहार कटपिट, यातना, मानव बेचबिखन, वेश्यावृतिमा जर्बजस्ती करणी, वैवाहिक बलात्कार, सुत्केरी हुँदा खान नदिने, घरबाट निकाल्ने तथा हत्या, बोक्सीको आरोपमा यातना, दुःख दिने, गाउँ निकाला र बहिष्कार गर्ने जस्ता कुरा कपिलवस्तु जिल्लाका महिला माथि भईरहेको पाईयो । यस जिल्लामा महिलाको विकासको अवरोध महिलाउपर हुने दमन र हिंसा पनि हो जो परिवारका सदस्यले गर्ने गरेको हुन्छ । कपिलवस्तु जिल्लामा महिलाले परिवारभित्र नै अपमानजनक व्यवहार सहनुपरेको र पुरुष परिवारको मूली हुने र महिलाप्रती दोस्रो दर्जाको नागरिकको व्यवहारपनि हुनेगरेको पाईयो । कपिलवस्तुको सर्न्दभमा हरेक समुदाय, समाज, संस्कृति, धर्मका महिलामाथि हिंसा भएको पाईयो । घरेलु हिंसा, बलात्कार जस्ता गंभिर मानव अधिकार उल्लंघनका घटनामा अपराधीले सजिलै उन्मुक्ति पाएको अवस्था भएको हुँदा दण्डहिनतालाई थप प्रश्रय दिएको पाईयो । महिला माथि हुने हिंसामा अपराधीलाई कुनै पनि अवस्थामा उन्मुक्ति नदिई कानुनको दायरामा ल्याउनु अति आवश्यक भएको पाईयो । कपिलबस्तु जिल्लामा पनि महिलाहिंसाका घटना भएपनि सम्वन्धीत निकाय समक्ष नपुग्ने र यदाकदा पुगी हालेपनि जिल्ला प्रहरी कार्यालयले पनि मिलापत्र गरेर टुंग्याउने गरेको पाईयो । महिला हिंसाका घटनामा उजुरी परिवारका बिरुद्ध गर्नु पर्ने र पुन सोही घरमा आएर बस्नु पर्ने हुँदा महिला झन् पीडित बन्दै आएका छन् । यो जिल्लाको सिमाना भारतसंग जोडिएको हुदा अपराधीहरु घटना घटाएर भारत तर्फ जाने हुँदा पनि प्रहरीलाई अनुसन्धानमा कठिनाई छ । महिला हिंसाको घटनामा उजुरी दर्ता गराए पश्चात घर परिवार तथा आफन्तबाट नै उजुरी फिर्ता लिन वा मिलापत्र गराउन दबाब आउँछ भन्ने भनाई अर्न्तक्रिया कार्यक्रमका सहभागिको रहेको पाईयो ।

**(च) रुपन्देही जिल्लामा महिला हिंसाको अवस्थाको अनुगमन**

राष्ट्रिय मानव अधिकार आयोगबाट रुपन्देही जिल्लामा महिला हिंसाको अवस्था अनुगमनको लागि उपनिर्देशक पवनकुमार भट्ट र  मानव अधिकार अधिकृत दीपक ठाकुरको टोली खटी गएको थियो । अनुगमनको क्रममा टोलीले महिला अधिकारको क्षेत्रमा कार्यगर्ने विभिन्न गैरसरकारी संघसंस्था, सरकारी निकाय, सुरक्षा निकायहरुसँग भेटघाट तथा छलफल गरी सूचना संकलन गरेको थियो  । माइति नेपालबाट प्राप्त विवरणहरुबाट आर्थिक अवस्था कमजोर भएका महिलाहरुमा महिला हिंसा बढी हुने गरेको, हिंसामा परेका महिलाहरु आर्थिक उपार्जन तथा दुःख बिसाउनका लागि ९० प्रतिशत महिलाहरु बैदेशिक रोजगारीका लागि विदेश जाने गरेको र यसरी बिदेश जाने महिलाहरु मध्येबाट करिब १० प्रतिशत मात्रले स्वदेश फिर्ता आउने गरेको तथ्य रहेको देखिन्छ । हिंसामा पर्नेहरुमा प्राय : पारिवारिक विमेल भएका महिला, धनी वर्गको केटा केटीहरु र आर्थिक अवस्था कमजोर भएका समुदायहरु रहेका छन् । महिलाहरुको आर्थिक सामाजिक तथा शैक्षिक अवस्थाको विकास दरिलो भइनसकेको कारण परनिर्भर रहनु परेको अवस्था विद्यमान छ । महिलाहरु आफन्तीको सहारा बिना जीवन धान्नै सक्ने अवस्था छैन । यसैकारणले गर्दा महिलाहरु आफन्ती बिरुद्ध महिला हिंसा सम्बन्धी उजुरी दिदैनन र कानूनी प्रक्रियाकालागि अधि सर्दैनन् । आफन्तीको विरुद्ध लाग्दा आफन्तहरुको आवश्यक सहयोगबाट बिमुख हुनु पर्ने भएकै कारण महिला अगाडि सर्न नसकेको देखिन्छ । नेपालको दक्षिणी बेल्ट तराईमा अशिक्षा, गरिबी ब्याप्त रहेको, चेतना कम भएको कारण महिला हिंसाको अवस्था सिर्जना भएको त्यसमा पनि मुलिम समुदायमा अत्यधिक मात्रामा महिला हिंसा भएको भएता पनि बाहिर आउन कठिन देखिएको छ । कतिपय अवस्थामा महिलाहरुले बिदेशबाट आफन्तले पठाएको रेमिटान्स सहित जग्गा जमिन बेचि अन्य पुरुषसंग लाग्ने र श्रीमानसंग सम्बन्ध बिच्छेद गरी बस्ने गरेकोबाट तिनका बालबालिका लगायतका परिवारहरु बिचल्लीमा परेको अवथा समेत

रहेको पाइयो । यस प्रकारको कार्यमा ठुला बडा परिवारका सदस्यहरु समेत संलग्न रहेको कुरा बिभिन्न पीडितहरुको भनाइ रहेको पाइयो । केहि स्थानीय न्यायीक समितिहरुमा हालसम्म पनि इजलास बनेको पाइएन । बिभिन्न तालिमबाट न्याय सम्पादन गर्ने कुरा बारे जानकारी भएकोको आधारमा न्याय सम्पादन गर्दै आएकोबारे न्यायिक समितिका संयोजकहरुको भनाई रहेको पाइयो । न्यायीक समितिमा आउने मुद्दाहरुमा ब्यक्तिगत झगडा, पारिपारिक सम्बन्ध, सम्बन्ध विच्छेद, मानाचामलका घटनाहरु बढि आउने गरेको, कतिपय महिलाहरुको बैबाहिक सम्बन्ध भएको भएतापनि बिवाह दर्ता नहुनु र श्रीमानले नागरिकता नबनाइदिदा समेत महिला हिंसामा वृद्धि हुन गएको र बिबाह दर्ता नभएका महिला तथा विदेशमा रहेका तिनका पति बीच पारिवारिक समस्या आउँदा महिलाहरु घरबारबिहिन हुनु परेको अवस्था विद्यमान रहेको, पाइयो । महिला हिंसाको अवस्था बिद्यमान भएको भएतापनि महिलाहरु हिंसा सहेर बस्नु पर्ने बध्यता छ, यसो नगरे घर परिवार बिग्रन्छ भन्ने भावना रहेको देखिन्छ । यसको प्रमुख कारण महिलाहरुको आर्थिक शैक्षिक तथा नेतृत्व विकासमा कमी रहनु हो । उजुरी गरि हाले पनि भोलीको दिन कहाँ र कसरी बाच्ने भन्ने प्रश्न महिलाको अगाडि तेस्रिएको कारण पनी घटना बाहिर आउँदैन ।

मालपोत कार्यालय मझगावाका अनुसार सरकारले महिलाको नाममा जग्गा पास गर्दा २५ प्रतिशत छुटको ब्यवस्था गरेकोबाट ५० देखि ६० प्रतिशत जग्गा महिलाहरुको नाममा दर्ता हुने गरेको छ । यद्यपि महिलाले भनेको दिएका सल्लाह पुरुषहरु मानदैनन् । जग्गा नबेचौ भन्दा पनि पुरुषले धम्की दिई जबरजस्ती महिलाको नाममा रहेको जग्गा बेच्ने गरेको देखिन्छ । यसर्थ महिला शसक्तिकरण यस क्षेत्रमा अति आवश्यक रहेको छ । बालबिबाहमा भने पहिलेको तुलनामा धेरै सुधार आएको छ । कतिपय न्यायीक समतिमा महिला सम्बन्धी मुद्दा न्यून आउने गरेको भन्ने भनाई रहेको पाइयो । महिलाको शैक्षिक स्तरमा क्रमश :प्रगति भएपनि सामाजिक परम्परा तथा सोचका कारण महिलाहरु अझै अगाडि आउन सकिरहेका छैन्न् । तराईका महिलाहरु बाहिर गई काम गर्ने वा पढाइ गरेमा राम्रो नमानिने सामाजिक अवस्था भएकोले पनि महिलाहरु अधि बढ्न निकै गाह्रो छ । त्यसैगरी लुम्बिनी साँस्कृतिक नगरपालिकाको न्यायीक समितिमा श्रीमानले श्रमिति कुटेको झगडाहरु आउने गरेको, छलफलबाट मिलाई पठाउने गरिएको बताउदै फौजदारी प्रकृतिका मुदा भने प्रहरीमा रिफर गरि पठाउने गरिएको जानकारी प्राप्त भएको थियो । यस क्षेत्रका महिलाहरुको साक्षरता अन्य समुदायको तुलनामा कम भएको र घरपरिवारले पनि सामाजिक परम्पराका डरले महिलालाई सक्दो सहयोग नगरेको कारण महिलाहरुको शक्तिकरण हुन नसकेको भन्ने नागरिकहरुको भनाई रहेको पाइयो । ईलाका प्रहरी कार्यालयका अनुसार लुम्बिनी क्षेत्रमा एक अर्कालाई झुठो आरोप लगाई फसाउने कार्य बढी गर्ने गरेको, महिलाहरुमा जनचेतना कमजोर भएकोले घरमै काम काज गर्नु पर्ने बाध्यता रहेको छ । पुरुषहरु विदेश गएपछि घरमा रहेका महिलाहरुलाई बिभिन्न बहानामा ललाई फकाई गरी अनैतिक सम्बन्धमा पार्ने र कुरा बाहिर आउन थाले पछि पैसाको लेनदेनमा मिलाउने गरेको अवस्था छ । महिलाहरुमा केही जनचेतना अभिवृद्धि होस भन्ने उद्‌श्यले पटक पटक ऱ्याली गरिएको, यस क्षेत्रमा राम्रा कामको लागि कोही अधि नसर्ने प्रबृत्ति छ । पिडितहरु न्यायीक समितिमा जानु भन्दा प्रहरीमा गए न्याय पाइन्छ भन्ने मान्यता अझै पनि ब्याप्त रहेको हुदा प्रहरीमा केशहरु बढी आउने गरेको भन्ने भनाई रहेको पाइयो । ३३ प्रतिशत महिलाको अनिवार्य सहभागिता कागजमा सुनिश्चत गरिएको भएता पनि कार्यक्रममा महिलाहरुलाई सहभागि गराइदैन । महिला जनप्रतिनिधिहरुको सट्टा उँहाहरुको श्रीमानहरु नै बिभिन्न कार्यक्रममा जाने गरेको पाइयो । यस क्षेत्रमा महिला हिंसा मात्र होइन महिलाले पूरुष उपर हिंसा गरेको जानकारी प्राप्त आएका परुषले मात्र आर्थिक उपार्जन गर्ने गरेको हुँदा महिलाहरु पुरुषउपरनिर्भर हुनु पर्ने बध्यता छ । महिलाहरु घरमा मात्र बस्नु पर्दछ भन्ने मान्यता परिर्वतन नल्याएसम्म समस्या समाधान हुदैन् । दाइजो प्रथा ब्याप्त रहेको कारण विबाह हुन सकेको अवस्था छैन् । महिलाका मुद्दाहरु घरमै मिलाउने गरेको छ । अरुलाई फसाउन झुठो मुद्दा दिने गरेको अवस्था पनि छ यो सबैको मुख्य कारण चेतनाको अभाव हो भन्न सकिन्छ । छोरीलाई सामुदायिक तथा छोरालाई संस्थागत विद्यालयमा पढाउने परिपाटी अझै कायमै छ । हाम्रो संस्कृति हिंसात्मक नभई हाम्रो व्यवहार हिंसामय हुँदै गएको छ । महिलाको शोषण महिलाले नै पनि गरिरहेका छन् । यी विविध अवस्था र कारणले रुपन्देही जिल्लाको महिला हिंसाको अवस्था सन्तोषजनक रहेको देखिदैन ।

### (छ) गुल्मी जिल्ला रुरु गाउँपालिकामा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्थाको अनुगमन

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश न. ५ कार्यालय वुटवलको अनुगमन टोलीद्धारा गुल्मी जिल्लाको रुरु गाउँपालिकाको आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धि अनुगमन मिति २०७६ जेठ २७ गते देखी ३२ सम्म सम्पन्न भएको थियो । सो अनुगमनमा गुल्मी जिल्लाको रुरु गाउँपालिकाको वडा न. ४ को माझी वस्तिमा स्थलगत अनुगमन तथा छलफल गरेको थियो । माझी वस्तिमा रहेको नमुना प्राथमिक विद्यालयमा करीव ८० प्रतिशत वालवालिका माझी समुदायको रहेको साथै केही बालबालिका दलित र अन्य समुदायको रहेको पाइयो । माझी समुदायको बालबालिकाको भर्ना शुरुमा राम्रै भए पनि पछि कक्षा ३ तथा ४ मा जाँदा जाँदै विद्यालय छोडने दर निकै नै रहेको पाइयो । माझी समुदाय

करीव ७० घर परिवार रहेकोमा सबै घर परिवार सुकुम्वासी रहेको र खोलाको नजीकमा बसी माछा मार्ने तथा खोला पारीको वजारमा गई श्रमिकको रुपमा काम गर्ने गरेको पाइयो । आमाबुबा विहानै उठेर पारीको वजारमा काम गर्ने जाने भएकोले वालवालिकाहरु आफै खाना वनाएर वा भोकभोकै पनि विद्यालय जाने गरेको पाइयो । आमाबुबाले गरीविको कारण काममा जाँदा बालबालिकालाई हेरविचार तथा स्याहार सुसार कमजोर रहेको साथै ९ देखी १० वर्षमा नै बालकहरु पनि बालश्रम गर्नको लागि भारतको विभिन्न शहर तथा नेपालको विभिन्न बजारमा गएको हुनाले विद्यालय छोडने दर बढी नै रहेको पाइयो । जनता आवास कार्यक्रम अन्तर्गत केहि घर परिवारलाई नेपाल सरकारले घर बनाइदिएको पाइयो । कतिपय परिवारसँग नागरिकता नरहेको हुनाले जनता आवास कार्यक्रमबाट बञ्चित रहेको पाइयो । रुरु गाउँपालिकाको समन्वयमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्वन्धि अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको थियो । अर्न्तक्रिया कार्यक्रम उपाध्यक्ष श्री लक्ष्मी देवीपन्थको अध्यक्षता भएको थियो । कार्यक्रममा विषयगत समितिले आ आफनो कुराहरु राखेको थियो ।

रुरु गाँउपालिकामा ४२७६ घरधुरी र २३,१५५ जनसंख्या रहेको छ । जातीगत हिसावले ब्राहमण, क्षेत्री आदिवासी जनजाती र दलित रहेको छ । धार्मिक हिसावले हिन्दुहरुको संख्या अत्यधिक रहेको र अन्य धर्मावलम्बिहरु क्रिष्टियन, मुस्लिम र वौद्धहरु रहेका छन । रुरु गाउँपालिकाबाट कृषि/पशु, शिक्षा, स्वास्थ्य, न्याय, सिफारीस, घटना दर्ता र सामाजिक सुरक्षा सम्वन्धि सेवाहरु दिने गरिन्छ । रुरु गाउँपालिकाले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, युवा तथा खेलकुद नीति, महिला, वालवालिका, दलित तथा आदिवासी जनजाती सम्वन्धि नीति अपनाई कार्यक्रमहरु सञ्चलान गरेका छन् ।

### शिक्षा तथा स्वास्थ्य

वि.स. १९६८ मा रिडिमा सँस्कृत पाठशालाको स्थपना भएको थियो भने वि.स. २००७ सालको आगमन सँगै रिडि हाइस्कुल, थोर्गा मिडिल चौतारा प्राइमरि स्कुलहरु खुलेको र त्यसपछि सबै ठाउँमा स्कुल पुगेको देखिन्छ । रुरु गाउँपालिकामा रिडि बहुमुखी क्याम्पस गरी ३ वटा क्याम्पस, माध्यमिक तहका ७ वटा, आधारभुत तह अर्न्तगत कक्षा ८ सम्म ७ वटा र कक्षा ५ वा सो भन्दा तल सञ्चालित २९ वटा गरी जम्मा ४३ वटा विद्यालय रहेको छ । गाउँपालिकाको सवै वालवालिकाको शिक्षामा सुधारका लागि शिक्षाको गुरुयोजना गाउँपालिकाले वनाइरहेको छ । विद्यालयमा बालबालिका भर्ना अभियान सञ्चालन गर्ने गरिन्छ । गाउँपालिका शिक्षा समितिले वेला वेलामा अनुगमन गरि शिक्षाको गुणस्तर सुधार्ने काम गर्ने गर्दछ । स्वास्थ्यको अवस्थाको वारेमा कुरा गर्दा रिडीमा प्राथमिक स्वास्थ्य केन्द्र, भटकुवा १ वटा, अन्य वडामा स्वास्थ्य चौकी ६ वटा २ वटा आयुर्वेद औषधालयका साथै नीजि स्तर क्लिनिक तथा मेडिकलहरु स्वास्थ्य सेवा दिइरहेका छन । प्राथमिक स्वास्थ्य केन्द्रमा एम.वि.वि. एसको दरवन्दि भई डाक्टर पनि वस्ने गर्दछ । गाउँपीलकाको सहयोगमा प्रत्येक महिनामा जेष्ठ नागरिकको वि.पि. चेकअप तथा समान्य चेकजाँच घरघरमा गइ नै सेवा दिने गरिन्छ । गाउँपालिका आर्थिक सहयोगमा आफनै एम्बुलेन्स रहेको छ । कुनै पनि नागकिलाई स्वास्थ्य चेक जाँचबाट बञ्चित गरिएको छैन ।

### कृषि तथा पशुपालन

कृषि तथा पशु सुधार समितिको संयोजनमा कृषि सम्वन्धि गुरुयोजना बनाइएको छ । कृषक समुह गठन गरी कृषकको आवश्यक्ताको आधारमा कृषि तथा पशुपालन सम्वन्धि तालिम दिई उत्पादनमा वृद्धिको लागि प्राविधिक सहयोग गरेको पाइयो । गुणस्तर उत्पादन र वजार ब्यवस्थापनमा समेत गाउँपालिका अगाडि रहेको पाइयो ।

### आवास तथा श्रम

रुरु गाउँपालिका बहुलजातीय बाहुल्यता रहेको साथै गरीवि पनि रहेको पाइयो । गाउँपालिकाले जनता आवास कार्यक्रमको सहयता र गाउँपालिकाको सहयोगमा पनि आ.व. २०७६।०७७ को अन्त्य सम्ममा खरको घर मुक्त गाउँपालिका वनाउने रणनीति अनुरुप काम गरिरहको पाइयो । मजदुरहरुको दैनिक पारीश्रमिक दर नेपालको सरकारको दर रेट भन्दा पनि बढाएर रु.५८० कायम गरी कार्यन्वयनमा पनि ल्याएको पाइयो । प्रधानमन्त्रि रोजगार कार्यक्रम अर्न्तगत वेरोजगारहरुको डाटा संकलन गरी काम दिनको लागि सूचना निकाल्ने तयारी रहेको उपप्रमुख लक्ष्मीदेवी पन्थले जानकारी गराएको थियो । यो गाउँपालिका धेरै पहिला देखी नै राजनैतिक, सामाजिक र शैक्षिक क्षेत्रमा अगाडि रहेको देखिन्छ । राणा विरोधि “जयतु संस्कृतम” आन्दोलन देखि निरंकुश निर्दलीय पंचायत विरोधी २०४६ सालको आन्दोलनमा समेत यस क्षेत्रको महत्वपूर्ण सहभागिता भएको पाइन्छ । सामाजिक चेतनाको हिसावले २०२० को दशकदेखि नै जातपात तथा छुवाछुत विरोधि आन्दोलन, ब्रहामणहरुले हलो जोत्ने लगायतका अभियानहरु सञ्चालनमा भएको पाइन्छ । गाउँपालिकामा ऐतिहासिक महत्वपूर्ण धार्मिक स्थलहरु रहेका छन । स्नानबाट नै मोक्ष प्राप्त गर्न सकिने पवित्र कालिगण्डकी नदि, ऋषिकेश मन्दिर, भृगुतुङ्गेश्वर मन्दिर, देवदत पार्क लगायत प्रशस्त मठ मन्दिरहरु रहेको रुरु क्षेत्रमा माघे संक्रान्ति लगायतका पर्वहरुमा श्रद्धालु भक्तजनहरुको भीड लाग्ने

गर्दछ। यसै गरि राजनीतिक, सामाजिक, र शैक्षिक क्षेत्रमा अग्रणि रहेको कारण थुप्रै राजनैतिक नेतृत्व देखि लिएर प्रशासन तर्फ धेरै जना प्रमुख जिल्ला अधिकारी, सचिव, मुख्य सचिव देखि राजदुत सम्मको प्रशासनिक नेतृत्व रुरु गाउँपालिकाबाट भएको छ। समग्रमा रुरु गाउँपालिकाको अवस्था हेर्दा ठिक भए पनि त्यहाँका महिला, दलित, जनजातीहरुको आर्थिक अवस्थामा सुधार गरी सामाजिक तथा साँस्कृतिक अधिकारको प्रवर्द्धन गर्नुपर्ने देखिन्छ।

**(ज) मुसहर समुदायको आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्था अनुगमन**

नवलपरासी जिल्ला सुस्ता गाउँपालिकाको प्रसौनीमा रहेका मुसहर मुदायको आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्थाको अध्ययन गर्न राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. ५ कार्याल बुटवलबाट मानव अधिकार अधिकृत द्वय दीपक ठाकुर तथा अनिस कुमार पौडेल सहितको टोली मिति २०७५/६/२४ गते देखि २८ गते सम्म खटि गएको थियो। अनुगमनको क्रममा मुसहरहरु ३०० घर परिवार गाउँको दक्षिण तर्फ रहेको कठहवा भन्ने ठाउमा करिब २ बिगहाको जग्गामा छाप्रो बनाई बस्दै आएको पाइयो। मुसहरहरुमा पढ्ने भन्दा अर्काको काम गरी बस्ने, काम नपाए खेतमा गई माछा र मुसा मारी ल्याई खाने प्रचलन रहेको छ। साक्षरता प्रतिशत ज्यादै न्युन रहेको छ। विद्यालयमा मुसहरका बालबालिकाहरु मुस्सकिलैले जाने गर्दछन्। पढेर के जो हुन्छ भन्ने मानसिकता मुसहरमा रहेको कारण निरक्षरता उल्मुलन हुन सकेको छैन्। मुहरहरुको शारीरिक बनौट हेर्दा कम उमेरमै बुढो जस्तो देखिने आकृति देखिन्छ। पौष्टिक आहारमा अनियमितता, आर्थिक अवस्था कमजोर भएको र आय श्रोतको ठेगान नहुँदा मुसहरहरुको शारीरिक बनौट समय भन्दा पहिले नै गलेर जाने र बुढो जस्तो देखिने अवस्था भएको देखियो। एउटा घरमा कम्तिमा २० देखि ३० जना सम्मको परिवार सगोलमै बस्ने गरेको, बस्ने, सुत्ने स्थानको कमीका कारण कोइ भुइमा त कोहि बासको घारी नजिकै जहाँ ठाउँ पाइन्छ त्यहि सुत्ने बस्ने गरेको पाईयो। मुसहरहरुको घरमा चर्पीको ब्यवस्था रहेको पाइएन। गर्भवती महिलाहलई प्रयाप्त खाने कुरा इन्तजाम नहुदा नवजात शिशुको वृद्धि तथा विकास को अवस्था नाजुक रहेको पाइयो। स्वास्थ्य केन्द्रका प्रतिनिधिहरुसंग यस सम्बन्धमा कुरा गर्दा मुसहर महिलाहरु स्वास्थ्य चौकी सम्म आउन हिचकिचाउने गरेको, अस्पतालले दिएको औषधी नखाने, रक्सी बढी सेवन गर्ने, कमाई ल्याएको दैनिक ज्यालालाई बालबालिकाको पढाईमा खर्च गर्नु भन्दा जाँड र तासमा खर्चिने चलन रहेको पाईयो। मुसहरहरु बस्दै आएको जग्गा अर्कै ब्यक्तिको नाममा रहेकोहुँदा आफूहरु पुर्खौदेखि बसी आएको जग्गाको मालिक हुन नससक्दा विस्थापन हुने समस्या विद्यमान रहेको पाइयो। सानो उमेरमा बिबाह गर्ने परम्परा रहेको कारण सानैमा विबाह हुँदा हालको कानुनमा उल्लेख गरिएको विबाहको उमेर २० वर्ष लागू हुने अवस्था देखिँदैन। सानैमा बिबाह हुदा कानुनतः बिबाह दार्ता , जन्मदर्ता र नागरीकता जस्ता बिषयमा ठुलो समस्या रहेको पाइयो। मुसहर समुदायमा मागी बिबाह गर्ने र दाईजो समेत लिने पम्परा रहि आएको छ । मुसहर ससमुदायलाई शसक्तिकरणका लागि शिक्षा अपरिहार्य रहेकोहुदा उनीहरुको शिक्षामा पहुच बिस्तार गर्न कम्तिमा पनि ३० वर्ष सम्म उनीहरुको आर्थिक उपार्जन तथा गास बास र कपासको ब्यवस्था निशुल्क रुपमा प्रदान गर्ने गरी कार्यक्रमल्याई अनिवार्य रुपमा मुसहर बालबालिकालाई शिक्षामा समावेश गरिएमा मात्र उनहिरुको आर्थिक सामाजिक र शैशिक अवस्थामा सुधार आउन सक्छ भन्ने भनाई नागरिक समाजको रहेको पाइयो।

## मानव अधिकार उल्लंघनका घटनाको आकस्मीक अनुगमन

**(क) बुटवलस्थित जेन्स अस्पतालले बिमारीलाई बन्धक बनाएको भनिएको घटनाको अनुगमन**

न्युज २४ टेलिभिजन, अनलाईन खबर तथा पत्र पत्रिकामा जिल्ला नवलपरासी प्रतापपुर गाउँपालिका वडा नं १ बस्ने भगौती बिकको कान्छो छोरा बर्ष २२ को सुरज बिकलाई १६ महिनादेखि बुटवलस्थित जेन्स अस्पतालले बन्धक बनाएको भनिएको घटनाका सम्वन्धमा सत्य तथ्य बुझ्न १५ भदौ २०७५ का दिन राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालय बुटवलबाट उप-निर्देशक पवनकुमार भट्ट तथा मानव अधिकार अधिकृत अनिशकुमार पौडेल रहेको दुई सदस्सीय टोली खटी गएको थियो। आयोगको टोलीले उक्त घटनाका समवन्धमा पीडित, निजका आफन्त, जेनस अस्पताल, ईलाका प्रहरी कार्यालय बुटवलसंग भेटघाट गरी घटनाको बारेमा जानकारी लिएको थियो। मिति २०७४ साल जेष्ठ १४ गते निज बिक नवलपरासी जिल्लाको प्रतापपुर गाँउपालिकामा वडा नं १ मा मोटर साईकल चलाईरहेको समयमा अनियन्त्रित भई घटना घटन पुगेको र निजलाई बेहोस अवस्थामानै कसैले उदार गरी गाउकै अस्पतालमा पुरयाईदिएकोमा अस्पतालले निजलाई बुटवल पठाएको र बुटवल स्थित जेन्स अस्पतालमा निजको उपचार भएको, उपचारको क्रममा निजको दुईटै खुट्टामा गरी आठवटा अप्रेशन भएको, निजको उपचार मंसिर ०७४ मा सकिएको भएतापनि उपचारमा लागेको खर्च तिर्न नसकेपछि अस्पताल प्रशासनले निजलाई निगरानिमा राखि अस्पताल बाहिर जान नदिएको सत्यनै हो भन्ने भनाई जेनस अस्तालकी प्रमुख डाक्टर

शारदा सिँहको रहेको पाईयो । हामीकहाँ उपचार गराएर यस भन्दा पहिला पनि उपचार गराई ठुलो रकम नतिरेर तीन चार जना बिमारी भागि सकेकाले निज पनि भाग्छनकी भनेर अस्पताल प्रशासनले निगरानिमा राखेको हो । निजलाई असपतालको जुनसुकै कोठा, छत, क्यान्टेन तथा प्रशासन वार्डमा जान कहि कतै रोक हामीले लगाएका थिएनौ डा. सिहले भनिन ।

निजको बुबाले गाउँमा आरन चलाउदै आएको, निजको परिवारको अवस्था दयनिय रहेको, निजको नाममा एककठा जमिन रहेको र उक्त घटना भएपश्चात अस्पतालकै रिण तिर्न डेढलाखमा उक्त घर जमिन बन्धकीमा राखेको र उक्त रकमले पनि अस्पतालको पैसातिर्न नसकिने भएपछि आफुहरुलाई मर्नु न बाँच्नु भएको छ भन्ने भनाई निजका रहेको पाईयो ।

निज बिकको १६ महिनाको अवधीमा औषधी, अस्पताल तथा खानाको गरी करिब १२ लाख रुपया तीर्न बाँकि छ भन्ने भनाई अस्पताल प्रशासानको रहेको पाईयो । यसरी अस्पताल प्रशासन र पीडितको आ आफनै भनाई सत्य हो भनि रहेको समयमा प्रशासन कार्यालय बुटवल, ईलाका प्रहरी कार्यालय, नागरीक समाज तथा पत्रकार, ईलाका प्रहरी कार्यालय बुटवलमा बसी उक्त घटनाको सत्य तथ्य पहिचान गर्ने, पीडितको नाममा बैंकमा खाता खोलि सहयोगका लागि सबैमा अपिल गर्ने, जेन्स अस्पताले भनिरहेको रकमको अडिट गर्ने र कुल भएको खर्चमा २५ प्रतिशत अस्पताललले मिनाहा गर्ने सहमति भई पीडित, निजका बुवा र दाई समेतलाई ईलाका प्रहरी कार्यालय बुटवलको सहयोगमा घर पुर्‍याउने कार्य भएको थियो । उक्त घटनाका सम्वन्धमा फरक फरक समाचार प्रकाशन भए पनि निज मोटरसाईकल दुर्घटनामा परी उपचार गर्दा लागेको खर्च तिर्न नसकि डिसचार्ज हुन नसकेको र पैसा तिरेर मात्र जाउ भनि अस्पताल प्रशासनले निजलाई निगरानिमा राखेको पाईयो । निजको पारिवारिक अवस्था दयनिय भएकाले उक्त रकम तिर्न सक्ने अवस्था बिक परिवारमा देखिदैन । जेनूस अस्पताल, पीडितका आफन्त, पत्रकार, नागरीक समाज, ईलाका प्रशासन, ईलाका प्रहरी कार्यालय बुटवलका जिम्मेवार पदाधीकारीको उपस्थितिमानै निजको नामामा बैंकमा खाता खोल्ने र अस्पतालमा निजको उपचारमा लागेको रकम तिर्नका लागि सबैमा सहयोगका लागि अपिल गर्ने निर्णय भएपछि निजलाई आफन्तसंग घर पठाइएको थियो ।

**(ख) आगो लगाएको भनिएको घटनाको सम्वन्धमा**

जिल्ला रुपन्देही लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं ४ महुवारी बस्ने वर्ष २३ की तारा बराइको मिति २०७५।०६।०९ गते हत्या गरी आगो लगाएको भनिएको घटनाका सम्वन्धमा ईलाका प्रहरी कार्यालय लुम्बिनीले जाहेरी दर्ता नगरेको, अनुसन्धान गर्नु पर्ने निकायलेनै बेवास्ता गरेकाले न्यायका लागि पहल गरी पाउ भनी आयोगको कार्यालयमा निबेदन पर्न आएको थियो ।

मिति २०७५।०६।०९ गते जिल्ला रुपन्देही लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं ४ महुवारी बस्ने वर्ष २३ की तारा बरइको हत्या गरी आगो लगाएको भनिएको घटनाका समवन्धमा ईलाका प्रहरी कार्यालय लुम्बिनीले जाहेरी दर्ता नगरेको भनिएको घटनाका सम्वन्धमा गाउ समाजमा गई घटनाको बारेमा बुझ्दा निजको मृत्यु शंकास्पद रहेको, छर छिमेक समेतलाई जलेको कुरा थाहा नभएको, मृतक जलेको कोठामा केही सामानहरु हलका रुपमा जलेको, कोठमा लगाएको मछरदानी समेत पूर्ण रुपमा नजलेको आगलागि भएको ठाउमा कुनै प्रकारको कालो दाग, खरानी लगायतका चिज बस्तु नरहेकोले घटना झन संकास्पद बनेको छ उक्त घटनको सम्वन्धमा टोल छीमेकका मानिसले पनि मुख खोल्न मानेनन् । उक्त घटना मानव अधिकारको उल्लंघन भन्दा पनि फौजदारी अपराध अर्न्तगत पर्ने भएकाले कानुन बमोजिम कार्य गर्ने निकायबाटनै चुस्त दुरुस्त रुपमा अनुसन्धान अगाडी बढाउन प्रहरीसंगनै समन्वय गर्नु पर्ने देखिन्छ र उक्त घटनाका सम्वन्धित कागजातहरु मानसिक स्वास्थ्य परिक्षण, शव परिक्षण प्रतिबेदन, लाशजाच प्रकृति मुचुल्का लगायतका कागजात मागि सरकोकारवाला तथा पीडितका आफन्तसंग छलफल गर्नु पर्ने देखिन्छ ।

**(ग) दुर्गा मुर्ति बिसर्जनको विषयलाई लिएर भएको बिबादको अनुगमन**

कपिलबस्तु जिल्लाको कृष्णनगरमा दुर्गा मुर्ति विसर्जन लाई लिएर भएको भनिएको घटनाका सम्बन्धमा मिति : २०७५ साल कार्त्तिक ५ र ६ गते मानव अधिकार अधिकृत अनिस कुमार पौडेल नेतृत्वको टोलीले हिन्दु र मुस्लिमका बिचमा दुर्गा बिसर्जनका सम्वन्धमा भएको बिबादको सत्य तथ्य पत्ता लगाई बिबाद समाधानका लागि सरोकारवालालाई आग्रह गरेको थियो ।

दशैमा पुजा अर्चना गर्नका लागि स्थापना गरिएको दुर्गादेबीको मूर्ति विसर्जन गर्ने क्रममा भजन/गित बजाई परिक्रमा गरिरहेको समयमा मुस्लिम समुदायका युवाहरुले भिडियो खिचे पछि हिन्दु समुदायका युवाले भिडियो खिच्ने कार्यमा रोक लगाउदा बिबाद सृजना भई यस्ले ठुलोरुप लिएको थियो । दशैका बेला नबरात्राको समयमा पूजा अचर्ना गरेको दुर्गा मूर्तिलाई बजार परिक्रमा गराउने क्रममा शुक्रबार साँझ जुलुस माथि ढुङ्गाप्रहार गरेपछि पछि उत्पन्न विवादले उग्ररुप लिएको थियो ।

सुक्रबारकै कुरालाई लिएर शनिवारका दिन पनि हिन्दु र मुस्लिमाका बिचमा ढुङ्गा हानाहान भएको थियो । हरेक वर्ष बडा दशैंको भोलिपल्ट उक्त क्षेत्रका हिन्दु समुदायले दुर्गाको मुर्ति विसर्जन गर्दै आएका थिए भन्ने भनाई नागरिक अगुवाको रहेको पाईयो । यस पटकको दशैमा दुर्गा बिर्सजन कार्यमा हिन्दु मुस्लिम बिचको बिबादले शान्ति सुरक्षामा असर पुऱ्याएपछि जिल्लाबाट शान्तिस्थापनर्थि थप सुरक्षाकर्मी परिचालन गरिएको थियो । आफनो अधिकारको उपभोग गर्दा अर्काको अधिकारको हनून गर्न नहुनेमा नागरिक समाजको भनाई अनुसार धर्मलाई लान्छना लगाई क्यासेट बजाई अर्को धर्म होच्याउने कुनै पनि कृयाकलाप कसैले पनि गर्न नहुनेमा सो गरेको भन्ने भनाई स्थानीयको रहेको पाईयो । हरेक नागरिकले आफ्नो कर्तव्य पालना गर्दा अर्काको अधिकारको सम्मान गर्नु पर्ने तर दुवै समुदायमा त्यो निष्ठा कम रहेको देखियो । प्रहरी प्रशासनले तत्काल शान्ति सुरक्षा लगायतका कुरामा व्यवस्था मिलाउनु पर्नेमा सो गर्न ढिलाई गरेको पाइयो । यो घटनाले साम्प्रदायिक र राजनैतिककरण नर्गनका निम्ति सबै सरोकारवालाको बिचमा छलफल गराई प्रशासनले स्थानीय निकाय तथा प्रहरी प्रशासनलाई थप जिम्मेबार बनाउनु पर्ने देखिन्छ । यस्ता घटनालाई तत्काल समाधान गर्ने तर्फ सम्बन्धीत सबैको जिम्मेवारी भएकोले समयमै सजगता अपनाउनु पर्ने आवश्यक छ । यस्ता घटनाहरुलाई समयमै समाधान तर्फ अग्रसर नहुने हो भने यस्ले ब्यक्ति, गाउँ समाज तथा स्थानीय सरकारलाई समेत असर गर्ने भएकाले वार्ताका माध्यम द्धारा सबैका बिचमा सहकाय र समन्वयन गरी विवादको समाधान गर्नु पर्ने देखिन्छ ।

**(घ) गोली हानी हत्या गरिएको भनिएको घटनाको अनुगमन**

कपिलवस्तु जिल्ला शुद्धोधनगा.पा वडा नं ४ मोतिभारीमा मंसिर ७ गते गोलि लागि प्रदेश सभानिर्वाचनमा कपिलवस्तु क्षेत्र नं १ “ख” बाट उमेदवार र स्थानीय निर्वाचनमा शुद्धोधनगा.पाको अध्यक्षपदमा समेत स्वतन्त्र रुपमा उमेदवारी दिएका दिपेन्द्र चौधरी (राजाबाबु) को मृत्यु भएको घटनाको सम्बन्धमा विभिन्न पत्रपत्रिका तथा श्रव्य दृश्य मिडियामा आएको समाचार र सो जिल्लाका मानव अधिकारकर्मी र पत्रकारहरु सँगको सम्पर्कबाट आएको जानकारी अनुरुप सो क्षेत्रको शान्ति सुरक्षाका अवस्थाको सम्बन्धमा आयोगले अनुगमन गरेको थियो ।

उक्त घटनामा राजाबाबुको बाच्नपाउने अधिकारको हननभएको प्रष्ट देखिन्छ । नेपालको संविधानको मौलिकहकको रुपमाधारा १६ मा रहेको सम्मानपूर्वक बाच्नपाउने अधिकार, मानवअधिकार विश्वव्यापी घोषणापत्र तथा नागरिक तथा राजनीतिकअधिकार सम्बन्धीमहासन्धिमा समेत रहेको बाच्नपाउने अधिकारको हननभएको देखिन्छ । राज्यले निज पीडितको सुरक्षागर्ने दायित्व पुरा गर्न नसकेको देखिन्छ । हातहतियार लिएर कुनै व्यक्ति समाजमा, बजारमा हिन्छ भने त्यो नियन्त्रणमा लिने र कानुन बमोजिम अनुसन्धान गर्ने कार्य प्रहरी प्रशासनको हो । उक्त घटनामा आरोपितले गोलि हानेको भनिएकोले हातहतियार बोक्न र त्यसको दुरुपयोग रोक्न सरकार असक्षम भएको प्रष्ट देखिन्छ ।

मानिसको सम्पत्तिको अधिकार जुन संविधानको मौलिकहकको रुपमा र मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा समेत उल्लेख भएको छ । उक्त घटनामा सो अधिकारको हनून भएको प्रष्ट छ । कुनै पनि व्यक्तिको घर लगायतको सम्पत्ति रक्षागर्ने दायित्व प्रहरी प्रशासनको भएपनि यस घटनामा प्रहरी प्रशासन मुक दर्शक भएर बसेको पाइयो ।

**(ङ) गैरकानुनी रुपमा हिरासतमा राखेको भनिएको घटनाका सम्वन्धमा गरिएको अनुगमन**

कपिलवस्तु जिल्ला शिवराज नगरपालिका वडा न. ९ शिवगढी निवासी विप्लव कार्यकर्ता एवं नेत्र विक्रम चन्द (विप्लवको) भतिज नाता पर्ने यादव चन्दलाई मिति २०७६ बैशाख १९ गते यातायात कार्यालय मणिग्राम रुपन्देहीबाट पक्राउ गरी जिल्ला प्रहरी कार्यलय कपिलवस्तुको हिरासतमा राखेको थियो । यादव चन्दको हकमा यादवकी श्रीमति सरस्वती चन्दले उच्च अदालत तुलसपिुर बुटवल इजलासमा दायर गरेको बन्दीप्रत्यक्षीकरण रिटमा बुधवार सुनुवाई गर्दै अदालतले बन्दीप्रत्यक्षीकरण रिट जारी गरे पश्चात पुनः प्रहरीद्वारा पक्राउ पर्न सक्ने सम्भावना भएकोले निजको श्रमितिले आयोगको कार्यालयमा मिति २०७६ बैशाख २२ गते अनुगमन गरी पाउ भनी निबेदन दर्ता गराएकि थिईन ।

नेपाल प्रहरीद्वारा गैरकानुनी रुपमा वन्दि वनाई राखेकोले यादव चन्दको हकमा यादवकी श्रीमति सरस्वती चन्दले उच्च अदालत तुलसीपुर बुटवल इजलासमा दायर गरेको वन्दीप्रत्यक्षीकरणको रिटमा रिहा गर्न मिति २०७६ बैशाख २५ गते बुधवार उच्च अदालत तुलसीपुर बुटवल इजलाशले वन्दीप्रत्यक्षीकरण रिट जारी गरेको थियो । रिट जारी पश्चात सोही दिन साझ ७:३० नेपाल प्रहरीले निजलाई आफन्तको जिम्मा लगाएका थिए ।

**(च) नेपाल बन्दको सन्दर्भमा मानव अधिकारको अवस्थाको अनुगमन**

नेकपा माओवादी बिप्लव समुहले आह्ववान गरेको मिति २०७६ असार १० गते मंगलबार नेपाल बन्दको सन्दर्भमा मानव अधिकारको अवस्था अध्ययन गर्न मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालय बुटवलबाट टोली खटिई रुपन्देहीको

बुटवल आसपासका क्षेत्र, मणिग्राम, भलवारी, सखुवानी, कोटिहवा, भैरहवा, बेलहिया बसन्तपुर, धकधई, मझौली, नरैनापुर, शंकरपुर, राजाबारी अस्नैया खैरहनी देवदह क्षेत्रमा स्थलगत अनुगमनबाट निम्न तथ्य प्राप्त भएको थियो ।

- बन्दका कारण सार्वजनिक यातायातका साधन तथा पसल, हटियाबजार बुटवल क्षेत्रमा पुर्णरुपले बन्द रहेको पाइयो भने अन्य क्षेत्रमा फाटफुट संचालनमा रहेको पाइयो ।
- विद्यालयहरु बन्द रहेको पाइयो ।
- अस्पताल लगायत स्थानीय स्वास्थ्य चौकीहरु खुलेको पाइयो ।
- निजी सवारी साधन जिप, मोटरसाइकल लगायतका साधनहरु फाटफुट चलेको पाइयो ।
- बन्दको कारण कही कतै मानवीय क्षति तथा मानव अधिकारको गंभिर उल्लघन भएको पाइएन ।
- बुटवलको गोलपार्क क्षेत्रमा नक्कली बम आम जनसमुदायलाई तर्साउने प्रयोजनले रखिएको भन्ने जानकारी प्राप्त ।
- बन्दका कारण बिरामी, पर्यटक लगायतका आन्तरिक रुपले आवतजावत गर्ने सर्वसाधारण प्रभावित भएको पाईयो ।

बन्दले मानिसका आधारभुत आवश्यकतालाई प्रत्यक्ष असर पार्ने भएको हुँदा आम नागरिकको मौलिक अधिकारहरु प्रभावित नहुने खालका बिरोधका कायक्रमबाट आफ्ना मागहरु जाहेर गर्नुपर्ने देखिन्छ । बन्द हडताल गर्ने पक्षको जायज मागको सम्बन्धमा सरकार गम्भिरभै लाग्नका लागि आयोगको नीतिगत तहबाट पहल गर्न र यस्ता बन्द हडतालको आयोगले नजिकबाट अनुगमन गर्नु आवश्यक रहेको भन्ने नागरिक समाज तथा संघ संस्थाका प्रतिनिधिको रहेको पाइयो ।

### (छ) डोजर लगाई बिस्थापित गरेको भनिएको घटनाको अनुगमन

बुटवल उपमहानगरपालिका १ जामा मस्जिद अगाडि १६ घरपरिवारका घर टहरा डोजर लगाई घरबारबिहिन बनाएको भनिएको घटनाको सम्बन्धमा मिति २०७६/३/२४ गते राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. ५ कार्यालय बुटवलका मानव अधिकार अधिकृत दीपक ठाकुर तथा लेखा तथा प्रशान अधिकृत नारायण बस्नेत सम्मिलित टोलीले स्थगत अनुगमन गरेको थियो । टोलीले अनुगमनबाट प्राप्त गरेको तथ्य निम्नानुसार रहेको छ । मिति २०७६/२/३० गते बुटवल उपमहानगरपालिका वडा नं. १, जामा मस्जिद अगाडि रहेको श्री ३ महारानीको नाममा दर्ता रहेको भनिएको कित्ता नं. ४५ को जग्गामा बसोबास गर्ने १६ घर का जेष्ठ नागरिक २, अपाङगता भएको ब्यक्ति १, गर्भवति महिल २ तथा विद्यालयमा पढ्ने बालबालिका ९ जना गरी जम्मा १०५ प्रभावितहरु रहेको, बुटवल उप–महानगरपालिकाले उल्लेखित १६ घर परिवारलाई बिस्थापित गरि खाली गरेको जग्गामा अदालतमा चल्दै आएको मुद्धाको किनारा नहुदै रातारात धमाधम निर्माण कार्य गरिरहेकोबाट बिधिको शासनको उपहास भएको देखिन्छ । कुनै पनि सार्वजनिक जग्गामा बस्न नपाईने भएको भएता पनि जुन बेला उक्त सार्वजनिक जग्गामा मानिसहरु बस्न थाले सोही बखत नै नगरपालिका वा तत्कालिन निकायले रोक आदेश गर्नु पर्ने थियो । लामो समय सम्म बसोबास गर्दै आएका बासिन्दाहरुलाई हटाउदा तिनीहरुको उचित पुनःस्थापनाका कार्य तथा ब्यवथापन नै नगरि बर्षा तथा गर्मीका समयमा नागरिकलाई घरबार बिहिन बनाउनु संविधान तथा अन्तर्राष्ट्रिय कानुन र मानव अधिकारको मुल्य र मान्यता विपरित भएको देखिन्छ । विस्थापित भएका १६ घरपरिवार त्रिपालमा बसी रहेको अवस्था एकदमै असुरक्षित भएको हुँदा रातीको समयमा महिला उपर हिंसाजन्य ब्यवहार हुन सक्ने, सुत्केरीलाई पर्न सक्ने समस्याबाट गर्भ तुहिन वा नष्ट हुन सक्ने, खुला ठाउँ र नदीको किनार भएको हुँदा रातिको समयमा सर्प दंशबाट बालबालिका वा जो कोही जोखिममा पर्न सक्ने, विद्यार्थीको पढाईमा प्रत्यक्ष प्रभाव परिरहेको र वर्षाबाट जीउज्यान र स्वास्थ्यमा प्रतिकुल असर पर्ने जोखिमको प्रवल सम्भावना देखिँएको हुदाँ उपमहानगरपालिकाले त्यस तर्फ कुनै ध्यान पुऱ्याएको नदेखिदा यस तर्फ बुटवल उपमहानगरपालिकाको ध्यान आकृष्ट गर्न आवश्यक छ । समयमा उल्लेखित समस्याहरुको निरोधात्मक समाधान गर्न नसके भयावह स्थिति सिर्जना हुन सक्ने प्रवल सम्भावना रहेकाले स्थानीय सरकार, नागरिक समाज तथा सरोकारवालाका बिचमा समन्वय र सहकार्यको टडकारो आवश्यकता देखिन्छ ।

### (ज) लुम्बीनी प्रादेशीक अस्पतालको अनुगमन

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालय बुटवलको निर्देशक श्री सम्झना शर्माको नेतृत्वमा मानव अधिकार अधिकृत श्री इन्द्रजीत सहनी र सहायकप्रथम श्री विमला लाखे साथै रुपन्देही स्थित नेपाल पत्रकार महासंघ, गैरसरकारी संस्था महासंघ, अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक र मानव अधिकार तथा शान्ति समाज सम्मिलित अनुगमन टोलीले मिति २०७६/०३/०५ गते लुम्बिनी प्रादेशिक अस्पतालको आकस्मीक अनुगमन गरेको थियो । अनुगमनको क्रममा खटिएको आयोगको टोलीको प्रतिवेदनबाट प्राप्त तथ्यको आाधारमा सम्बन्धीत निकायको ध्यानाकर्षण गराई आवश्यक कामकारवाही गरी जानकारी उपलब्ध गराइदिन सम्बन्धीत निकायमा पत्राचार गरिएको थियो ।

**अनुगमनका क्रममा रहेका राम्रा पक्षहरु :**

- वढ्दो गर्मिसँगै विभिन्न रोगहरुको प्रभाव रहेको र दैनिक ६ सय भन्दा वढीको संख्यामा ओपीडिमा टिकट काट्ने विरामीहरु हुने गरको र यो अस्पतालको क्षमता भन्दा बढी विषय भएतापनि टिकट काटी सकेका विरामीहरुलाई साँझ सम्म बसेर भएपनि डाक्टरहरुबाट उपचार सेवा दिने गरी आवश्यक व्यवस्था मिलाइएको पाइयो ।
- मानसिक स्वास्थ्यमा समस्या भएका विरामीहरुको लागि मानसिक स्वास्थ्यको विशेषज्ञ डाक्टरको व्यवस्था गरी मानसिक स्वास्थमा समस्या भएका विरामीहरुको स्वास्थ्य परीक्षण गर्ने कार्य २ वर्ष अगाडिदेखि शुरुवात भएको र यसलाई निरन्तरता दिएको पाइयो ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- अस्पतालको लागि तोकिएको दरवन्दी अनुसार डाक्टरको परिपूर्ति नहुँदा सेवा प्रवाह प्रभावकारी हुन नसकेकोले रिक्त दरबन्दी परिपूर्तिको लागि आवश्यक पहल गर्नूपर्ने देखिन्छ ।
- गर्भवती महिलाहरु, अपाङगता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिकाहरुका लागि ओपिडीमा टिकटको लागि छुट्टै लाइनको व्यवस्था गर्नुपर्ने, कतिपय अवस्थामा भिडभाडको कारणले चोरी समेत हुने गरेका भन्ने बुझिन आएको छ । साथै यस्ता घट्नाबाट अस्पतालको सुरक्षा व्यवस्थामा समेत चुनौति थपिन सक्नेहुँदा बेलैमा सो तर्फ आवश्यक ध्यान पुर्याउनु पर्ने देखिन्छ ।
- अस्पताल हाताभित्रै निजी फार्मेसीहरु राखिएको पाइयो । सरकारी फार्मेसी सुनसान रहेको र नीजि फार्मेसीहरुमा औषधी किन्नेको भिड देखियो । सरकारी फार्मेसीहरुमा सबै प्रकारका औषधीहरुको उपलब्धता नभएको पाइयो । तसर्थ सरकारी फारमेसीहरुको उपयुक्त व्यवस्थापन तथा औषधीहरुको उपलब्धतामा तत्काल ध्यान दिनुपर्ने देखिन्छ ।
- अस्पतालभित्रका शौचालयहरुको सरसफाइको अवस्था अनुगमन गर्दा अत्यन्त दुर्गंधित र फोहोर रहेकोले अस्पताल व्यवस्थापनले शौचालय सरसफाइको जिम्मेवारी तोकिएका कर्मचारीहरुको कामको सुपरीवेक्षण गरी तत्काल सरसफाइमा ध्यान दिनुपर्ने देखिन्छ ।
- इमरजेन्सीमा अत्यधिक भिड र एउटै वेडमा २ जनासम्म राखी उपचार गराएको पाइएकोले सरुवा रोग तथा अन्य संक्रमणको जोखिम रहेको देखियो । यस्ता पक्षमा बेलैमा ध्यान दिई इमरजेन्सी सेवाको प्रभावकारी व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।
- मानसिक स्वास्थ्यमा समस्या भएका विरामीहरु दैनिक १५ देखि २० जनाको दरले आउने गरेको र अस्पतालमा मानसिक स्वास्थ्यको विशेषज्ञ डाक्टर मात्र रहेकोले सेवालाई प्रभावकारी बनाउन मानसिक वार्डको स्थापना गरी सेवा विस्तार गर्नुपर्ने देखिन्छ ।
- स्वास्थ्य विमा गरेका विरामीहरुले रातको समयमा उपचार गर्न आउँदा सेवा लिन नपाएको भन्ने विषयमा फार्मेसी र इमरजेन्सीमा आवश्यक समन्वय गरी विरामीले उपचार पाउने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।
- कतिपय अवस्थामा डाक्टरले लेखिएका प्रेस्कृप्सनहरुका अक्षरहरु बुझ्न नसकिने हुँदा समस्या परेको भन्ने गुनासो रहेकोले सो सम्बन्धमा सुधारको आवश्यकता रहेको पाइयो ।
- सुत्केरीको लागि जम्मा १० वटा बेड रहेको तर दैनिक ४६ जनासम्मलाई सुत्केरी सेवा दिनुपर्ने अवस्था रहँदा सुत्केरी आमा र बच्चाको स्वास्थ्यमा उपयुक्त स्वास्थ्य सेवा प्रवाह चुनौतिपूर्ण रहेकोले भौतिक पूर्वाधार व्यवस्थापनको लागि तत्काल पहल गर्नुपर्ने देखिन्छ ।
- अस्पतालको शौचालयहरुमा विरामी र कुरुवाहरु बाहेक बजारमा रहेका अन्य व्यक्तिहरु समेत आई शौचालय प्रयोग गर्ने गरिएकोले इमरजेन्सी कक्ष नजिकको गेट बन्द गर्ने गरिएको भन्ने पाइयो । यस सम्बन्धमा स्थानीय तहसँग आवश्यक समन्वय गरी अस्पताल हाता वाहिर उपयुक्त ठाउँ पहिचान गरी सार्वजनिक शौचालयको व्यवस्था गर्नको लागि समन्वय गर्नुपर्ने र छोटो दुरीको इमरजेन्सीको गेट २४ सै घण्टा खुला गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

**(झ) पृथ्वीचन्द जिल्ला अस्पताल परासीको स्वास्थ्य सेवा प्रवाहको अवस्था बारेमा आकस्मिम अनुगमन**

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालय बुटवलको मानव अधिकार अधिकृत श्री इन्द्रजीत सहनी र सहायक प्रथम श्री विमला लाखे सम्मिलित अनुगमन टोलीले मिति २०७६/०३/०४ गते पृथ्वीचन्द जिल्ला अस्पताल परासीको आकस्मीक अनुगमन गरेको थियो । अनुगमन भएका तथ्यहरुका आधारमा स्वास्थ्य अधिकारको संरक्षणका लागि तपसिल बमोजिम गर्नुपर्ने देखिएको छ ।

- प्रसुति स्याहार कक्षमा पानी तथा सरसफाइ हुनुपर्ने
- दरवन्दि अनुसार दक्ष जनशक्ति नियमित हुनुपर्ने
- निःशुल्क पाउने औषधिहरुको विवरण विरामीहरुको पहुँच भएको ठाउँमा राख्नुपर्ने र नियमित सबै महिनामा औषधिहरु पर्याप्त मात्रामा सेवाग्राहीले पाउनुपर्ने
- जिल्ला अस्पतालले पाउने अनुदानहरु समयमै पाउनुको साथै औषधिको टेण्डर प्रक्रिया कानुन संवत समयमा नै हुनुपर्ने

**४.३.४ आयोगबाट भएका निर्णयहरु**

❖ आ. व. २०७५/०७६ मा आयोगबाट बुटवल कार्यालयको हकमा निर्णयको सिफारिस, तामेली, खारेज, टुंग्याई र पुनः पेश गर्ने विवरण :–

| कार्यालय | सिफारिस | | तामेली | खारेज | जम्मा फछ्र्यौट | पुनः पेश गर्ने | जम्मा निर्णय |
|---|---|---|---|---|---|---|---|
| | नीतिगत | उजुरीगत | | | | | |
| प्र.का. बुटवल | – | २ थान | ८५ थान | ५ थान | ९२थान | ३ थान | ९५ थान |
| जम्मा निर्णय : | | २ थान | ८५ थान | ५ थान | ९२थान | ३ थान | ९५ थान |

**४.३ .५ मानव अधिकार संरक्षणमा आयोगबाट भएको हस्तक्षेप (Major Interventions)**

- यस आ.व. मा पदेशस्तरीय तीनवटा महत्वपूर्ण कार्यक्रमहरु सम्पन्न भएका छन् । पहिलो मौलिक हकहरुको कार्यान्वयनमा प्रदेश सरकार तथा प्रदेशसभाको भूमिका, दोस्रो महिला हिंसा न्यनिकरण, मानव अधिकारको संरक्षण एवं सुरक्षामा नेपाल प्रहरीको जवाफदेहिता विषयक राष्ट्रिय अभियान र तेस्रो बाल विवाह अन्त्यका लागि सरोकारवालाहरुको भूमिका रहेका छन् । उल्लेखित कार्यक्रमहरुले मानव अधिकारमैत्री कानुन निर्माण गर्न, मानव अधिकारमुखी विकास पद्धतीको अवलम्बन गर्न, महिला हिंसा न्यूनिकरणमा पहल गर्न साथै बाल विवाह अन्त्यका लागि सरोकारावालाहरुको ध्यान आकृष्ट भई सो सम्बन्धमा कार्य गर्न आफ्नो भूमिका पहिचान गरी अगाडि वढ्ने प्रतिवद्धता प्राप्त भएको छ ।
- यस कार्यालयको कार्यक्षेत्र अन्तरगत पर्ने सबै जिल्लाहरुका कारागार तथा हिरासतकक्षहरुको अनुमन गरी प्रतिवेदन तयार गरी सुधारको लागि सरकोकारबाला कार्यालय केहि निकायलाई सुझाव दिईएको छ ।
- यस कार्यालयको कार्यक्षेत्र अन्तरगत पर्ने सबै जिल्लाहरुमा जातीय विभेद तथा छुवाछुत विरुद्धको अधिकारबारे सचेतना अभिबृद्धि गरी समाजमा जातीय विभेद तथा छुवाछुत अन्त्य गर्न साथै सो सम्बन्धी घट्ना मानव अधिकार उल्लंघनको समेत विषय भएकोले सो को उजागर गरी दोषीलाई कानुनी कारवाहीको दायरामा ल्याउन तथा पीडिलाई न्यायप्राप्तीको लागि पहल गर्न सरोकारवालाहरुको ध्यानाकर्षण गराइएको थियो ।
- जनप्रतिनिधीहरुलाई लक्षित गरी स्थानीय न्यायिक समितिहरुबाट प्रदान गरिने न्यायसम्पादनमा प्रभावकारिता अभिबृद्धि गर्ने, स्थानीय तहमा निर्माण गरिने कानुनहरु मानव अधिकारमैत्री बनाउन पहल गर्ने आदि उद्देश्यले यस प्रदेशका कपिलबस्तु जिल्लाका सबै (१०) स्थानीय तह र पाल्पा जिल्लाका ४ वटा स्थानीय तहलाई लक्षित गरी स्थानीय तहमा विवाद समाधान, मानव अधिकार र मानव अधिकारमुखि विकास पद्धती विषयक अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको र ती निकायहरुको आगामी दिनहरुमा सम्पादन गर्ने कार्यहरुमा ज्ञान, सीप र क्षमता अभिबृद्धि हुने आयोगको अपेक्षा रहेको छ ।
- आयोगको रणनीतिक योजना सन २०१५ देखि २०२० को कार्यान्वयनको क्रममा सबैका लागि घरघरमा मानव अधिकार शान्ति र विकासको आधार निर्माण गर्ने उद्देश्यले घरघरमा मानव अधिकार शिक्षा कार्यक्रमहरु स्थानीय तहमा संचालन गरियो । यसले समुदायतहमा मानव अधिकार सचेतनामा अभिबृद्धि भएको छ ।
- नियमित रुपमा यस प्रदेशको मानव अधिकार अवस्थाको अनुगमन गरि मानव अधिकारकर्मी लगायतका सरोकारवालाहरुसँग अन्तर्क्रिया सम्पन्न गरी मानव अधिकार सवालहरुको पहिचान भएका छन् । आगामी दिनहरुमा कार्ययोजना निर्माण तथा कार्यान्वयनको क्रमसँगै ति सवालहरुको सम्बोधन हुने नै छ ।
- यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायहरुको हक अधिकारको सवालमा अन्तरक्रिया गरी आम सरोकारावाला निकायहरुबीच सचेतना अभिबृद्धि भएको छ । आयोगले गरेको कार्यक्रमपश्चात प्रदेशको सामाजिक विकास मन्त्रालयले ती वर्ग समुदायलाई लक्षित गरी थप कार्यक्रमहरु समेत सम्पन्न गरेको छ ।

➢ मानव अधिकार उल्लंघन भनिएका यस क्षेत्रका केहि महत्वपूर्ण घट्नाहरुको अनुगमन गरी पीडितको मानव अधिकार संरक्षणको लागि राज्यका निकायहरुसँग आवश्यक समन्वय गरिएको छ ।

### ४.३.६ समन्वय र सहकार्य

मानव अधिकार संरक्षण तथा सम्वर्द्धन र यसको प्रभावकारी कार्यान्वयनको लागि आयोगले विभिन्न निकायहरुसँग आवश्यक समन्वय गर्ने गर्दछ । मानव अधिकार उल्लंघनको घट्नाको उजुरी ग्रहण गरी अनुगमन तथा अनुसन्धान गर्ने कार्यमा सम्बन्धीत सरोकारवालाहरुसँग सूचना तथा तथ्यांक विवरणहरु प्राप्तीको लागि साथै प्राप्त सूचना एवं विवरणहरुको सत्य तथ्य पहिचान गर्ने कार्यमा आवश्यक समन्वय गर्ने गर्दछ । यसै गरी मानव अधिकार सचेतना अभिबृद्धिको लागि स्थानीय तह, मानव अधिकार सम्बन्धी गैरसरकारी संघसंस्था, नागरिक समाज, पेशागत संघसंस्था लगायतका सरोकारवालाहरुसँग तालिम, अभिमुखिकरण, अन्तर्क्रिया, छलफल, गोष्ठिहरु संचालन गर्ने गर्दछ । ती निकायहरुसँग गरिने सहकार्य एवं समन्वयमा एकरुपता ल्याउन, प्रभावकारिता अभिबृद्धि गर्न र आयोग र अन्य संघसंस्थाहरुबीच संस्थागत सुदृढिकरण अभिबृद्धि गरी आयोगको रणनीतिक योजना सन २०१५ देखि २०२० लाई कार्यान्वयनमा लैजान मद्दत पुग्ने उद्देश्यले आयोगले सहकार्य तथा समन्वय निर्देशिका समेत तयार गरी कार्य अगाडि वढाएको छ ।

यसै सन्दर्भमा यस कार्यालयले मानव अधिकार सम्बन्धी सचेतना अभिबृद्धि गर्ने दौरानमा सम्पन्न तालिम, अन्तर्क्रिया, छलफल, गोष्ठि आदिको लागि जिल्ला समन्वय समिति, नवलपरासी, कपिलबस्तु, अर्घाखाँची, गुल्मी र पाल्पा, रामग्राम नगरपालिका नवलपरासी, शुद्धोधन गाउँपालिका फर्साटिकर, रुपन्देही, लैंगिक तथा यौनिक अल्पसंख्यकहरुको समुदाय रुपन्देही, माहुरी होम कपिलबस्तु, दलितअधिकारको क्षेत्रमा कार्य गर्ने दलित सामाजिक विकास केन्द्र कपिलबस्तु, अनौपचारिक क्षेत्र सेवा केन्द्र, अर्घाखाँची र रुपन्देही, उत्पीडित समुदाय उत्थान केन्द्र गुल्मी, मानव अधिकार सरोकारकेन्द्र पाल्पा, मानव अधिकार तथा शान्ति समाज रुपन्देही, नेपाल पत्रकार महासंघ रुपन्देही, गैरसरकारी संस्था महासंघ रुपन्देही, बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान सिजव, आदिसँग प्रदेश र स्थानीय तहमा गरिने कार्यक्रमहरुमा आवश्यक समन्वय गरिएको थियो ।

### ४.४ सम्बर्द्धन सम्बन्धी कार्यहरु

यस कार्यालयको चालु आ.व.को स्वीकृत वार्षिक कार्ययोजना बमोजिम विभिन्न सम्वर्द्धनात्मक गतिविधीहरु सम्पन्न भएका छन् । मानव अधिकार सम्वर्द्धनको लागि एकल वा सहकार्यमा विभिन्न तालिम, गोष्ठि, अन्तर्क्रिया, छलफल लगायतका सम्वर्द्धनात्मक क्रियाकलापहरुलाई निरन्तरता दिइएको छ । राज्यको पुनरसंरचना सँगै देश संघीयतामा गएको अवस्था र निर्वाचन मार्फत जनप्रतिनिधीहरु चयन भइसकेको अवस्थामा मानव अधिकारका सवालहरुलाई जनप्रतिनिधीहरु समक्ष छलफल गर्ने उद्देश्यले आयोगले यस वर्ष जनप्रतिनिधीहरुसँग मानव अधिकार सम्बन्धी अन्तर्क्रिया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको छ । आयोगको रणनीति योजना २०१५ देखि २०२०ले घरघरमा मानव अधिकार : शान्ति र विकासको आधार भन्ने नारालाई साकार पार्न मानव अधिकार शिक्षालाई अभियानको रुपमा अगाडि वढाउँदै आएको छ । यसै सन्दर्भमा घरघरमा मानव अधिकार शिक्षा सम्बन्धी कार्यक्रमलाई स्थानीय तहसम्म पुग्ने गरी केही स्थानीय तहहरुमा संचालन गरिसकेको छ । आगामी योजनाहरुमा पनि यसप्रकारका कार्यक्रमहरुको प्रभावकारितालाई मध्यनजर गर्दै निरन्तरता दिनुपर्ने समेत आवश्यकता देखिएको छ । समाजमा मानव अधिकार संस्कृति निर्माणको लागि, विवादको समाधान गरी दीगो शान्ति कायम गर्ने, सामाजिक सद्भाव, आपसी समन्वय र सहकार्यलाई अभिबृद्धि गरी मानव अधिकारमैत्री विकासलाई वढावा दिन सघाउ पुर्‍याउने उद्देश्यले स्थानीय न्यायिक समितिका पदाधीकारी लगायत जनप्रतिनिधीहरुलाई विवाद समाधान, मानव अधिकार र मानव अधिकारमुखि विकास पद्धती विषयक अभिमुखिकरण कार्यक्रमहरु कपिलबस्तु जिल्लाको सबै (१० वटा) स्थानीय तहको सहभागीतामा तिलौराकोटमा र पाल्पा जिल्लाको चारवटा स्थानीय तहको संलग्नतामा पाल्पा जिल्लाको रामपुरमा उक्त कार्यक्रम संचालन गरिएको थियो । यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको अधिकार विषयमा रुपन्देही जिल्लाको बुटलवमा र जातीय विभेद तथा छुवाछुत विरुद्धको अधिकारको विषयमा रुपन्देही, कपिलबस्तु, अर्घाखाँची, गुल्मी र पाल्पा जिल्लामा अन्तरर्क्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त अन्तरर्क्रिया कार्यक्रमबाट लैंगिक तथा यौनिक अल्पसंखयक समुदायको मानव अधिकारको सवालहरुको पहिचान भएको साथै जातीय विभेद तथा छुवाछुतको अवस्था उजागार भएको थियो । आयोग लगायत अन्य सरोकारवाला निकायहरुबाट आगामी दिनहरुमा ती वर्ग समुदाय तथा मानव अधिकारका सवालहरुमा के कस्ता कार्ययोजना तर्जूमा गरी कार्यान्वयन गर्ने साथै मानव अधिकार अवस्था सुधारको लागि के कस्ता पहल गर्न सकिन्छ भन्ने बारेमा सहभागीहरुले समीक्षात्मक टिप्पणी गरेका थिए । उल्लेखित कार्यक्रमहरुबारे संक्षिप्त विवरणहरु यसप्रकार उल्लेख गरिएको छ । संचारमाध्यमको उपयोग गरी प्रदेशको मानव अधिकारको सवालमा वहस, पैरवी गर्ने

र सरोकारवालाहरुलाई आयोगको क्रियाकलापहरुको बारेमा जानकारी दिने कार्यहरु सम्पन्न भएका छन् । यसै गरी आयोगबाट प्रकाशित विभिन्न सचेतनामूलक सामग्रीहरुको वितरण गर्ने गरिएको छ ।

मानव अधिकारको क्षेत्रमा कार्य गर्ने विभिन्न गैरसरकारी संघसंस्थाहरुबाट आयोजना गरिएका तालिममा स्रोतव्यक्ति भई मानव अधिकारका सवालमा प्रशिक्षण दिने गरिएको । यसका साथै अन्य निकायहरुबाट आमन्त्रण गएिका कार्यक्रमहरुमा प्रमुख अतिथी, अतिथी र सहभागीको रुपमा उपस्थित भई आयोगको क्रियाकलापहरुको बारेमा मन्तव्य मार्फत सरोकारवालाहरुलाई जानकारी दिने साथै मानव अधिकार सम्वर्द्धनकोलागि आवश्यक सुझावहरु प्रदान गर्ने गरिएको छ ।

**(क) गुल्मी जिल्लाको दरवार गाउँपालिकामा मानव अधिकार संरक्षणमा स्थानीयतहको भूमिका बिषयक अभिमुखीकरण कार्यक्रम**

स्थानीय तहले कर बढी लगाएको, मानव अधिकार मैत्री ब्यवहार नगरेको, उपभोक्ता अधिकारको ब्यापक उल्लंघन भईरहेको छ भन्ने संचार माध्यममा समाचार समेत प्रकाशन प्रशारण भएको अवस्थामा राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ को कार्यालयले मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि गुल्मी जिल्लाको दरवार गाउँपालिकामा मानव अधिकार संरक्षणमा स्थानीय तहको भूमिका बिषयक अभिमुखीकरण कार्यक्रम मिति २०७५ असोज २१ गतेका दिन आयोजना गरेको थियो । उक्त कार्यक्रम उक्त गुल्मी जिल्लाको दरबार गाउँपालिका स्थित गौडाकोटमा ऐ का प्रमुख अशोक कुमार थापाको अध्यक्षतामा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको थियो । अभिमुखीकरण कार्यक्रममा ऐ का उप प्रमुख मिना भण्डारी, वडा अध्यक्ष, कार्यकारिणी सदस्य, प्रमुख प्रशासकीय अधिकृत तथा वडा सचिवहरु, संघ सस्थाका प्रमुख तथा प्रतिनिधि, मानव अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधिको सहभागिता रहेको थियो । उक्त अभिमुखीकरण कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग प्रदेश कार्यालय बुटवलका उप निर्देशक पवनकुमार भट्टले मानव अधिकार, मानव अधिकारको अवधारणा, मानव अधिकारको संरक्षणमा स्थानीय तहको भूमिकाको बारेमा प्रस्तुती राख्नु भएको थियो । उक्त कार्यक्रममा ५४ जना भन्दा बढी ब्यक्तिको सहभागिता रहेको थियो । मानव अधिकार संरक्षणमा स्थानीय तहको भूमिकाको बारेमा प्रस्तुती राखेपश्चात सहभागिमाझ खुल्ला छलफल पश्चात गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत, उप प्रमुख, गाउँपालिका प्रमुख तथा उप निर्देशक भट्टले आ-आफ्नो भनाई राखि कार्यक्रम सम्पन्न भएको थियो ।

उक्त कार्यक्रमको उद्देश्य गुल्मी जिल्लाको दरवार गाउँपालिका क्षेत्रको मानव अधिकारको अवस्थाकाबारेमा स्थानीय तहका पदाधिकारी, नागरिक समाज तथा स्थानीय निकायका बिचमा छलफल गर्ने, दरबार गाउँपालिकाले के कसरी जन चेतना अभिबृद्धि गरी आम नागरिक प्रति मानव अधिकार मैत्री बन्न सकिन्छ भन्ने सन्दर्भमा छलफल गर्ने र न्यायिक समितिले गरेको काम, सामाधान गरेको गुनासा तथा सामना गर्नु परेको चुनौती र सामाधानका उपायका बारेमा छलफल गर्ने रहेको थियो ।

**(ख) ७० औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस**

संयुक्त राष्ट्र संघद्वारा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको ७० औं वर्ष, मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरुको सक्षमता र प्रभावकारिता सम्बन्धी पेरिस सिद्धान्त, १९९३ जारी भएको २५ औं वर्षगाठ तथा मानव अधिकार रक्षक सम्बन्धी घोषणा पत्र, १९९८ जारी भएको २० औं वर्ष पुगेको अवसरमा ७० औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउन राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक कार्ययोजना रहेको हुँदा यस रुपन्देही जिल्लामा रहेका मानव अधिकारसंग सम्बन्धीत संघ संस्थाहरु तथा मानव अधिकारको संरक्षण तथा सम्बर्धनको प्रमुख दायित्व र भूमिका रहेको प्रदेश सरकारका बिभिन्न मन्त्रालयहरुसंग समन्वय र सहकार्य गरि मिति २०७५/८/२१ गतेबाट चार दिवसीय बिभिन्न मानव अधिकारको जनचेतनामुलक कार्यक्रमहरुको आयोजना गरी मनाईएको थियो ।

७० औं मानव अधिकार दिवसको अवसरमा बिबिध पक्षमा जनचेतना फैलाउने उद्देश्य रहेको थियो । साथै प्रदेश सरकार, स्थानीय निकाय, गैरसरकारी संघ संस्था तथा नागरिक समाज लगायतका पक्षहरुको मानव अधिकार संरक्षण तथा सम्बर्द्धनमा हुने भूमिका सम्बन्धमा सचेतिकरण गर्ने लक्ष्य राखेको थियो । सो कार्यक्रमले मानव अधिकारसंग सम्बन्धीत क्षेत्रमा कार्यरत संघ संस्थाहरुसंगको सहकार्य समन्वयमा अभिवृद्धि गरेको थियो ।

७० औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्वर) को अन्तराष्ट्रिय नारा समानता, न्याय र मानवीय मर्यादाका लागि जागौं तथा "सबैंका लागि घर घरमा मानव अधिकार : शान्ति र बिकासको आधार" भन्ने आयोगको नारासाथ प्रदेश सरकार, मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालयल एवम् विभिन्न संघ संस्थासंग समन्वय गरी चार दिवसीय कार्यक्रम यस प्रदेशको राजधानी बुटवल आसपासका क्षेत्रमा मानव अधिकारका बिषयमा नागरिक समाज र सारोकारवालाका बिचमा छलफल, विद्यालयहरुमा मानव अधिकार, बाल अधिका र तथा तेस्रो लिगींका अधिकार सम्वन्धमा अभिमुखीकरण, प्रदेश नं ५ को मानव अधिकारको अवस्थाका सम्वन्धमा अर्न्तक्रिया, मानव

अधिकार दिवसको पूर्ब सन्ध्यामा सार्बजनिक स्थलहरुमा दीप प्रज्वलन र बुटवल स्थित राजमार्ग चौराहा देखि पुष्पलाल पार्क सम्म प्रभात फेरी जस्ता कार्यक्रमको आयोजना गरी सभ्य र भब्य रुपमा मनाईएको थियो । प्रभात फेरी कार्यक्रममा २४० जनाको सहभागिता रहेको थियो ।

**(ग) पाल्पा जिल्लाको रामपुर नगरपालिकामा मानव अधिकार संरक्षणमा स्थानीय तहको भूमिका विषयक अभिमुखीकरण कार्यक्रम**

स्थानीय तहले मानव अधिकार मैत्री ब्यवहार नगरेको, न्यायिक समितिले गुनासा नसुनि दिएको भन्ने जानकारी आयोगमा प्राप्त भए पश्चात राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ को कार्यालयले मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि पाल्पा जिल्लाको रामपुर नगरपालिकामा मानव अधिकार संरक्षणमा स्थानीय तहको भूमिका बिषयक अभिमुखीकरण कार्यक्रम मिति २०७५ पुष ११ गतेका दिन आयोजना गरेको थियो । राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ का उपनिर्देशक पवनकुमार भट्टको अध्यक्षता तथा रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाको प्रमुख आतिथ्यता र नगर उपप्रमुख बिष्णु घिमिरे आचार्य, प्रमुख प्रशासकीय अधिकृत, ईलाका प्रशासन कार्यालयका प्रमुख, ईलाका प्रहरी कार्यालयका प्रमुख तथा वडा सचिवहरु, कार्यकारिणी सदस्य, संघ सस्थाका प्रमुख तथा प्रतिनिधि, दशवटै वडाका वडा अध्यक्ष, नागरिक समाज, पत्रकार, अधिकारकर्मी लगायतको उपस्थितिमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । उक्त अभिमुखीकरण कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. ५ कार्यालय बुटवलका उपनिर्देशक पवनकुमार भट्टले मानव अधिकार, मानव अधिकारको अवधारणा, मानव अधिकारको संरक्षणमा स्थानीय तहको भूमिकाको बारेमा प्रस्तुती राख्नु भएको थियो । उक्त कार्यक्रममा ७५ जना भन्दा बढी ब्यक्तिको सहभागिता रहेको थियो । मुलुकी देवानी कार्यबिधि संहिताका सम्वन्धमा अधिबक्ता गिता शर्माले प्रस्तुती राखेपश्चात सहभागिमाभ्ग खुल्ला छलफल गरिएको थियो । अन्तमा नगर प्रमुख थापा, तथा आयोग प्रदेश नं ५ कार्यालयका उपप्रमुख भट्टले आ आफ्नो भनाई राखि कार्यक्रम सम्पन्न भएको थियो ।

**(घ) तौलीहवा नगरपालिकामा मानव अधिकार संरक्षणमा स्थानीय तहको भूमीका**

घर घरमा मानव अधिकार शिक्षा अर्न्तगत कपिलवस्तु जिल्लाको तौलीहवा नगरपालिकामा मानव अधिकार संरक्षणमा स्थानीय तहको भूमिका बिषयक अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । स्थानीय तहले कर बढी लगाएको, मानव अधिकार मैत्री ब्यवहार नगरेको, उपभोक्ताहरुको अधिकारको उलघंन भएको, न्यायिक समितिले कानुनको सर्वमान्य सिद्धान्त अनुसार कार्य गर्न नसकेको भन्ने जानकारी आयोगलाई प्राप्त भए पश्चात मानवअधिकार मैत्री माध्यमबाट के कसरी सेवा प्रवाह गर्न सकिन्छ साथै न्याय सम्पादनको सर्वमान्य सिद्धान्तहरुको सम्बन्धमा सचेतिकरण गर्न राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. ५ कार्यालयले कपिलबस्तु जिल्लाको तौलिहवा नगरपालिकामा मानव अधिकार संरक्षणमा स्थानीय तहको भूमिका विषयक अभिमुखिकरण कार्यक्रम २०७५ पौष २६ गते तौलिहवा, कपिलवस्तुमा सम्पन्न गरेको थियो । उक्त कार्यक्रमको अध्यक्षता राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालयका उप निर्देशक पवनकुमार भट्टले गर्नु भएको थियो भने प्रमुख अतिथी तौलीहवा नगरपालिकाका प्रमुख किरण सिह र अतिथीमा न्यायिक समितिका संयोजक तथा तौलीहवा नगरपालिका उप प्रमुख लक्ष्मी गुप्ता साव रहनु भएको थियो । कार्यक्रममा वडा अध्यक्ष, नगरपालिकाका कार्यकारणी सभा, न्याययिक समितिका सदस्यहरु, मानव अधिकारकर्मी, नागरिक समाजका अगुवा पत्रकार तथा कर्मचारीहरु गरी करिब ५५ जनाको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रमको संचालन मानव अधिकार अधिकृत दीपक ठाकुरले गर्नु भएको थियो ।

उक्त कार्यक्रमको उद्देश्य स्थानीय कार्यपालिका, व्यवस्थापिका र न्यायिक समितिले सेवा प्रवाह गर्दा मानव अधिकार मैत्री पद्धती अबलम्वन गर्न तथा जनप्रतिनीधिहरुलाई मानव अधिकार र बिकासको सम्बन्धमा सचेतिकरण गर्नु रहेको थियो । मानव अधिकार र बिकासको सम्वन्धमा प्रमुख भट्टले प्रस्तुती राखेपछि खुल्ला छलफल गरिएको थियो । तौलिहवा नगरपालिकाको कार्यकाणी समितिका महिला सदस्य श्री उर्मिला कोरी लगायत अन्य सहभागीहरुले हाल सम्म तौलिहवा नगरपालिकाको न्यायिक समितिको न्यायिक सुनुवाइ कक्षको निमार्ण भइ नसकेको हुँदा समितिलाई काम गर्न समस्या परेकोछ । समुदायमा जातीय सामाजिक विभेद जारी नै रहेको हुँदा समितिलाई ठुलो समस्या रहेको छ । महिला सदस्यहरुलाई कुनै काममा गर्ने जिम्मेवारी दिइएको छैन् । हामी महिला सदस्यहरु अन्योलमा रहेका छौ किन कि हामीलाई आम नागरिकको काम गर्न जिम्मोरी दिइएको छैन । केवल माइन्युटमा हस्ताक्षरको लागि मात्र सोधपुछ गरिन्छ । अन्य कुरामा हामीसंग कुनै सरोकार नै हुदैन यसर्थ हाम्रो मानव अधिकार कुण्ठित भएको छ । यसलाई कसरी समाधान गर्न सकिन्छ भनी प्रश्न राख्नु भएको थियो । हामी सबै मिलेर काम गर्नु पर्दछ । हामी र हाम्रो समाजको संरचना पुरानो भएको कारण अझै पनि हाम्रा बालबलिकाहरु विद्यालय जान सकेका छैनन् । हाम्रो नगरपालिकामा चर्पिको कार्य भइरहेको छ जुन जनमुदायको लागि अतिआवश्यक रहि

आएको छ भनी तौलिहवा नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष तथा सामाजिक बिकास संयोजक प्रकास गैरेले भनाई राख्नु भएको थियो ।

तौलिहवा नगरपालिकाको न्यायिक समितिको न्याय सम्पादन गर्ने कार्यको लागि अझ सम्म पनि छुट्टै न्याय सम्पादन कक्षको ब्यवस्था हुन नसक्नु र उपमेयरले आफनै कार्यकक्षबाट न्यायिक कार्य सम्पादन गर्दा बिभिन्न समयाहरु आउने गरेको कुरा न्यायिक समितिका सदस्य श्री ओम प्रकास पाण्डे तथा तौलिहवा नगरपालिकाको प्रेस सल्लाहकार खगप्रसाद चापागाइले राख्नु भएको थियो ।

कार्यक्रमको समापन सत्रमा मनतब्य राख्दै तौलिहवा नगरपालिकाका उपमेयर तथा न्यायकि समितिका संयोजक श्री लक्ष्मी गुप्ता सावले हामी महिला कमजोर भएको अनुभुति गर्नु हुदैन । स्वच्छ मनले काम गरेमा पक्कै सफलता पाइन्छ भनी सहभागीहरुलाई हौंसल्याउनु भएको थियो । कार्यपत्र ज्यादै राम्रो र प्रभावकारी रहेको टिप्पणी गर्नु भएको थियो । न्याय सम्पादनको क्रममा अपनाउनु पर्ने सावधानी बिधिका सम्बन्धमा स्पष्ट प्रस्तुती गरिएकोबाट आफुले धेरैकुरा सिकेको बताउनु भयो । राष्ट्रिय मानव अधिकार आयागले प्रस्तुत गरेको कार्यपत्रमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ ले नगरपालिकाले संचालन गर्न पाउने कार्य, स्थानीय सकार संचालन ऐन २०७४ को दफा १०२ बाट नगरपालिकाले बनाउने कानुन, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४६ बमोजिम अनुसूचीमा रहेका न्यायिक समितिको कार्यादेश सम्बन्धमा न्यायिक समितिले गर्नु पर्ने मानव अधिकारमुखि कार्यसम्पादन बिधि अनुरुप नै आफूहरु कार्य गर्ने र गरिरहने कुरा प्रतिद्धता जनाउदै आयोगले न्यायिक समिति लगायत नगरपालिका परिवारलाई मानव अधिकारको आधारभुत कुरा जानकारी गराई नगरपालिकाबाट हुने सेवा प्रवाहमा मानवीय मुल्य मानयताको आधारमा कार्य संचालन गर्न मनोबल बढाएकोमा विषेश धन्यबाद दिदै कार्यक्रमको समापन भएको थियो ।

### (ङ) महिला सशक्तिकरण तथा मानव अधिकार

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यलय बुटवलले महिला सशक्तिकरण तथा मानव अधिकारको विविध पक्षमा जनचेतना फैलाउने तथा मानव अधिकारसँग सम्बन्धीत क्षेत्रमा कार्यरत महिला अधिकारकर्मीसँग सहकार्य, समन्वय गर्ने उद्देश्यले “महिला सशक्तिकरण तथा मानव अधिकार” विषयक अर्न्तक्रिया कार्यक्रम २२ फागुन २०७५, तिलोत्तमा नगरपालिकामा आयोजना गरेको थियो ।

उक्त कार्यक्रममा तिलोत्तमा नगरपालिका १७ रुपन्देहीका जनप्रतिनिधि, महिला बचत तथा ऋण सहकारी संस्थाका प्रतिनिधिहरु, थारु कल्याणकारीणी सभाका प्रतिनिधिहरु तथा विभिन्न महिला समूहको प्रतिनिधिहरु तथा स्थानीय महिलाहरु गरी करिब ४१ जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा महिला विरुद्धका सबै प्रकारका विभेद र हिंसाको अन्त्य, महिलाहरुको हक तथा अधिकारको सुरक्षा र प्रबर्दन, राज्यले नीति, कानुन र विकासका कार्यक्रम संचालन गरी महिला सहभागिता गराउने, महिलाहरुमा भएको अन्तर्निहित क्षमतालाई वृद्धि र महिला सशक्तिकरणका आयामहरुका बारेमा सहभागीहरुले खुला छलफल गरेका थिए ।

### (च) सबै किसिमका जातीय भेदभाव विरुद्धको अन्तर्राष्ट्रिय दिवस

“सबै प्रकारका जातीय भेदभाव र छुवाछुतको अन्त्य गरौ सामाजिक न्याय र समता मुलक समाज निर्माण एक जुट होऔं” लगायत विभिन्न नाराका साथ सबै किसिमका जातीय भेदभाव विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाउदै छौं । बहुसंख्यक गोरा सरकारले सन् १९४८ देखि रंगभेद नीति लागू गरी काला जाती माथि व्यापक विभेद गर्न थालेपछि नेल्सन मन्डेलाको अगुवाईमा अफ्रिकामा आन्दोलन भयो । २१ मार्च १९६० मा दक्षिण अफ्रिकाका सार्पभिल्ले भन्ने ठाउँमा उक्त विभेदकारी नीतिका विरुद्धमा शान्तिपुर्ण रुपमा सडकमा निस्किएका हजारौ मानिसहरुको जुलुसलाई त्यहाँको तानाशाही सरकारले दमन गर्दा ६९ जनाको ज्यान गएको थियो । रंगभेद विरुद्धको त्यो ऐतिहासिक संघर्ष लगायत एसियामा एक जातीय विभेद विरुद्धका घटना र संघर्षको उपज १९६६ मा संयुक्त राष्ट्र संघको साधारण सभाले मार्च २१ लाई अन्तराष्ट्रिय जातीय तथा रंगभेद उन्मूलन दिवस घोषणा गर्यो । साथै सम्पुर्ण सदस्य राष्ट्रहरुले त्यस प्रकारको भेदभाव विरुद्ध कानून बनाउनु पर्ने वा विभेद उन्मूलन गर्नुपर्ने महासन्धीमा हस्ताक्षर भयो । सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९६५ को २१ डिसेम्बरका दिन संयुक्त राष्ट्रसंघको महासभाद्वारा पारित भई सन् १९६९ को ४ जनवरी देखि लागू भयो । नेपालले सन् १९७१ जनवरी ३० तदअनुसार वि.स. २०२७ माघ १७ मा अनुमोदन गर्यो ।

जातीय विभेद तथा सामाजिक कुरीतिका घटनाहरु कपिलवस्तु जिल्लामा बढी हुने गरेको कारण राष्ट्रिय मानव अधिकार आयोगको आथिर्थक वर्ष ०७५/०७६ सालको कार्ययोजना अनुसार जातीय विभेद बिरुद्धको दिवस मनाउन

कपिलवस्तु जिल्लाको मायादेबी गाउँपालिकालाई छनौट गरिएको थियो । यसै शिलसिलामा राष्टिय मानव अधिकार आयोग प्रदेश नं. ५ कार्यालय बुटवलले कपिलवस्तु जिल्लाको मायादेवी गाउँपालिकाको बलुहवा स्थित जनता माध्यमिक विद्यालय बलुहवामा स्थानीय जनप्रतिनिधि, विद्यालयका शिक्षक, विद्यार्थी,अभिभावक दलित संघ संस्थाहरुका प्रतिनिधिहरुको गरि १०० जनाको सहभागितामा सामाजिक कुरीति विसंगती निराकरण/अन्त्यका लागी सरोकारवालाहरुको भूमिका विषयक अतरक्रियात्मक कार्यक्रमको आयोजना गरेको हो । सामाजिक कुरीति तथा जातीय विभेदलाई जनसमुदाय समक्ष प्रस्तुत गर्दै सो सम्बन्धमा भएका कानूनी व्यवस्थाको बारे जानकारी गराई मानव अधिकार तथा विभेद न्युनिकरणका लागि सबैको दायित्वलाई बोधगम्य गरी मानव अधिकार संकृतिको प्रर्बद्धन गर्ने उद्देश्यका साथ कार्यक्रम आयोजना भएको मिति २०७५/१२/६ र ७ गते आयोजना भएको थियो । कार्यक्रममा सहभागीहरुले सदरमुकाममा दलित विद्यार्थी र कर्मचारीहरुलाई डेरा दिन नमानेकाले समस्या भएको, सामाजिक बोलिचालीमा अझै पनि विभेदकारी शब्दावली प्रयोग गर्ने गरेर अपहेलीत गर्ने गरेको अवस्था कायमै रहेको बताएका थिए । दलित महिला सदस्स्यहरुलाई केवल ताली बजाउन र नाम मात्रको सहभागिताको लागि बोलाउने गरिएको अवस्स्था कायमै रहेको, बजेट जसको लागि छुट्याइएको हो तिनै व्यक्ति र समुदायको अगुवाई हुनु पर्नेमा व्यवहारमा त्यस्तो नदेखिएको र गैर दलित मानिसहरु र पहुँचवालाहरु लाभान्वित हुने गरेको बताएका थिए । कार्यालयहरुमा दलितहरुको उपस्थिति नभएको र दलितलाई कार्यालयहरुमा अझै पनि अपहेलित गर्ने परिपाटी ब्यवहारिक रुपमा रहेको बताए ।

**छ)महिला हिंसा न्युनीकरण, मानवअधिकारको संरक्षण एवं सुरक्षामा नेपाल प्रहरीको जवाफ देहिता विषयक "राष्ट्रिय अभियान"**

राष्ट्रिय मानव अधिकार आयोगले महिला हिंसा न्युनीकरण, मानवअधिकारको संरक्षण एवं सुरक्षामा नेपाल प्रहरीको जवाफदेहिता विषयक "राष्ट्रिय अभियान" मिति २०७६/०१/२४ गते रुपन्देहीको बुटवलमा सम्पन्न गरेको छ । उक्त कार्यक्रम प्रदेश नं. ५ सरकारका मुख्यमन्त्री माननीय शंकर पोखरेलज्यूको प्रमुख आतिथ्यतामा आयोगका माननीय सदस्य मोहना अन्सारीज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा आन्तरिक मामिला तथा कानुन मन्त्री कुल प्रसाद केसी, सामाजिक विकास मन्त्री सुदर्शन बराल, नेपाल प्रहरीका अतिरिक्त महानिरिक्षक पुष्कर कार्की, रुपन्देही जिल्ला समन्वय समितिका प्रमुख एकराज विक, रुपन्देही, कपिलवस्तु, नवलपरासी पूर्व, पाल्पा, गुल्मी, अर्घाखाँची जिल्लाका प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुख लगायत सरकारी तथा सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, न्यायिक समितिका संयोजक, सदस्य, कानुन व्यवसायी, नागरिक समाज मानव अधिकारकर्मी, पीडित, पत्रकारहरुको सहभागिता रहने गरी करिब १७५ जनाको सहभागीता रहेको थियो । उक्त कार्यक्रमको उद्घाटन पानसमा दीप प्रज्वलन गरी मा. मुख्यमन्त्रीज्यू बाट भएका थियो । यस कार्यालयको उद्देश्य प्रदेश नं. ५ का सरोकारवाला निकायहरुलाई महिला अधिकारको अवस्था बुझी महिला हिंसा न्यूनिकरणको लागि आवश्यक योजना बनाउन सहयोग मिल्ने साथै महिला हिंसाको क्षेत्रमा काम गर्ने संघसंस्था, स्थानीय तह र निकायहरुबीच समन्वय, सहकार्यमा अभिवृद्धि भई महिला हिंसा न्यूनिकरण गर्न सहयोग पुऱ्याउने रहेको थियो । कार्यक्रममा आयोगको प्रदेश ५ कार्यालयका निर्देशक श्री सम्झना शर्माले "महिला हिंसा न्यूनीकरणमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका" विषयमा र नेपाल प्रहरीका एआईजी पुष्कर कार्कीले "महिला मानव अधिकार संरक्षण एवं सुरक्षामा नेपाल प्रहरीको जवाफदेहिता" विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

**(ज) बिबाद समाधानमा स्थानीय तह, मानव अधिकार र मानव अधिकारमुखी विकास पद्धति विषयक अभिमुखिकरण कार्यक्रम**

राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालयको आयोजना तथा आयोगको प्रदेश नं ५ कार्यालयको समन्वयमामा मिति २०७६/१/२६ देखि २८ सम्म कपिलबस्तु जिल्लामा बिबाद समाधानमा स्थानीय तह, मानव अधिकार र मानव अधिकारमुखी विकास पद्धति विषयक अभिमुखिकरण कार्यक्रम कार्यक्रम सम्पन्न गरिएको थियो ।

उक्त कार्यक्रममा कपिलबस्तु जिल्लाको १० वटै स्थानीय तह प्रमुख, उपप्रमुख, मेयर, उपमेयर तथा न्यायिक समितिका पदाधिकारीहरु र जि.स.स प्रमुख, जिल्ला समन्वय समिति तथा सम्बन्धीत कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यक्रमको मुख्य उद्देश्य मानव अधिकार संरक्षणमा स्थानीय तहको भूमिका तथा दायित्व विषयमा सरोकारवालहरुलाई दायित्व बोध गराई सचेतिकरण गर्नु । स्थानीय कार्यपालिका, स्थानीय ब्यवस्थापिका र न्यायीक समितिले सेवा प्रवाह तथा न्याय सम्पादन गर्दा फौजदारी कानुन, देवानी कानुन तथा मानव अधिकारको सिद्धान्त तथा मर्मअनुरुप कार्य गर्न सुझानु र न्याय सम्पादनको क्रममा अपनाइनु पर्ने कार्यविधिगत प्रक्रियाको सम्बन्धमा जानकारी गराउनु साथै राष्ट्रिय मानव अधिकार आयोगको प्रवर्धन गर्नु रहेको थियो । आयोगको माननीय सदस्य गोविन्द शर्मा पौड्यालज्यूको नेतृत्वमा निर्देशक द्वय सम्झना शर्मा र नवराज साप्कोटा, उपनिर्देशकहरु हरि ज्ञावाली, श्याम बावु काफ्लेबाट प्रस्तुतिकरण गरिएको थियो । उक्त कार्यक्रममा उच्च अदालत तुलसीपुर, बुटवल इजलासका मा. न्यायाधीश श्री बामदेव ज्ञवाली र कपिलबस्तु जिल्लाका मा. जिल्ला न्यायाधीश

श्री भरतमणी खनालले प्रस्तुतिकरण गरी सहभागीहरुलाई अभिमुखिकरण गर्नूभएको थियो । यस प्रकारका कार्यक्रमहरु सबै स्थानीय तहहरुमा संचालन गर्नको लागि आयोगबाट पहल गर्न सहभागीहरुले सुझाव दिएका थिए । कार्यक्रममा अत्यन्त व्यवहारिक विषयबस्तुहरुको उठान भएको र सबै सहभागहिरु छलफलमा सहभागी हुनुभएकोले कार्यक्रमको प्रभाव राम्रो हुने आयोगले अपेक्षा गरको छ ।

**(झ) स्थानीय तहमा विवाद समाधान, मानव अधिकार र मानव अधिकारमुखी पद्धती विषयक अभिमुखिकरण कार्यक्रम**

राष्ट्रिय मानव अधिकार आयोगको आयोजनामा पाल्पा जिल्लाको रामपुर नगरपालिकामा स्थानीय तहमा विवाद समाधान र मानव अधिकार विषयक २ दिवसीय अभिमुखीकरण कार्यक्रम मिति २०७६ साल बैशाख ३० र ३१ गते रामपुर पाल्पामा सम्पन्न भएको थियो । बैशाख ३० गतेको उद्घाटन सत्र राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य गोविन्द शर्मा पौड्यालको प्रमुख आथित्यमा र आयोगको प्रदेश नं. ५ कार्यालयका उप निर्देशक पवन कुमार भट्टको सभापतित्वमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा पाल्पा जिल्लाका ४ वटा स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरु, वडा अध्यक्ष, सदस्यहरु, कर्मचारी, पत्रकार र मानव अधिकारकर्मी सहित ६१ जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रमको उद्देश्य स्थानीय तहका न्यायिक समितिलाई विवाद समाधान तथा निरुपणका लागि अभिमुखीकरण गर्ने, स्थानीय तहमा मानव अधिकार र न्यायलाई प्रभावकारी ढङ्गबाट स्थापित गर्ने, जनप्रतिनिधिहरुलाई विकासका लागि मानव अधिकारमुखी पद्धतिको प्रवर्द्धनका खातिर सचेतीकरण गर्ने, मानव अधिकारको संरक्षण र सम्वर्द्धनको लागि स्थानीय तहका जनप्रतिनिधिहरुलाई जिम्मेवार र जवाफदेही बनाउने, आयोगको रणनीतिक उद्देश्यमा रहेको सबैका लागि घर घरमा मानव अधिकारः शान्ति र विकासको आधार लाई स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि मार्फत कार्यक्रमकै रुपमा अगाडि बढाउन उत्प्रेरित गर्ने, कार्यक्रमका सम्पूर्ण गतिविधिहरुलाई समेटी प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्ने आदि रहेको थियो ।

उक्त कार्यक्रमले विवाद समाधानमा स्थानीय तहका न्यायीक समितिका सदस्यहरुलाई आवश्यक पर्ने विधि, प्रकृया र सिद्धान्तका सम्बन्धमा जानकारी भएको, स्थानीयतहमा मेलमिलाप गर्दाका फाइदाहरु त्था विवादका विषयहरुबारे राम्रो ज्ञान भएको, न्याय निरुपणका लागि लाभान्वित भएको, मानव अधिकार सम्बन्धी आर्थिक,सामाजिक,साँस्कृतिक,राजनीतिक अधिकारको संरक्षण साथै न्यायिक निर्णय गर्न सहज भएको, स्थानीय तहमा न्याय निरुपण गर्दा मानव अधिकारको विषेश ख्याल गर्नु पर्ने विषयमा जानकारी भएको, विकास सँगसँगै मानव अधिकार अनिवार्य शर्त रहेको जानकारी भएको,मानव अधिकारको विषय संवेदनशिल विषय रहेछ भन्ने जानकारी भएको ।

**(ञ) बालविवाह अन्त्यका लागि बहुपक्षीय प्रादेशिक कार्यशाला**

नेपाल बालविवाह हुने विश्वका विभिन्न देशहरु मध्ये अग्रस्थानमा रहेको र दक्षिण एशियामा बंगलादेश र भारत पछि तेस्रो स्थानमा रहेको छ । नेपालका सबै क्षेत्रका समुदायमा बालविवाहको प्रचलन रहेको पाइन्छ । यद्यपि तराई र सुदूर पश्चिममा बालविवाहको दर तुलनात्मक रुपमा बढी रहेको विभिन्न तथ्याङ्कहरुले देखाएको छ । गरिबी, अशिक्षा, धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा वा अन्य कुनै कारणबाट प्रदेश नं. ५ का जिल्लाहरुमा बालविवाहका घटनाका समाचारहरु प्रकाशित भईरहेको अवस्था छ । कतिपय बालबालिकाको बालअधिकारको हनन् भई उनीहरुको भविष्यनै अन्धकार हुने अवस्थामा राष्ट्रिय मानव अधिकार आयोग (NHRC) र बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (CZOP) को संयुक्त आयोजनामा दुईदिने बालविवाह उन्मूलनका लागि सर्वपक्षीय प्रादेशिक कार्याशालाको आयोजना मिति २०७६/०२/५ र ६ गते रुपन्देहीको बुटवलमा सम्पन्न गरेको छ । उक्त कार्यक्रममा उच्च अदालत तुलसीपुर, बुटवल इजलास, बुटवलका माननीय मुख्य न्यायधीश श्री कुमार प्रसाद पोखरेलज्यूको प्रमुख आतिथ्यतामा राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. ५ कार्यलयका निर्देशक श्री सम्झना शर्माको अध्यक्षतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा प्रदेश कानुन मस्यौदा तथा सुझाव आयोग प्रदेशनं ५ का सदस्यमाननीय विष्णु पोखरेल, रुपन्देही जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी श्री कल्पना घिमिरे, सामाजिक विकास महाशाखा, सामाजिक विकास मन्त्रालय, प्रदेश नं ५ बुटवलका प्रमुख श्री शारदा बस्याल, ईलाका प्रहरी कार्यालय, बुटवलका प्रमुख श्री डिल बहादुर मल्ल, न्यायिक समितिका संयोजक, सदस्य, कानुन व्यवसायी, नागरिक समाज, मानव अधिकारकर्मी, गैर सरकारी संस्थाका प्रतिनिधि, बाल क्लबका पदाधिकारी, प्रदेश नं ५ का १२ वटै जिल्लाका बालअधिकारका क्षेत्रमा कार्यगर्ने संघसंस्थाका प्रतिनिधि,रुपन्देही स्थित सरकारी, गैरसरकारी, संघसंस्थाका प्रतिनिधि, पत्रकारहरुको सहभागिता रहने गरी करिब ६५ जनाको सहभागीता रहेको थियो । प्रमुख अतिथि माननीय मुख्य न्यायाधीश कुमार प्रसाद पोखरेलज्यूबाट गमलामा रहेको फुलको विरुवामा पानी राखेर कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

उक्त कार्यक्रमको उद्देश्य प्रदेश नं. ५ का सरोकारवाला निकायहरुलाई बालविवाहको अवस्था बुझी बालविवाह

न्यूनिकरणको लागि आवश्यक योजना, रणनीति बनाउन सहयोग पुऱ्याउनुका साथै बालविवाह उन्मूलनका क्षेत्रमा काम गर्ने संघसंस्था, स्थानीय तह र निकायहरुबीच समन्वय, सहकार्यमा अभिवृद्धि गरी बालविवाह न्यूनिकरण गर्न सहयोग पुऱ्याउनु रहेको थियो ।

**(ट) यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकार विषयक अन्तरक्रिया कार्यक्रम**

नेपालको संविधानले समतामूलक समाजको निर्माणको लागि लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई अंगिकार गरेर महिलाको हक, समानताको हक, सामाजिक न्यायको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगले पनि सोही सिद्धान्तका अवलोकन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाललाई मुख्य प्राथमिकतामा राखेर छुटै महाशाखा स्थापना गरी विभिन्न प्रवर्द्धनात्मक र संरक्षणका गतिविधीहरु संचालन गरिरहेको छ । आयोगको चालु रणनीतिक योजनाको ३.१.३ मा सीमान्तकृत एवं पीछडिएको वर्गको अधिकार संरक्षणमा प्राथमिकता दिई लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको अधिकारको लागि अनुसन्धान र सिफारिसमा जोड दिने उल्लेख गरिएको छ । आयोगले समाजमा विद्यमान लैङ्गिक तथा अन्य विभेदजन्य व्यवहारले गर्दा विभिन्न जात जाती र समुदाय उत्पीडनमा परेको ले सचेतना अभिवृद्धिको लागि विभिन्नप्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

यसै सर्न्दभमा राष्ट्रिय मानव अधिकार आयोगको आयोजना र नील हिरा समाज बुटवल जिल्लाको समन्वयमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकार विषयक अन्तरक्रिया कार्यक्रम मिति २०७६ जेठ २० गते राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य प्रकाश वस्तीज्यूको प्रमुख आतिथ्यता र आयोगको प्रदेश नं. ५ कार्यालय प्रमुख सम्झना शर्माको अध्यक्षतामा बुटवलमा सम्पन्न भयो । उक्त कार्यक्रमका अतिथिहरुमा सामाजिक विकास मन्त्रालयका लैङ्गिक महाशाखा प्रमुख, गैरसरकारी संस्था महासंघ बुटवल जिल्ला अध्यक्ष तथा इन्सेक प्रतिनिधि रिमा बि.सी, नेपाल पत्रकार महासंघ जिल्ला उपाध्यक्ष निरु गौतम, मानव अधिकार तथा शान्ति समाजका अध्यक्ष डि.बी. खनाल, नील हिरा समाज वा बुटवल अध्यक्ष आनिक राना लगायत विभिन्न सरकारी, गैरसरकारी निकाय तथा अन्य सरोकारवाला निकायहरुको प्रतिनिधत्वमा जम्मा ६२ जनाको सहभागितामा सम्पन्न भयो । नील हिरा समाजका बुटवल अध्यक्ष आनिक रानाले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकारको समस्या, चुनौति र समाधानका उपाय विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो । ४ जना तेस्रो लिङ्गीहरुले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुले भोग्नु पर्ने समस्या सम्बन्धी आफ्नो भोगाइ सम्बन्धमा धारणा व्यक्त गर्नु भएको थियो । कार्यक्रमको मुख्य उद्देश्य यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकारको अवस्था, समस्या र चुनौतीका सम्बन्धमा प्रदेश नं. ५ बुटवलका सरोकारवाला निकायहरुको ध्यानाकर्षण गराउनु रहेको थियो । यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको समस्या, पीडा र भोगाईहरु सरोकारवालाहरु समक्ष प्रस्तुत गर्ने साथै यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको समस्या समाधान तथा उनीहरुको अधिकारको लागि अबको पहल के गर्न सकिन्छ भन्ने बारेमा छलफल गर्ने उद्देश्य रहेको थियो ।

**(ठ) जातीय भेदभाव तथा छुवाछुत विरुद्धको अधिकार विषयमा गरिएको अन्तरक्रिया कार्यक्रम**

प्रदेश नं. ५ का रुपन्देही, कपिलबस्तु, अर्घाखाँची, गुल्मी र पाल्पा जिल्ला गरी ५ जिल्लामा जातीय भेदभाव तथा छुवाछुत विरुद्धको अधिकार विषयमा छट्टा छुट्टै अन्तरक्रिया कार्यक्रम गर्नको लागि आयोगको माननीय सदस्य प्रकाश वस्तीज्यूको नेतृत्वमा आयोगको प्रदेश नं ५ कार्यालयका निर्देशक श्री सम्झना शर्मा र आयोग केन्द्रीय कार्यालयका मानव अधिकार अधिकृत श्री कल्पना नेपाल आचार्यको टोली मिति २०७६ जेठ १८ गते देखि २५ गते सम्म खटिएको थियो । टोलीले ५ वटै जिल्लाहरुका सम्बन्धीत सरोकारवालाहरुसँग अन्तरर्क्रिया गरी प्रतिवेदन तयार गरिएको हो । नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार कूल जनसङ्ख्याको १३% जनसङ्ख्या दलित समुदायको रहेको छ । गैरदलित समुदायभन्दा दलित समुदाय तुलानात्मक रुपमा आर्थिक, सामाजिक, सांस्कृतिक राजनैतिक, शैक्षिक लगायतका क्षेत्रहरुमा पछाडी रहेको पाइन्छ । आर्थिक, सामाजिक, संस्कृतिक, राजनीतिक क्षेत्रमा पछाडि पारिएकै कारण दलित समुदायमा चरम गरिबी, बेरोजगारी, जनचेतनाको कमि, अशिक्षा, सामाजिक मूल्य मान्यता सोच, ब्यवहार कु-संस्कारको रुपमा रहेको छुवाछुत तथा विभेद, महिला, बालबालिका र ज्येष्ठ नागरिकमाथि हुने विभिन्न स्वरुपका हिंसा व्याप्त रहेका पाइन्छन् । नेपाली समाजमा गैरदलित र दलित जातीविच जातीय भेदभाव तथा छुवाछुत जस्ता अमानवीय व्यवहारहरु कायमै रहेको पाइन्छ । कानुनी रुपमा मुलुकी ऐन २०२० को व्यवस्था बमोजिम नेपाल जातीय भेदभाव तथा छुवाछुतको अन्त्य भएको पाइन्छ । नेपालको वर्तमान संविधानको भाग ३ मा मौलिक हक अन्तर्गतको धारा २४ मा जातीय भेदभाव तथा छुवाछुत विरुद्धको हक, धारा ४० मा दलितको हक र धारा ४२ मा सामाजिक सुरक्षाको हक सम्बन्धी व्यवस्था गरिएको छ । नेपालमा जातीय भेदभाव तथा छुवाछुत (कसुर तथा सजाय) ऐन २०६८ लागु भएको पनि ७ बर्ष भइसकेको छ तर लामो समय सामाजिक, सांस्कृतिक मूल्य मान्यता, धर्म

परम्परा, कुसंस्कार, कुरीति र कुव्यवहारहरुबाट सिंगो दलित समुदायमा जातीय भेदभाव तथा छुवाछुतको अवस्था न्यूनीकरण हुन सकेको देखिदैन । यिनै समस्यालाई मध्येनजर गरी राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो संबैधानिक कार्यादेश, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले प्रदान गरेका अधिकारभित्र रही मानव अधिकारका मूल्य मान्यतालाई तल्लो तहसम्म स्थापित गर्न राष्ट्रिय मानव अधिकार आयोगको पाँचौ रणनीतिक योजनाले सबैका लागि घर घरमा मानव अधिकार शान्ति र विकासको आधार भन्ने अवधारणालाई अघि सारेको छ । मानव अधिकार राष्ट्रिय कार्ययोजनाको प्राथमिकतामा परेका १८ वटा विषयमा समाबेशी विकासलाई पनि जोड दिएको साथै आवाज बिहिन समुदायका लागि काम गदै आएको सन्दर्भमा आ.व २०७५।२०७६ मा जातीय भेदभाव तथा छुवाछुत विरुद्धको अधिकारका सम्बन्धमा सात प्रदेशका ७७ वटा जिल्लाहरुमध्ये जातीय भेदभाव तथा छुवाछुतको सम्वन्धी सबैभन्दा बढी घटना घट्ने जिल्ला साथै राष्ट्रिय मानव अधिकार आयोगको मानव अधिकारका पाँच प्रमुख प्राथमिकताका विषय अध्ययन प्रतिवेदन २०७५ मा जातीय भेदभाव तथा छुवाछुतको समस्या पहिचान भएका लक्षित जिल्लाहरुमा मानव अधिकार उल्लघंन र मानव अधिकार अवस्था अनुगमन गर्ने साथै अनुगमन पश्चात प्रतिबेदन प्रकाशन गर्ने रहेको छ । उक्त प्रतिवेदन प्रकाशन गरि नेपाल सरकारलाई सिफारिस गर्ने कार्यक्रम रहेको हुँदा लक्षित जिल्लामा पुगि सम्बन्धीत सरोकारवाला सरकारी गैरसरकारी, मानव अधिकारकर्मी र पत्रकारहरुसंग अन्तरक्रिया साथै स्थानीय तहका दलित तथा गैरदलित समुदायसंग प्रत्यक्ष छलफल गरी वास्ताविक अवस्थाको बारेमा तथ्यांक संकलन गरी आयोगमा प्रतिवेदन पेश गर्नका लागि आयोगका माननीय सदस्य प्रकाश वस्तीज्यू सहित राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ का रुपन्देही, कपिलबस्तु, अर्घाखाँची, गुल्मी र पाल्पा जिल्लामा खटिएको हो । उक्त अनुगमनको उद्देश्य जातीय भेदभाव तथा छुवाछुतको अवस्था सम्बन्धमा अनुगमन गरी प्राप्त हुन आएका तथ्यहरुको आधारमा प्रतिवेदन तयार गरी अयोगमा पेश गर्नु, जातीय भेदभाव तथा छुवाछुतका अन्त्यका लागि सरोकारवालाहरुको भूमिका सम्बन्धमा छलफल गर्नु, जातीय भेदभाव तथा छुवाछुत अन्त्यका राष्ट्रिय मानव अधिकार आयोगबाट भएका पहलहरुबारे सरोकारवालालाई जानकारी गराउँनु आगामी दिनमा जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि ठोस रणनीतिक योजना तयार गर्नु र सरोकारवाला निकायहरुलाई फलोअप सहितको कार्ययोजना निर्माण तथा कार्यान्वयनको लागि भूमिका पहिचान गर्नु रहेको थियो ।

उक्त जिल्लाहरुमा गरिएका अन्तक्रियाहरुबाट जातीय विभेद तथा छुवाछुत विरुद्धको अधिकारको अवस्था देहाय बमोजिम रहेको पाइन्छ ।

- मन्दिरहरुमा दलित समुदायलाई प्रवेश नै गर्न नदिइने साथै प्रसाद ग्रहणको लागि पनि पुजाका छुट्टा छुट्टै थालीहरुमा राखिदिने गरेको
- सचेत र शिक्षितव्यक्तिहरुले पनि अप्रत्यक्ष रुपमाविभेद तथा छुवाछुत गरिरहेको
- जातीय भेदभावतथा छुवाछुतका घटानाहरुमा प्रहरीले मिलापत्रगर्न दवावदिने गरेको
- जातीय भेदभाव तथा छुवाछुतका विरुद्धका कानून भएपनि प्रभावकारी कार्यान्वयन नभएको
- गरीवी र वेरोजगारको समस्या दलित समुदायमा बढी भएको अवस्था रहेको
- सोच परिवर्तन नभएसम्म दलित समुदायमाथि जातीय भेदभाव तथा छुवाछुत रहिरहने गरेको
- कानून बुझेका व्यक्तिहरुले अहिले पनि समाजमा फरक तरिकाबाट विभेद गर्ने गरेको
- राजनीतिकदल, नागरिक समाज, राज्यका निकायमा बस्ने सबैले बोलीमा जातीय भेदभाव तथा छुवाछुत नगर्ने र गर्न हुन्नभन्ने व्यवहारमा भने जातीय भेदभाव तथा छुवाछुत गर्ने गरेको
- दलित समुदायलाई शिक्षा र रोजगारी तथा आर्थिक, सामाजिक रुपमा सक्षम नबनाएसम्म विभेद रहिरहने भन्ने जानकारी पाइयो।
- जातीय भेदभावतथा छुवाछुत अन्त्यगर्न राज्य र गैरदलित लागेमामात्र सम्भवहुने
- दलित समुदायलाई सशक्तीकरण गर्नु पर्ने आवश्यकता विद्यमान रहेको
- दलित समुदायलाई विशेष अधिकार दिएर सक्षमबनाउन सकेमामात्र जातीय भेदभावतथा छुवाछुत छिटो अन्त्यहुन सक्ने भन्ने रहेको
- दलित र गैरदलित सबैलाई सचेत गर्ने अभियान चलाएमा जातीय भेदभाव तथा छुवाछुत अन्त्यमा सहयोग पुग्ने सुझाव प्राप्त भयो ।
- दलित समुदायको राज्यका सबै निकायमा अर्थपूर्ण सहभागिता कायम गर्नु पर्ने अवस्था देखियो ।
- जातीय भेदभाव तथा छुवाछुतको पीडितलाई कानूनअनुसार न्याय र पीडकलाई तत्काल कानून अनुसार कारवाहीगर्ने संस्कारको विकास गर्नुपर्ने देखियो ।
- कानूनकार्यान्वयनगर्ने तहमा दलित समुदायको पहुँच र प्रतिनिधित्वहुन पर्ने देखियो ।
- सार्वजनिक स्थलहरु विद्यालय, होटल, मन्दिर, धारा, पधेरा समेतका स्थानमा विभेद हुने गरिरहेको भन्ने जानकारी पाइयो ।
- जातीय भेदभाव तथा छुवाछुत विरुद्धको कानूनी व्यवस्थालाई गाउँ-गाउँसम्म प्रचारप्रसार गर्नुपर्ने आवश्यकता देखियो

- गृह मन्त्रालयको परिपत्र र राष्ट्रिय दलित आयोगको सिफारिश हुँदा पनि नागरिकताको थर परिवर्तन जिल्ला प्रशासन कार्यालयबाट भएन भन्ने जानकारी पाइयो ।
- दलित दलितबीचमा पनि ठूलो र सानो जात भनी विभेद रहेको भन्ने जानकारी पाइयो ।
- जातीय भेदभावतथा छुवाछुतजन्य कार्यलाई समाजबाट अन्त्यगर्न स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले आफ्नो नीति, कार्यक्रम र वजेटमा व्यवस्था गरी प्रभावकारी कार्यान्वयनगर्न सक्नुपर्ने भन्ने सुझाव प्राप्त भयो ।
- जातीय भेदभावतथा छुवाछुतजन्य कार्यलाई समाजबाट अन्त्यगर्न पत्रकार, नागरिक समाज, दलित अधिकारको क्षेत्रमा क्रियाशील संघ संस्था, मानव अधिकारकर्मी सबैले आ-आफ्नो ठाउँबाट पहल गर्नुपर्ने आवश्यकता रहेको पाइयो ।
- जातीय भेदभाव तथा छुवाछुतजन्य कार्यलाई समाजबाट अन्त्यगर्न दलित र दलित सम्बन्धी संघ संस्थाले मात्र होइन राष्ट्रिय मानव अधिकार आयोग लगायत राज्यका निकायहरु लागेमा मात्र सम्भवहुने भन्ने पीडितहरुको भनाइहरु रहेको
- समाजलाई सचेत बनाउनु अझै आवश्यक रहेको भन्ने जानकारी पाइयो ।
- जातीय भेदभावतथा छुवाछुत जस्तो सामाजिक अपराधका पीडितलाई न्यायदिनुको साटो उल्टै राजनीतिक हस्तक्षेप भई मेलमिलाप गराएको पाइयो ।

**(ण) ज्येष्ठ नागरिकको मानव अधिकार सम्वन्धी अर्न्तक्रिया कार्यक्रम**

मिति २०७५ असोज १५ गते राष्ट्रिय मानव अधिकार आयोग, प्रदेश नं. ५, कार्यालय बुटवलको आयोजना तथा सत्यसाई बृद्धाश्रमको संयोजनमा जेष्ठ नागरिकको अधिकार विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रमको अध्यक्षता आयोगका उपनिर्देशक श्री पवन कुमार भट्टले गर्नुभएको थियो र सत्यसाई बृद्धाश्रम बससन्तपुर, भैरहवाको श्री जयन्ती सुनुवारको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा ८० जनाको सहभागितामा रहेको थियो । बढ्दो मुद्रा स्फिृतिका कारण बस्तु तथा सेवाको मुल्य वृद्धि हुनुले मानिसहरुलाई त्यसबाट उम्किनका लागि पहिले भन्दा बढी परिश्रम र समय लगाई आर्थिक उपार्जन गर्न समय ब्यतित गर्नु पर्ने माध्यता रहेको छ । सुचना प्रविधिको बिकासले गर्दा मानिसहरु काम तथा अध्ययनको क्रममा बिदेशिने भएको हुँदा आफ्ना आमा बुवाहरुलाई समय दिन नसक्नु अर्को पिडादायि अवस्था बढ्दो गतिमा अगाडि आइरहेको देखिन्छ । सुचना प्रबिधिको कारणले आज बिश्व एक साझा घर भएको हुदा नैतिकरुपले भन्दा भौतिकरुपले धनी हुने र भौतिक सुःख सुबिधाहरु उपभोगको लागि मरिहत्ते गर्ने बानीको बिकासले गर्दा मानिसको अत्यधिक समय भौतिकबादी बस्तुको आर्जनमै लाग्ने गरेको छ । विद्यालयहरुमा नैतिक शिक्षाको अध्ययन तथा अध्यापन भन्दा विजनेश तथा प्राबिधिक विषयको पढाई मात्र भईहेको हुँदा व्यक्तिहरु केवल नाफा नोक्सान का विषयमा मात्र प्रामिकता दिने गरेका छन् । त्यसो हुँदा जेष्ठ नागरिकहरुलाई उचित रेखदेख गर्न, हेरबिचार गर्न तथा समय दिन नसकेको टड्कारो सत्य हाम्रो सामु बिद्यमान छ । हाम्रा संरचनाहरु बालमैत्री, अपांग मैत्री तथा जेष्ठ नागरिक मैत्री नहुदा यी बर्ग तथा समुदायले थप पिडा भोग्नु परेको देख्न्छि । परम्परागत रुपमा चलिआएका प्रथा तथा संस्कृतिले गर्दा अझपनि कतिपय बुढापाका जेष्ठ नागरिकहरु आफ्नै बुहारीले छोएको तथा पकाएको खाना खान नहुने अबैज्ञानिक व्यवहारले पनि बुहारी छोरा तथा आमा बुवा बीच खाडल गहिरिदै गएको छ । जेष्ठ नागरिकहरु आउने नयाँ पुस्तासँग घुल मेल गर्न नक्नुले पनि जेष्ठ नागरिकको हेरबिचारमा बिभिन्न खाले समस्या देखापरेको कुरा नकार्न सकिदैन । सेवा प्रदायक निकायले जेष्ठ नागरिकहरुलाई सेवा प्रदान गर्ने छुट्टै ब्यवस्था गर्न ध्यान दिएको दखिदैन । सार्वजनिक सवारी साधान, अस्पताल, बैंक, प्रशासन, चौकी तथा जेल आदी सबै स्थानमा कानुन अनुसारको ब्यवस्था मिलाइएको देखिन नआएको नहुदा जेष्ठ नागरिक सम्बन्धी कानुनको प्रचार प्रसारमा प्रभावकारीता आउन नसक्नु मुख्य कारक रहेको पुष्टि हुन्छ । यसर्थ सरकारी वा निजी सबै क्षेत्र, तह, तप्काका ब्यक्ति तथा संगठनहरुले आफ्नो तर्फबाट समाजका अग्रज जेष्ठ नागरिकहरुलाई समुचित सुरक्षा प्रदान गर्न अग्रसर हुन अत्यावश्यक रहेको छ । साथै नेपाल सरककारबाट जेष्ठ नागरिकहरुलाई प्रदान गरिने सेवा सुबिधाको सम्बन्धमा आयोगले नियमित अनुगमन तथा अध्ययन गरि सम्बन्धीत निकायहरुलाई सुसूतिच गर्नु पर्ने तथा यस्ता कार्यक्रम ग्रामिण क्षेत्रमा रहेका जेष्ठ नागरिक तथा रोकारवालाहरुलाई सहभागी गराई जेष्ठ नागरिकहरुको अधिकारको सम्बन्धमा अन्तरक्रिया गराउनु पर्ने नितान्त जरुरी रहेको छ । कतिपय जेष्ठ नागरिकहरुको हाल सम्म पनि नेपाली नागरिकता बन्न नसक्नुले जेष्ठ नागरिकले सरकारबाट पाउने सुबिधामा कठिनाई भएको हुँदा त्यस बिषयमा सम्बन्धीत निकायसंग पहल गर्न र समन्वय गर्न जरुरी छ ।

**आयोगबाट स्रोतव्यक्तिको रुपमा सहभागीता**

बुटवल उपमहानगरपालिका र सिर्जनशील महिला समुहको आयोजनामा सुख्खा नगरस्थित महिला समुहलाई लक्षित गरी मिति २०७६ /०२/१८ गते शनिबारका दिनमा संचालन भएको व्यवहार परिवर्तनका लागि महिला सशक्तिकरण

विषयक अभिमुखिकरण कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालयका निर्देशक श्री सम्झना शर्माले नेपालमा महिला अधिकारको अवस्था र सरोकारवालाको भूमिका विषयमा स्रोतव्यक्तिको रुपमा प्रशिक्षण दिनुभएको थियो। कार्यक्रममा ६० जना सहभागीहरु रहेका थिए। यस कार्यक्रमले महिलाहरुको व्यवहार परिवर्तन गरी सशक्तिकरण गर्ने उद्देश्य लिएको थियो। प्रशिक्षणको क्रममा नेपालमा महिला अधिकारको अवस्था, असर तथा चुनौतिहरुको बारेमा प्रकाश पारिएको थियो। समुदायतहमा संचालित यस प्रकारका कार्यक्रमहरुबाट महिला अधिकारका सवालहरुमा सचेतना वढाउन र महिला अधिकार अवस्थामा सुधार गर्न सघाउ पुर्याउँदछ। यसका अलावा सरोकारवालहरुसँगको समन्वय अभिबृद्धि गर्न समेत यसले टेवा पुगेको छ। कार्यक्रममा आयोग र आयोगले गरेका क्रियाकलापहरुका बारेमा जानकारी दिई आयोगबाट प्रकाशित मानव अधिकार सम्बन्धी जान्नै पर्ने कुराहरु सम्बन्धी प्रकाशनहरुको वितरण गरिएको थियो।

**४.५ केन्द्रीय कार्यालयबाट भएका पदाधीकारीको भ्रमण तथा कार्यक्रम**

| क्र.सं. | मिति | पदाधिकारीको नाम थर र पद | कार्यक्रमको विषय | कार्यक्रम सम्पन्न भएका जिल्लाहरु |
|---|---|---|---|---|
| १. | २०७६/०१/२३ देखि २४ सम्म | श्री मोहना अन्सारी, मा.सदस्य, राष्ट्रिय मानव अधिकार आयोग | महिला हिंसा विरुद्ध नेपाल प्रहरीको जवाफदेहिता र राष्ट्रिय अभियान प्रादेशिक कार्यक्रम, प्रदेश नं ५ बुटवल | रुपन्देही |
| २. | २०७६/०१/२५ देखि २०७६/०२/२ | श्री गोविन्द शर्मा पौड्याल मा.सदस्य, राष्ट्रिय मानव अधिकार आयोग | विवाद समाधानमा स्थानीय तह, मानव अधिकार र मानव अधिकारमुखी पद्धती विषयक अभिमुखीकरण कार्यक्रम | कपीलबस्तुको १० वटा स्थानीय तह र पाल्पाको ४ वटा स्थानीय तह |
| ३. | २०७६/०२/१८ देखि २०७६/०२/२४ सम्म | श्री प्रकाश वस्ती, मा.सदस्य, राष्ट्रिय मानव अधिकार आयोग | लैंगिक तथा यौनिक अल्पसंख्यकहरुको अधिकार विषयक अन्तरर्क्रिया कार्यक्रम र जातीय विभेद तथा छुवाछुत विरुद्धको अधिकार सम्बन्धी अन्तरक्रिया, | रुपन्देही रुपन्देही, कपिलवस्तु, अर्घाखाँची, गुल्मी र पाल्पा |

महिला हिंसा विरुद्ध नेपाल प्रहरीको जवाफदेहिता र राष्ट्रिय अभियान प्रादेशिक कार्यक्रम प्रदेश नं ५ बुटवलमा मिति २०७६/१/२४ गते सम्पन्न भएको थियो। आयोगका माननीय सदस्य मोहना अन्सारीज्यूले नेतृत्व गर्नुभएको उक्त कार्यक्रमको सहजीकरण आयोग केन्द्रीय कार्याय लैंगिक तथा सामाजिक समावेशीकरण महाशाखाका उपनिर्देशक मन्जु खतिवडाले गर्नुभएको थियो। उक्त कार्यक्रममा प्रदेश नं ५ का मुख्य मन्त्री माननीय शंकर पोखरेलज्यूको प्रमुख आतिथ्यतामा सामाजिक विकास मन्त्रि माननीय सुदर्शन वरालज्यू, आन्तरिक मामिला तथा कानुन मन्त्रि कुल प्रसा केसीज्यू, आयोगको प्रदेश नं ५ कार्यालयको कार्यक्षेत्र अन्तरगतका ६ वटा जिल्लाहरु रुपन्देही, कपिलबस्तु, अर्घाखाँची, गुल्मी, पाल्पा र नवलपरासी पश्चिमबाट प्रमुख जिल्ला अधिकारीज्यूहरु र जिल्ला प्रहरी कार्यालयका प्रमुखज्युहरुको सहभागीता साथै रुपन्देही जिल्लाका सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधीज्यूहरु, मानव अधिकारकर्मीज्यूहरु, पत्रकारज्यूहरु लगायत गरी १८० जनाको सहभागीतामा कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ को निर्देशक सम्झना शर्माले महिला हिंसा न्यूनिकरणमा आयोगको भूमिका विषयमा र नेपाल प्रहरी प्रधान कार्यालय नक्सालका अतिरिक्त महानिरीक्षक पुष्कर कार्कीले महिला मानव अधिकार संरक्षणमा एवं सुरक्षा नेपाल प्रहरीको जवाफदेहिता विषयमा प्रस्तुतिकण गर्नुभएको थियो। यस वर्ष प्रतिवेदन अवधीमा राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालयबाट माननीय सदस्य प्रकाश वस्तीज्यू, मोहना अन्सारीज्यू र गोविन्द शर्मा पौड्यालज्यूबाट उल्लेखित कार्यक्रमको सन्दर्भमा आयोगको प्रदेश नं ५ कार्यालयको कार्यक्षेत्रभएका जिल्लाहरुमा भ्रमण गर्नुभएको यियो। यसै सन्दर्भमा माननीय सदस्य गोविन्द शर्मा पौड्यालज्यूबाट मिति २०७६/०१/२५ गते र माननीय सदस्य प्रकाश वस्तीज्यूबाट मिति २०७६/०२/२६ गते यस कार्यालयको निरीक्षण गरी सुझावहरु दिनुभएको थियो।

कार्यालयको निरीक्षणको क्रममा मा सदस्यज्यूहरुबा कार्यालयमा रहेका उजुरीहरुको उचिततवरले व्यवस्थापन गर्न, कार्यालयमा भौतिक उपलब्धि भन्दा सेवाग्राहीहरुको सुविधा र सन्तुष्टिमा ध्यान केन्द्रीत हुन, कसैको ध्यान नपुगेको वर्ग, क्षेत्र, समुदायको मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनलाई प्राथमिकता दिई कार्य गर्न साथै सबैको समझदारी, सहयोग र

सद्भावमा नै आयोगको सफलता निर्भर हुने विषयलाई ध्यान दिंदै समाजमा मानव अधिकार संस्कृति निर्माणमा टेवा पुर्‍याउन आवश्यक कामहरु गर्न सुझावहरु प्रदान गरिएको थियो ।

कपिलबस्तु जिल्लाका सबै स्थानीय तहको सहभागीतामा मिति २०७६/१/ २६देखि २८ सम्म तिलौराकोटमा र पाल्पा जिल्लाका ४ वटा स्थानीय तहको सहभागीतामा पाल्पाको रामपुरमा मिति २०७६/१/३० र ३१ मा विवाद समाधानमा स्थानीय तह, मानव अधिकार र मानव अधिकारमुखि विकास पद्धती विषयक अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रमको नेतृत्व माननीय सदस्य गोविन्दशर्मा पौड्यालज्यूले गर्नुभएको थियो । यसैगरी यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको अधिकार विषयमा रुपन्देही जिल्लामा मिति २०७६/२/२० मा र जातीय विभेद तथा छुवाछुत विरुद्धको अधिकार विषयमा रुपन्देही, कपिलबस्तु, अर्घाखाँची, गुल्मी र पाल्पा जिल्लामा मिति २०७६/२/१९ देखि २४सम्म छुट्टाछुट्टै अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रमको नेतृत्व आयोगका माननीय सदस्य श्री प्रकाश वस्तीज्यूले गर्नुभएको थियो । उल्लेखित सबै कार्यक्रमहरुमा माननीयज्युहरुको समुपस्थितिले गर्दा कार्यक्रममा प्रभावकारी सहभागीता रहेको, आयोगले नीतिगत तहमा गरिएका निर्णयहरुका बारेमा सरोकारवालाहरुलाई सूसूचित हुने अवसर समेत सिर्जना भएको साथै आगामी दिनहरुमा आयोगले बनाउने योजनाहरुको तर्जूमा गर्दा समेत स्थानीय स्तरमा रहेका मानव अधिकारका प्राथमिक विषयहरुको पहिचान भई अधिकार र कर्तव्यका सवालमा सचेतना अभिबृद्धि भएको छ । यसले गर्दा सम्बन्धीत सरोकारवालाहरुलाई लक्षित वर्ग, समुदाय केन्दीत योजना निर्माणमा सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

# परिच्छेद-२

**१. विषयगत ठूला नौ महासन्धीमा आधारित मानव अधिकारको अवस्था**

राज्यले अनुमोदन गरिएका महासन्धि बमोजिमका दायित्वहरु पुरा गरे नगरेको बारे राष्ट्रिय मानव अधिकार आयोगले नियमति रुपमा अनुगमन गरी मानव अधिकार अवस्था प्रतिवेदनहरु सार्वजनिक गर्ने गर्दछ । यसैक्रममा आयोगले मानव अधिकार हननुका उजुरीहरु ग्रहण गर्ने, उजुरीउपर अनुसन्धान गरी दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्तिको लागि सरकार समक्ष सिफारिस गर्ने गर्दछ । नेपाल सरकार अन्तरगत विभिन्नि निकायहरु, कारागार, थुनुवा केन्द्र लगायतका स्थानहरुको अवलोकन, निरीक्षण, भ्रमण गरी मानव अधिकारको संरक्षणको लागि ती संस्थाहरुको कामकारवाही, भौतिक सुविधा सम्बन्धमा सुझाव तथा सिफारिस गर्ने गर्दछ । विभिन्न महासन्धिमा आधारित अधिकारहरुको बारेमा सरोकारवालाहरुको जानकारीको लागि सरकारी निकाय, सुरक्षा निकाय र मानव अधिकारसँग सम्बन्धीत विभिन्न गैरसरकारी संस्थाहरुसँग समन्वय गरी मानव अधिकार सचेतना अभिबृद्धि सम्बन्धी सम्वर्द्धनात्मक गतिविधीहरु संचालन गर्ने गर्दछ । महासन्धि कार्यान्वियनको क्रममा राज्यद्वारा निर्माण गरिने विभिन्न ऐन, कानुन तथा नीतिहरुको निर्माण गर्दा मानव अधिकारका सवालहरुलाई ध्यान दिन तथा विभेदकारी कानुनहरुको पुनरावलोकन गरी मानव अधिकारमैत्री कानुन निर्माण गर्नको लागि समेत सरकारलाई सिफारिस गर्दछ ।

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ५ कार्यालयले नौ ठूला महासन्धी तथा अन्य विषयगत अधिकार समेतलाई ध्यान दिंदै यस प्रदेशको मानव अधिकार अवस्थाको अनुगमन गरेको छ। यस प्रदेश को मानव अधिकारकर्मीहरु, स्थानीय तह, नागरिक समाजका प्रतिनिधीहरु पीडित र पीडित परिवारजनहरुसँग विभिन्न समयमा गरिएका अन्तरक्रिया एवं छलफलबाट मानव अधिकारका सवालहरु पहिचान गर्ने गरिएको साथै दैनिकरुपमा पत्रपत्रिकामा प्रकाशित मानव अधिकार सम्बन्धी घट्नाहरुको मेडिया अनुगमन समेत गरी मासिक रुपमा मानवअधिकार अवस्था प्रतिवेदन तयार गर्ने गरेको छ । यसका साथै समाजमा मानव अधिकार संस्कृति निर्माण तथा विकासको लागि अन्य निकायहरुसँग समेत आवश्यक समन्वय गरी विभिन्न सम्वर्द्धनात्मक र सचेतनामूलक कार्यक्रमहरु संचालन गरेको छ । यसका साथै मानव अधिकारका महत्वपूर्ण अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा राष्ट्रिय कानुनहरुबारे सरोकारवालाहरुलाई जानकारी गराउने गरेको छ। आयोगबाट सम्पन्न गरिएका यीनै गतिविधीहरुका आधारमा यस प्रदेशको मानव अधिकार अवस्था यसप्रकार रहेको छ ।

**१.१ नागरिक तथा राजनीतिक अधिकार**

कुनै नागरिक/ब्यक्ति भएको हैसियतले मानिसले उपभोग गर्न पाउने नागरिक तथा राजनीतिक अधिकारहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्न सन् १९६६ मा संयुक्त राष्ट्र संघबाट जारी गरिएको अनुवन्धलाई नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धी भनिन्छ। यस महासन्धिलाई नेपालले सन् १९९१ मे १४ मा अनुमोदन गरेको हो। यस महासन्धीको नेपाल पक्ष राष्ट्र भएकोले उक्त महासन्धीमा रहेका नागरिक तथा राजनीतिक अधिकारहरुको संरक्षण तथा सम्वर्द्धन र परिपालनाको प्रमुख दायित्व राज्यको नै रहेको हुन्छ ।

नेपालको संविधानले मानव अधिकारको विषयलाई विशेष प्राथमिकता दिएको छ । संविधानको प्रस्तावनामा नै प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार र आवधिक निर्वाचनका सम्बन्धमा उल्लेख छ । त्यसैगरी पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणालाई आत्मसात् गरेको छ । विगतका संविधानहरूको तुलनामा यस संविधानमा थप अधिकारहरुको यकिन गरी आर्थिक, सामाजिक अधिकारका विषयहरू मौलिक हकको रूपमा ब्यवस्था गरिएको छ । संविधानतः स्थानीय तह, प्रादेशिक तह र सङ्घमा सरकार गठन भएको छ । संबिधानले स्थानीय तहमा न्यायिक समितिको परिकल्पना गरेकोबाट मानिसहरुले आफ्नो घर दैलोमा न्याय प्राप्त गर्ने अवस्थाको सिर्जना भएको छ ।

आयोगको यस कार्यालयमा बाँच्न पाउने अधिकार, न्याय प्रशान र अन्य नागरिक तथा राजनीनिक अधिकार सम्बन्धीत उजुरीहरु दर्ता हुन आएका छन् । न्याय प्रशासनसँग सम्बन्धीत उजुरीहरु गैरकानुनी थुना, पुन : पक्राउ, प्रहरीबाट प्रभावकारी अनुसन्धान नभएको, प्रदर्शन तथा वन्द हड्तालमा सुरक्षाकर्मीहरुबाट अत्यधिक वल प्रयोग गरेको आदि विषयसँग सम्बन्धीत देखिन्छन् । यस कार्यालयमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी ७९ वटा उजुरी छन् ।

**जीवनको अधिकार :–**

मर्यादित एवं सम्मानित रूपमा जीवनयापन गर्न पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को धारा ६ मा प्रत्येक व्यक्तिलाई जीवनको अधिकार प्रत्याभूति गर्दै स्वेच्छाचारी ढङ्गले कसैको पनि जीवन हरण गर्न नपाइने भनी उल्लेख गरिएको छ । सोही अभिसन्धिको दोस्रो ऐच्छिक आलेख, १९८९ मा मृत्युदण्ड उन्मूलनसम्बन्धी व्यवस्थाहरू रहेका छन् । नेपालको संविधानले मृत्युदण्ड दिन नपाउने व्यवस्था गरी बाँच्न पाउने अधिकारलाई मौलिक हकको रूपमा स्थापित गरेको छ ।

माथि उल्लिखित व्यवस्थाका बाबजुद जीवनको अधिकार पूर्णतः सुरक्षित हुन नसकेको अवस्था छ । आयोगबाट गरिएको मिडिया अनुगमनबाट प्रदेश नं. ५ मा यस आवमा ज्यान गुमाउने को संख्या क्रममा बढ्दो रहेको छ । व्यक्तिगत रिस-इवी, लेनदेन, आफन्तभित्र कलह, हिंसाजन्य कार्य, बैदेशिक रोजगारी, बेरोजगारी, सामाजिक परम्परा, मोबाइलमा भएको प्रेम, झगडा, रिसराग लगायतका कारणहरूबाट यस्ता घटना भएको पाइन्छ । यसै गरी गर्भसम्बन्धी समस्याको कारण ज्यान गुमाउनु, बाल मृत्युदर, प्रदूषण, सरसफाइको कमि, एचआइभी, मलेरिया आदिबाट नागरिकहरु ज्यान गुमाउन बाध्य भएका छन् । त्यसैगरी सडक दुर्घटना, आत्महत्या, प्राकृतिक विपत्तिबाट पनि नागरिकहरुले ज्यान गुमाउनु परेको देखिन्छ । प्रदेश नं. ५ मा आत्महत्याबाट ज्यान गुमाउनेहरुको तथ्याङ्क भयावह देखिन्छ । यसका प्रमुख कारण घरेलु हिसा, सामाजिक, आर्थिक हिंसा बैदेशिक रोजगारी, सामाजिक परिवेश आदि छन् ।

**दण्डहीनता :–**

दण्डहीनता कानुनको शासनको अपहेलना वा कानुनको कार्यान्वयनमा निश्क्रियता र हेलचेक्याईको अवस्था हो । मानव अधिकारको संरक्षणमा माथि उल्लेखित अवस्था विगतदेखि नै एउटा ठूलो चुनौतीको रूपमा देखिदै आएको छ । यसमा घटनाहरुको जाहेरी नलिइनु र घटना उपर अनुसन्धान, अभियोजन नगर्नु र गरेता पनि केवल पहुँचवाला ब्यक्तिहरुको मात्र दर्ता गरी अनुसन्धान तथा अभियोजन कार्य गर्नुले पीडितलाई न्याय दिन नसक्नु वा न्याय दिन प्रत्यक्ष वा परोक्ष रूपमा इन्कार गर्नु दण्डहीनताको अवस्थाका सूचकहरू हुन् । प्रहरीले फौजदारी अपराधका घटनाहरुको अभियोजन गर्न इन्कार गरेको र पीडितलाई हतोसाहित बनाउने कार्य निरन्तर भइरहेको छ । यसका साथै आयोगबाट भएका सिफारिसहरु कार्यान्वयन नगर्नु र अदालतबाट दोषि किटानी गरी फैसला गरेका ब्यक्तिलाई प्रहरीले कारवाही नगर्ने परिपाटीले पनि मानव अधिकार तथा जीवनको अधिकार असुरक्षित हुदै गएको अवस्था छ ।

**सङ्क्रमणकालीन न्याय**

लगभग एक दशक लामो सशस्त्र द्वन्द्वको अन्त्य गरी नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति-सम्झौता बमोजिमका कतिपय सम्पन्न हुन अझै बाँकी रहेका छन् । सशस्त्र द्वन्द्वको क्रममा हत्या, अङ्गभङ्ग, बलपूर्वक बेपत्ता, अपहरण, यातना तथा कुटपिट, यौनजन्य हिंसा, सम्पत्ति कब्जा एवं नष्ट तथा बलपूर्वक विस्थापन लगायतका घटनाहरूबाट पीडित व्यक्तिहरूका मागहरु अझै सम्बोधन हुन सकेका छैनन् । सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिहरूको छानबिन आयोग गठन भए पनि पदाधिकारी नियुक्तिमा ढिलाई भईरहेको छ । गंभिर प्रकृतिका मानव अधिकार उल्लंघनका दोषीलाई कारवाही गर्नु संक्रमणकालीन न्यायको एउटा महत्वपूर्ण पक्ष पनि हो । मुलुकमा दीगो शान्ति र समुचित न्याय व्यवस्था कायम राख्न राज्यले संक्रमणकालिन न्यायको लागि सत्यको खोजी र सत्य उजागारको कार्य गर्न ढिला भइसकेको छ । अभियुक्तहरुको पहिचान, घट्नाहरुको कानुनी अनुसन्धान गरी अभियोजन, दोषीलाई दण्ड, पीडित र साक्षीहरुको संरक्षण, हानीपूरण सम्बन्धी कानुनी व्यवस्था र लागू, गरी दोषीहरुद्वारा सार्वजनिक माफी एवम् पुन घट्ना नदोहोऱ्याउने प्रत्याभूति हुन आवश्यक छ ।

**१.२ यातना विरुद्धको अधिकार**

यातना विरुद्धको अधिकार अहरणीय मानव अधिकार हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ५ र नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ को धारा ७ ले पनि यातनालाई निषेध गरेको छ । नेपालको संविधान, २०७२ ले यातनाविरुद्धको हकलाई मौलिक हक अन्तर्गत धारा २१ अपराधपीडितको अधिकार, धारा २२ मा यातना बिरुद्धको हक, धारा २३ निवारक नजरबन्द बिरुद्धको हक र धारा २९ ले शोषण बिरुद्धको हक गरी समावेश गरेको छ । यातना क्षतिपूर्ति ऐन, २०५३ ले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू नै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिन नहुने कुरा उल्लेख गगरेको छ । आयोगवाट विभिन्न समयमा भएका हिरासत तथा

कारागारहरुको अनुगमनबाट प्राप्त तथ्य एवम् यातना सम्बन्धी उजुरीहरुमा कमी आएकोबाट हिरासतमा दिइने यातनामा विगतको तुलनामा उल्लेख्य कमी आएको देखिए पनि यसको अन्त्य भने हुन सकेको छैन । यस आ.व.मा आयोगले प्रदेश नं ५ कार्यालयका सबै जिल्लाहरुमा कारागार तथा हिरासत कक्षहरुको अनुगमन गरेको छ ।

**बन्दीहरूको अधिकार :**

कारागारलाई सजाय गृहको रूपमा होइन सुधारगृहको रूपमा विकास गर्नुपर्दछ भन्ने मान्यताको विकास क्रमशः हुदै आएको छ । तर कानुनमा अपराधबापत तोकिएको सजायको भागिदार हुनुपरे पनि कैदीबन्दीहरूका लागि विभिन्न अधिकारको सुनिश्चितता गर्नु पर्ने उल्लेख भएको छ । कैदीबन्दीमा महिला र पुरुष छुट्याई पाएसम्म छुट्टाछुट्टै घरमा र सो नभए एउटै घरमा राख्नुपर्ने भएमा परस्पर भेटघाट वा कुराकानी गर्न नपाउने गरी सो घरको भिना भिन्नै भागमा राख्नु पर्ने प्रावधान छ । यसैगरी थुनुवा र कैदी एउटै कारागारमा राख्ने व्यवस्था भएकोमा थुनुवा र कैदी छुट्याइ यथासम्भव छुट्टाछुट्टै, २१ वर्षमुनिको र २१ वर्षमाथिको कैदी वा थुनुवालाई छुट्याई यथासम्भव अलगअलग राखिनुपर्दछ । त्यसैगरी देवानी मुद्दा र फौजदारी मुद्दाका कैदीलाई, रोगी थुनुवा वा कैदी, मानसिक समस्या भएका थुनुवा वा कैदीलाई छुट्याई यथासम्भव भिन्नै भागमा र फौजदारी मुद्दामा सजाय पाएका कैदीलाई भिन्नै कोठामा राख्नु पर्ने देखिन्छ । आयोगबाट बिभिन्न मितिहरुमा भएको कारागार तथा हिरासत अनुगमनहरुबाट कारागारहरूमा गम्भीर प्रकृतिका अपराध र सामान्य अपराधमा संलग्नलाई सँगै एकै स्थानमा राखिएको र मुद्दा फैसला भई अभियोग प्रमाणित भएका र पुर्पक्षका लागि थुनामा राखिएका व्यक्तिहरूलाई पनि एक साथ गरेको पाइएको छ । लगभग धेरैजसो कारागारहरूको भौतिक संरचना पुरानो भएको कारण जीर्ण भई असुरक्षित र जीउ ज्यानकै जोखिमा रहेको, निश्चित तथ्य र तथ्याङ्क नहुँदा छुट्नु पर्ने कैदीबन्दीहरु समयमा छुट्न प्राविधिक कठिनाइ रहेको र क्षमताभन्दा बढी बन्दीहरूलाई थुनामा राखिएको विषय गंम्भिर तथा राष्ट्रिय समस्याकै रुपमा रहेको देखिन्छ ।

कारागार सुधार र कैदी बन्दीहरुको अधिकारलाई सम्बोधन गर्न अनुगमनको क्रममा देखिएका समस्याहरुको तत्काल र दीर्घकालिन सम्बोधनको लागि कारागार प्रशासन, प्रमुख जिल्ला अधिकारीसँग आयोगको अनुगमन टोली बसी अनुगमनबाट प्राप्त तथ्य, विद्यमान कानुनी व्यवस्था र वर्तमान अवस्थाका सम्बन्धमा छलफल गरी सुधारको लागि सुझावहरु दिइएको छ ।

कारागारको वातावरण सफा राख्न उचित प्रवन्ध गर्न, कैदी बन्दीहरुकोलागि सीपमूलक तालिम प्रदान गर्न, कारागारमा थुनुवा कैदीबन्दीहरुको नियमित स्वास्थ्य परीक्षण गर्न आवश्यक व्यवस्था गर्न साथै कैदी बन्दीहरुको अभिलेख चुस्त दुरुस्त राख्न, कैदीबन्दीहरुले पालना गर्ने आचारसंहिता प्रष्ट र बुझिने गरी सबैको पहुँचमा हुनेगरी टाँस्न वा राख्ने व्यवस्था गर्न सुझावहरु दिईएको छ । सरकारले कारागारहरुको भौतिक सुधार एवं कैदी बन्दीहरको राजनीतिक, नागरिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सम्मान, संरक्षण तथा सम्वर्द्धनमा विशेष ध्यान दिनुपर्ने अवस्था छ ।

**१.३. जातीय भेदभावविरुद्धको अधिकार**

जातीविशेषको आधारमा गरिने निषेध, बहिष्करण र विभेदजन्य कार्यलाई जातीय भेदभावका रूपमा लिइन्छ । मानिस जन्मसिद्ध रूपमा स्वतन्त्र र समान भएकाले जातजाती, उत्पत्ति, धर्म, वर्ण, लिङ्ग, पेसा-व्यवसाय, राष्ट्रियता लगायत कुनै पनि आधारमा भेदभाव गर्न पाइँदैन । यी कुनै पनि आधारमा गरिने यस प्रकृतिका कार्य नैतिक, सामाजिक र कानुनी रूपले समेत अक्षम्य र गम्भीर अपराध मानिन्छन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ मा सबै व्यक्ति जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुने भनि उल्लेख गरिएको छ । जाती, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रियता वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत लगायतका कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव गर्न नपाइने उल्लेख छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि, १९६६ को धारा २ र आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अभिसन्धि, १९६६ को धारा २ ले जातीय भेदभाव बिरुद्धको अधिकारको प्रत्याभूति दिलाएको छ । त्यसैगरी सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९६५ तथा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि, १९७९ को धारा २ मा समेत समानता र अविभेदको सिद्धान्तलाई आत्मसात् गरिएको पाइन्छ । नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा १८ (१) मा सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गर्न नपाइने ब्यवस्था गरिएको छ । सोही धाराको उपदफा (२) मा राज्यले नागरिकहरूबीच जातजातीको आधारमा पनि भेदभाव नगरिने व्यवस्था रहेको छ । धारा २४ मा छुवाछुत तथा जातीय भेदभावविरुद्धको हकमा कुनै पनि व्यक्तिलाई जाती, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव नगरिने, भेदभाव व्यवहार दण्डनीय हुने र पीडितले कानुनले निर्धारण गरेअनुसार क्षतिपूर्ति पाउने ब्यवस्था सम्बन्धी प्रावधान छ । त्यसैगरी कुनै पनि नागरिक वा व्यक्तिलाई जातजातीको आधारमा सार्वजनिक

प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा वा धार्मिक कार्य गर्नबाट बिमुख नगरिने प्रावधान रहेको छ। जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ ले जातीय भेदभाव र छुवाछुतलाई दण्डनीय मानी सजायको व्यवस्था तोकेको देखिन्छ। त्यसैगरी राष्ट्रिय दलित आयोगको स्थापना, उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति, वादी समुदाय उत्थान विकास समिति, जातीय भेदभाव, छुवाछुत तथा दलितहरूको अधिकार प्रवर्द्धन संयन्त्रहरू कार्यरत रहेका छन् । शैक्षिक क्षेत्रमा दलित समुदायको उपस्थिति कम भएको तथ्यलाई ध्यानमा राखी सरकारले कक्षा दससम्म निःशुल्क शिक्षा, उच्च माध्यमिक विद्यालयमा छात्रवृत्ति कार्यक्रम र रोजगारीको क्षेत्रमा आरक्षण नीति अवलम्बन गरेको छ। यी सकारात्मक प्रावधान एवं संयन्त्रहरूको स्थापनाको बाबजुद पनि जातीय छुवाछुतको अवस्था विद्यामान छ।

आयोगले प्रदेश नं ५ अन्तरगतका ५ जिल्लाहरुमा जातीय विभेद तथा छुवाछुत विरुद्धको अधिकार सम्बन्धमा अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम संचालन गरेको छ । उक्त कार्यक्रमबाट गाउँसमाजमा अझैपनि छुवाछुतजन्य घट्नाहरु भइरहेको देखिन्छ । विभिन्न अन्तरक्रिया कार्यक्रममा सहभागीहरुबाट राखीएका भनाइहरुले जातीय विभेद तथा छुवाछुत कायमै रहेको देखिन्छ। अन्तरजातीय विवाहलाई अझै पनि सामाजिक रुपले बहिस्कारमा परेको, अन्तरजातीय बिवाह भएमा ज्यानै लिने गरी कुटपिट, गाउँ निकालासम्म हुने गरेको देखिन्छ। छुवाछुत र दलितहरू उपरको प्रताडना रोकिएको छैन बरु स्वरुपमात्र फेरिएको हुँदा दलितका पिडा अहिले पनि जीवितै देखिन्छ। सहरी क्षेत्रमै पनि छुवाछुतको प्रचलन, दलित भएकै आधारमा कोठा भाडामा नपाउने समस्या विद्यमान छ। सार्वजनिक दलित पदाधिकारीहरुलाई केवल नाम मात्रको कोटा अनुसारको प्रतिनिधित्व गराइएको, माइन्युटमा हस्ताक्षर गर्नु बाहेक अन्य काम नदिइएको, दलितका मुद्दा तथा सवालहरु सरोकारवालाहरु संबोधन गर्न तदारुकता देखाउन आनाकानी गर्ने गरेको , दलितको आर्थिक उपार्जनको साधन नभएको शिक्षा तथा स्वास्थ्यमा दलितको पहूँच ज्यादै कम भएको , दलितलाई बिकास निर्माण देखि साँस्कृतिक कार्यक्रमबाट बहिस्कृत गर्ने गरेको, दलितको पसलबाट किनमेल गर्न गैर दलित ब्यक्तिहरु चाहदैनन् भन्ने कुरा पाइएको छ। साथै जातीय भेदभावका कारण दलितहरु आफ्नो थर परिर्वतन गरी गैर दलितको थर राखेको अवस्थाले सरकाबाट पाउने सेवा सुबिधा पाउन समस्या भएको अवस्था देखिन्छ। सहरमा पनि दलितलाई र तराईबासीलाई डेराभाडा पाउन देखि जीवन यापन गर्न बजारक्षेत्रमा समस्या रहेको पाइएको छ। पूजाको दिन प्रसाद खानबाट बिमुख गर्ने, होटेल तथा सार्वजनिक स्थलमा सर्वसुलभ पहुँच नभएको, घरायसी काम काजको दौरानममा दलितलाई घोचपेच हुने शब्द जस्तै तिम्रो काम त चमार जस्तो, पहिरन दमिनी जस्तो इत्यादिको प्रयोग गर्ने गरिएको, सार्वजनिक स्थल तथा निकायमा अपमानजनक शब्दको प्रयोग गरेको तथा अन्तजातीय विवाह विवादका उजुरीहरू आयोगमा पर्ने गरेको छ। दलित तथा पीछडिएको वर्गलाई विभेद, विद्यालय तथा सार्वजनिक स्थलमा छुवाछुतजन्य भेदभाव जस्ता घटनाहरू निरन्तर भइरहेको छन् । रा.मा.अ.आयोग प्रदेश नं. ५ कार्यालयमा जातीय विभेद शिर्षकमा आ.व. ०७३/०७४ मा २ वटा, आ.व. ०७५/०७६ मा ३ उजुरी परेको देखिन्छ। त्यसैगरी न्याय प्रशासन विषयमा जातीय विभेद भएको कारण जाहेरी कार्यान्वयन नभएको भनी आ.व. ०७५/०७६ मा ४ वटा उजुरी रहेको पाइएको छ । आयोगबाट गरिएको बिभिन्न विषयको अनुगमनको क्रममा जातीय तथा सामुदायिक अवस्थाका कारण उनीहरु न्यायको पहुँचबाट पर रहनु पर्ने पाइएको छ।

कानुन कार्यान्वयन गर्ने अधिकारी वा निकाय उदासीन रहनाले विभेद र छुवाछुतसम्बन्धी कानुन प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको हो। समाज तथा प्रहरीबाट समेत कतिपय यस्ता घटनाहरू पैसाको लेनदेन तथा मेलमिलापमा टुङ्गिने गरेको अवस्था रहेको छ। गरिबी, अभाव, चेतना र पहुँचको अभावजस्ता कारणहरूबाट छुवाछुतको प्रवृत्ति जीबितै रहेको छ। धार्मिक अन्धविश्वास, सामाजिक कुरीति, रुढीवादी संस्कार, अशिक्षा लगायतका कारण अहिले पनि जातीय विभेद तथा छुवाछुतका घटनाहरू घटिरहेको अवस्था आयोगको अनुगमनबाट पाइएको छ। नेपाली समाज पुरातनबादी सोचबाट प्रेरित भई आएको हुँदा एकै पटक परिवर्तन हुन् गैरदलित त्यसमा पनि ग्रामिण अशिक्षित समाज गाह्रो मानिरहेको अवस्था देखिन्छ। तर समयको अन्तराल, शिक्षा तथा विश्वब्यापिकरणको प्रभावसंगै दलितहरुको समस्या समाधान हुने कुरामा दुई मत छैन्। यसका लागि मानव सभ्यताकै कलङ्कका रूपमा रहेको यस कुप्रथाको अन्त्य जरुरी छ। कानुनको प्रभावकारी कार्यान्वयन र आर्थिक स्तरमा वृद्धि एवं चेतनामूलक कार्यक्रमहरूलाई एकसाथ लैजानुपर्ने आवश्यकता छ।

### १.४. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ ले अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी दीर्घकालीन अशक्तताद्वारा सिर्जित विभिन्न अवरोधहरूसँगको अन्तर्क्रियाको कारणले समाजमा अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्तिसमेतलाई जनाउँदछ

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, २००६ एवं इच्छाधीन आलेख, २००६ ले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सुनिश्चितता गर्नुका साथै यस्ता अधिकारसम्बन्धी सामान्य सिद्धान्तहरूको प्रतिपादन गरिएको छ ।

देशको कुल जनसङ्ख्याको १.९४ प्रतिशत हिस्सामा कुनै एक वा बढी प्रकारको अपाङ्गता रहेको देखिएको छ । शारीरिक तथा मानसिक अपाङ्गता भएका कुल व्यक्तिहरूमध्ये ५४.५६ प्रतिशत पुरुष र बाँकी ४५.४४ प्रतिशत महिला रहेको देखिन्छ । अपाङ्गता भएका व्यक्तिहरूमध्ये ३६.३२ प्रतिशतमा शारीरिक अपाङ्गता, १८.४६ प्रतिशतमा दृष्टिसम्बन्धी अपाङ्गता, १५.४५ प्रतिशतमा सुनाइसम्बन्धी अपाङ्गता, १.४८ प्रतिशतमा श्रवण दृष्टिविहीनता, ११.४७ प्रतिशतमा स्वर बोलाई सम्बन्धी अपाङ्गता, ६.०४ प्रतिशतमा मानसिक अपाङ्गता र २.९० प्रतिशतमा बौद्धिक अपाङ्गता र ७.५२ प्रतिशतमा बहुअपाङ्गता भएको पाइएको छ ।

नेपालको संविधान, २०७२ ले समानता र अविभेदको सिद्धान्तलाई अंगिकार गरेको छ । यसअनुसार कुनै पनि आधारमा कसैलाई पनि भेदभाव गरिने छैन भनी उल्लेख भएको छ । अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारको सम्बन्धमा पनि मौलिक हकमा विशेष व्यवस्थाको साथै विभिन्न ऐनमा पनि अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण तथा कल्याणसँग सम्बन्धीत व्यवस्था गरिएको छ । हाल अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी वि.सं. २०७४ कार्यान्वयनमा रहेको छ ।

माथि उल्लिखित ऐननियममा विशेषतः भेदभावविरुद्धको अधिकार, सामुदायिक जीवनको अधिकार, संरक्षणको अधिकार, राजनीतिक सहभागिताको अधिकार, नीति निर्माणमा सहभागिताको अधिकारमा जोड दिइएको छ । त्यसैगरी संस्था खोल्ने अधिकार, सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार, सेवा, सुविधा तथा न्यायमा पहुँचको अधिकार, सामाजिक सुरक्षाको अधिकार, सूचना तथा जानकारीको अधिकार, आवतजावतको अधिकारको सम्बन्धमा उल्लेख छ । यसको साथै अपाङ्गता भएका महिला तथा बालबालिकाका थप अधिकारहरू समावेश गरिएका छन् ।

अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी ऐन, २०७४ ले अपाङ्गता भएका व्यक्तिहरूको वर्गीकरण गरेको छ । जसमा शारीरिक अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्या एवं कठिनाइका प्रकृतिअनुसार १० र अशक्तताको गम्भीरताको आधारमा ४ भागमा विभाजन गरिएको छ ।

सरकारले बजेट वक्तव्यमार्फत विद्यालयलाई अपाङ्गता तथा बालमैत्री बनाइने भनी घोषणा गरेको छ । नेपाली साङ्केतिक भाषाको विकास तथा अनुसन्धान, दोभाषे तालिम र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ मा समावेश गरिएको भएता पनि व्यवहारतः स्थिति सकारात्मक छैन ।

अझ पनि अपाङ्गता भएका व्यक्तिहरूको मुद्दालाई अधिकारमुखी अवधारणा र सोचबाट नहेरी पुरानो कल्याणकारी अवधारणा र मूल्यमान्यताबाट हेर्ने गरेको सोचको बाहुल्यता रहेको छ । यही सोचको कारण पनि उनीहरूका आधारभूत अधिकारका विषयहरू पनि राज्य वा सरोकारवाला निकायहरूको प्राथमिकतामा पर्न सकेको अवस्था छैन । सामाजिक कुरीति, अन्धविश्वास, अशिक्षा, हेलचेक्र्याइँ दुर्व्यवहार कारण उनीहरू अझै पनि दुःख र पीडामा छन् । विद्यमान कानुन तथा नीतिहरूको पूर्ण कार्यान्वयन नहुदा र सार्वजनिक अपाङ्गतामैत्री भौतिक संरचना एवँ सवारी साधन नहुनु, सवारी साधनमा आरक्षित सिट कोटामा पहुँच नहुनुको साथै शैक्षिक क्षेत्रमा समेत अपाङ्गतामैत्री पूर्वाधारको विकास, रोजगारमा उचित व्यवस्था, शिक्षामा पहुँच को अवस्था भने अझै नाजुक छ । महिला र बालबालिकामाथि हुने हिंसाका कारण मानसिक रूपमा अस्वस्थ हुने र दीर्घकालीन रूपमा मानसिक अपाङ्गता हुने क्रम वृद्धि हुँदै गएको छ । अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गतामैत्री भौतिक संरचना, सञ्चारजगत, रोजगार, शिक्षा तथा न्यायमा पहुँच पुग्न सकेको अवस्था छैन । विशेष शिक्षा अन्तर्गत अपाङ्गता भएका विद्यार्थीका बाबु-आमाले विद्यार्थीलाई विद्यालयमा भर्ना गरेपछि बेवास्ता गर्ने प्रचलन विद्यमान छ । शिक्षकहरूलाई पर्याप्त तालिम नहुनुका साथै अपाङ्गता भएका विद्यार्थीहरूमा छात्राको सङ्ख्या बढी भए पनि विद्यालयमा महिला शिक्षक नरहेको साथै अपाङ्गतामैत्री विद्यालय भवन नभएका कारण अध्ययनलाई निरन्तरता दिन सकेको अवस्था सोहि बमोजिम छ । प्राथमिक शिक्षा पछि उच्च शिक्षाको अध्ययन गर्न शिक्षाको अवसर जिल्लामा प्राप्त गर्न नसक्ने हुँदा अध्ययनलाई निरन्तरता दिन नसकेको स्थिति छ । पहुँच नभएका आर्थिक बिपन्नताले घेरिएका ग्रामिण क्षेत्रका समुदायका अपांगता भएका ब्यक्ति, समुदायहरु सुबिधाबाट बञ्चित प्राय रहेको देखिन्छ । तिनै तहको सरकारबाट गरिने विकास निमार्णका संरचनाहरु अपांगमैत्री हुन नसक्नु, बाटो घाँटो बनाउदा अपांगमैत्री नहुनुले पनि अपांगता भएका ब्यक्तिहरुलाई समस्या थपिदै गएको देखिन्छ । नेपाल सरकारका कार्यालयहरु लगायत निजी संघ सस्था बैक लगायतका कार्यालयका संरचनाहरु अपांग मैत्री छैनन् । पछिल्लो समयमा निर्माण गर्न लागिएका केही भौतिक संरचना भने अपांग तथा असक्त मुखि बनाउने कार्यको थालनी भएको देखिन्छ । बुटवल उपमहानगरपालिकाले अपांगता भएका व्यक्तिहरुको एकीन तथ्यांक पहिचान गरी तिनीहरुको संरक्षण, विकास, सशक्तिकरणको लागि रणनीतिक कार्यदिशा तय गर्नको लागि सबै सरोकारवालाहरुसँग सुझाव मागेको थियो सोही क्रममा

आयोगको प्रदेश नं ५ कार्यालयले पनि मानव अधिकारको दृष्टिकोणबाट सुझावहरु प्रदान गरेको छ । प्रदेश नं. ५ को राजधानी रहेको बुटवल तथा भैरहवा क्षेत्रका सडक खण्डमा निर्माण हुन लागेका अकासे पुल अपांग मैत्री बनाउने प्रयासको खुडकिलोको रुपमा समेत लिन सकिन्छ । आगामी दिनहरुमा अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण तथा सम्वर्द्धनमा राज्यले अझै ध्यान दिनुपर्ने अवस्था रहेको छ । यस कार्यालयमा आपाङ्गता भएका व्यक्तिको अधिकार हनन् सम्बन्धि जम्मा १ उजुरी रहेको छ । यस बाट पनि अपाङ्गता भएका व्यक्तिको पहुँचको अवस्था उजागार भएको छ ।

**१.५. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार –**

**शिक्षाको अधिकार**

शिक्षा प्राप्त गर्नु प्रत्येक व्यक्तिको आधारभूत एवं मौलिक अधिकार हो । शिक्षालाई प्रायः प्रजातान्त्रिक मुलुकका संविधानमा मौलिक हकअन्तर्गत आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क गरेको पाइन्छ । शिक्षा प्राप्ति भनेको साक्षर हुनु र प्रमाणपत्र प्राप्त गर्नु मात्र होइन; नवीन ज्ञान, सिप र प्रविधिको विकाससँग परिचित हुनु पनि हो । यसका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्षम हुनु पनि हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २६ ले प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार सुनिश्चित हुनुपर्ने व्यवस्था छ । आधारभुत तहसम्मको शिक्षा निःशुल्क उपलब्ध हुनुपर्ने, प्रारम्भिक शिक्षा अनिवार्य, प्राविधिक तथा व्यावसायिक शिक्षा सबैको पहुँचयोग्य हुनुपर्ने साथै बालबालिकालाई शिक्षाको छनोट गर्ने पूर्ण अधिकारमा जोड दिएको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ धारा १३ ले मानवीय व्यक्तित्व तथा प्रतिष्ठाको विकासतर्फ शिक्षा निर्देशित हुने र पक्ष राष्ट्रले प्राथमिक शिक्षा अनिवार्य र सबैलाई निःशुल्क हुने उल्लेख छ । बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा २८ र २९ मा बालबालिकालाई शिक्षामा भेदभाव गर्न नहुने, प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क हुनुपर्ने र शिक्षामा पहुँच बिस्तारमा जोड दिएको छ । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको धारा १० र १४ ले जातजाती, वर्ण, लिङ्ग, राष्ट्रिय वा सामाजिक उत्पत्तिको भेदभावविना महिलालाई शिक्षा र तालिमको अवसर प्रदान गर्नुपर्ने उल्लेख छ ।

नेपालको संविधानले मौलिक हकअन्तर्गत शिक्षा तथा संस्कृतिसम्बन्धी हकको व्यवस्था गरेको छ । सो व्यवस्थाअनुसार प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुने कुरामा जोड दिएको छ । यसका अतिरिक्त प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धन गर्ने हक हुनेछ भनी उल्लेख छ । नेपालको जनगणना २०६८ बमोजिम ६५ दशमलव ९ प्रतिशत साक्षरता दरमा क्रमिक सुधार भइरहेको छ । कक्षा एकको खुद भर्ना दर ९५ दशमलव ६ र आधारभूत शिक्षाको ८६ दशमलव ३ पुगेको छ भने माध्यमिक शिक्षाको कुल भर्नादर ३३ दशमलव २ प्रतिशत छ । यसबाट विद्यालय छाड्ने दर उच्च रहेको देखिन्छ, जुन बालिकामा बढी छ । मातृभाषामा प्राथमिक शिक्षा सञ्चालन गर्न बहुभाषिक शिक्षा निर्देशिका, २०६६ जारी भएपछि १६ वटा मातृभाषामा पाठ्यक्रम तयार भई २४ वटा विद्यालयमा लागू भएको छ ।

मानव अधिकारको दृष्टिकोणबाट यस आ.व.मा यस कार्यालयको क्षेत्राधिकारभित्रका जिल्लाबाट आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारमा जम्मा २ वटा उजुरी परेको छ । विगतदेखि नै यस कार्यालयमा परेको उजुरीलाई अध्ययन गर्दा सबैभन्दा बढी सम्पत्तिको अधिकार सम्वन्धि उजुरी परेको पाइन्छ ।  समग्रमा यस प्रदेशको शिक्षाको अवस्था हेर्दा सुधारोन्मूख रहेको छ ।

**स्वास्थ्यको अधिकार**

स्वास्थ्यसम्बन्धी अधिकार आधारभूत मानव अधिकार हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५ ले प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र हितका लागि स्वास्थ्योपचारको सुविधा, बिरामी, अशक्तता र बुढेसकालमा सुरक्षा पाउने अधिकारको व्यवस्था गरेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १२ (१) ले प्रत्येक व्यक्तिलाई प्राप्त हुन सक्ने उच्चतम प्राप्यस्तरको शारीरिक र मानसिक स्वास्थ्य उपभोग गर्ने अधिकारको व्यवस्था गरेको छ । सबै प्रकारका जातीय भेदभाव उन्मूलन विषयक महासन्धि, १९६५ को धारा ५ (ङ) ले राज्यबाट सार्वजनिक स्वास्थ्य, औषधोपचार प्राप्त गर्ने अधिकारलाई विनाभेदभाव उपलब्ध गराउनुपर्ने प्रावधान छ । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन विषयक, १९७९ को धारा ११ र १२ मा महिला स्वास्थ्यसँग सम्बन्धीत अधिकारहरू उल्लेख गरिएका छन् । बाल अधिकार महासन्धिको धारा २४ ले बालबालिकालाई प्राप्त हुन सक्ने उच्चस्तरको स्वास्थ्य अधिकार उपभोग गर्न तथा रोगको उपचार गर्न पाउने र स्वास्थ्यको पुनर्लाभ पाउने सुविधालाई

स्वीकार गरेको छ। नेपालको संविधान, २०७२ मा प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ।

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश न. ५ कार्यालयको आयोजनामा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अनुगमन गर्दा गुल्मी जिल्लाको रुरु गाउँपालिकाको स्वास्थ्यको अवस्था राम्रो पाइएको थियो । आ.व. ०७६।०७७ भित्र खरको घर विहीन बनाउने लक्ष्य लिएको थियो , मजदुरलाई न्यूनतम ज्याला तोकिएको साथै घरघरमा स्वास्थ्यकर्मी पठाइ सबै ब्यक्तिको स्वास्थ्य जाँच गराएको पनि पाइयो । स्वास्थ्यको अधिकार सम्वन्धि रुपन्देही र परासी जिल्लामा गरिएको अनुगमनको आधारमा जिल्ला अस्पताल परासीमा दरवन्दि अनुसारको डा. नभएर करारका डाक्टरहरुले उपचार गरिरहेको पाइयो । संघियता पश्चात औषधिहरु कति प्रकारको कसले दिने र कहाँबाट दिने अन्यौलता भएकोले विरामीहरुलाई निःशुल्क औषधि दिन नसकेको पाइयो। समग्रमा शिक्षा, स्वास्थ्य, सुरक्षा, औसत आयू र प्रति ब्यक्ति आम्दानी आदिको अवस्था अरु प्रदेशको तुलनामा राम्रो रहेको छ।

भौगोलिक विकटता, तोकिएको स्थानमा जनशक्ति नजाने वा जान नमान्ने प्रवृत्ति, दक्ष जनशक्तिको अभाव, निःशुल्क औषधीबारेमा सुसूचित गराउनुपर्ने लगायतका पक्षलाई मनन गर्न आवश्यक छ । औषधीको अभाव, प्राप्त भए पनि सहज रूपमा नहुने, स्रोत-साधनको अभाव, जीर्ण उपकरण तथा गरिबीलगायतका कारणहरूबाट आमनागरिकको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँचभन्दा बाहिर छ। यसका लागि सरकारी नीति तथा कार्यक्रममा सुधार गरी प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने अवस्था छ। स्वास्थ्य क्षेत्रको जनशक्तिको माग र आपूर्तिबीचको सन्तुलन, सहरी र गाम्रीण क्षेत्रमा समानुपातिक वितरण, सेवामा गुणस्तरीयता र स्वास्थ्य सेवा सबैको पहुँचमा पुग्नु आवश्यक देखिन्छ।

**१.६. आप्रवासी कामदारहरूको अधिकार**

प्रत्येक व्यक्तिले आफ्नो योग्यता, क्षमता र छनोटअनुसार रोजगारी प्राप्त गर्नु उसको अधिकार हो । आप्रवासी कामदार र उनीहरूका परिवारका सदस्यहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० को धारा २ (१) ले आफू नागरिक नरहेको राष्ट्रमा तलब पाउने क्रियाकलापमा लगाइने वा लागेको वा लगाइएको व्यक्तिलाई सम्झनुपर्दछ भनी आप्रवासी कामदारको परिभाषा गरेको छ। यस महासन्धिले आप्रवासी कामदारलाई विभेदविरुद्धको अधिकार, राष्ट्रियताको अधिकार, यातना, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको अधिकारको व्यवस्था गरेको छ। दासत्व, दासव्यापार, जबरजस्ती श्रमविरुद्धको अधिकार, गैरकानुनी पत्राउविरुद्धको अधिकार, स्वच्छ, निष्पक्ष सुनुवाइ, स्वतन्त्रता र सुरक्षा, स्वैच्छिक गिरफ्तारी वा थुनाविरुद्धको अधिकारलाई सुरक्षित गरेको छ। वैदेशिक रोजगारसम्बन्धी ऐन, २०६४ र वैदेशिक रोजगार नीति कार्यान्वयनमा रहेका छन्। त्यसैगरी वैदेशिक रोजगारसम्बन्धी न्यायाधीकरण र श्रम-सहचारीको व्यवस्था छ। यसबाहेक सरकारले वैदेशिक रोजगारका निमित्त कामदार पठाउने सम्बन्धमा रोजगारमूलक देशहरूमा सम्झौतामार्फत विशेष व्यवस्थासमेत गर्दै आएको छ।

यस प्रदेश कार्यालयमा यस सम्बन्धि एउटचा पनि उजुरी यस आर्थिक वर्षमा आएको छैन । यस क्षेत्रका युवा वर्गहरु प्रायजसो भारत तथा बाहिरी मुलुकहरुमा श्रम बेच्न बाध्य भएका छन्। विदेशमा भएका युवाहरु कम्पनिबाट एजेण्टबाट ठगिनुको साथै कम तलवमा काम गर्ने अवस्था रहेको मिडिया अनुगमनबाट देखिएको छ।

**१.७. बाल अधिकार**

बाल अधिकार सम्बन्धी महासन्धि १९८९ ले १८ वर्ष मुनीका व्यक्तिहरुलाई बालबालिकाको रुपमा मान्यता दिएको छ। यसैगरी नेपालको संविधानको धारा ३९ ले बालअधिकारलाई मौलिक हकमा समावेश गरेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ ले १८ वर्ष उमेर पुरा नगरेका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ। बाल अधिकारको बारेमा चर्चा गर्दा बाल अधिकार सम्बन्धी महासन्धि १९८९ लाई महत्वपूर्ण दस्तावेजको रुपमा लिइन्छ जसले बालबालिकाको अधिकारको संरक्षण र सम्बर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको छ।

नेपालको संविधानमा बालअधिकारलाई मौलिक अधिकारकोरुपमा समावेश गरको छ जसमा पहिचान सहित नामाकरण तथा जन्म दर्ताको हक, परिवार तथा राज्यबाट शिक्षा स्वास्थ्य पालनपोषण उचित स्याहार खेलकूद मनोरञ्जन तथा सवाङ्गीण व्यक्तित्व विकासको हक, प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक, बालविवाह, गैरकानुनी ओसार पसार तथा अपहरण विरुद्धको हक, घर विद्यालय वा जुनसुकै स्थान वा अवस्थामा दिइने शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना विरुद्धको हक, बाल अनुकूल न्यायको हक, असहाय, अनाथ, अपांगता भएका, द्वन्द्व पीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकाहरुलाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक र पीडित बालबालिकालाई कानुन

बमोजिम क्षतिपूर्ति पाउने हक आदि रहेका छन् । बालअधिकारको अवस्थाबारे चर्चा गर्दा यस सम्बन्धमा नीति, नियम, कानुनी प्रावधानहरु भएता पनि यसको प्रभावकारी कार्यान्वयन हुन सकेको अवस्था छैन । बाल अपहरण एवं हिंसाका घटनाहरु घटिरहेका छन् । प्रतिवेदन अवधिमा बालबालिका माथि हुने हिंसाका घटनाहरुमा वृद्धि भएको देखिएको छ । बालबालिका माथि हुने यौन दूर्व्यवहार र बलात्कारका घटनामा पनि वृद्धि भएको पाईन्छ । गुल्मीमा १३ वर्षीया बालिका माथि भएको जबरजस्ती करणी, कपिलवस्तुमा साढे चार वर्षीया बालिका बलात्कृत भएको घट्ना यी केही प्रतिनिधिमूलक घटनाहरु मात्रै हुन् । यस्ता अधिकांश घटनाहरु ढिलो गरी बाहिर आउने पीडितले न्यायको लागि प्रहरी प्रशासनमा जाँदा समेत न्यायको अनुभति हुन नसकेको अवस्था देखिन्छ । केही घटनाहरुमा राजनैतिक, सामाजिक दबावका कारण जबरजस्ती मेलमिलाप गराउने गरिएको पाइन्छ भने केहीमा आर्थिक प्रलोभन समेत दिने गरेको पाइन्छ । आयोगले यस्ता केही घटनाहरुको अनुगमन गर्नुको साथै पीडितलाई न्याय दिलाउन समेत पहल गरेको छ ।

यस प्रदेशको मिडिया अनुगमन गर्दा बालअधिकार हननूका घट्नाहरु भइरहेका देखिन्छन । अभियन्ता नै बालदम्पति भन्ने लगायतका समाचारहरु पत्रपत्रिकाहरुमा प्रकाशनमा आएको छ । बालबालिकाको हकलाई मौलिक हकको रुपमा राखिएपनि राज्यले प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न सकेको अवस्था छैन । रिब्दीकोट गाउँपालिका ख्याहास्थित जोगीथुमको कुमालबस्तीका अधिकांश बालबालिका अपाङ्ग छन् । ७० घरपरिवार रहेको विपन्न बस्तीमा अधिकांश घरमा तीनदेखि पाँच जनासम्म अपांगता भएका व्यक्ति छन् । विपन्नताका कारण उनीहरु रोगको उपचार गराउन नसकेको अवस्थामा राज्य यस प्रकारका समस्याहरुप्रति संवेदनशील हुन जरुरी छ । बालबालिकालाई अभिभावक तथा सौतेनी आमाले कुट्ने, यातना दिनेगरेको घटनाहरु रहेका छन् । बुवा आमाको झगडाका कारण र शारीरिरक तथा मानसिक यातनाका कारण छोराछोरी मानसिक रुपमा अस्वस्थ्य भएको अवस्थामा रहेको छ । विद्यालयहरुमा अझैपनि शारिरीक दण्ड सजायको अवस्था रहिरहेको पाइन्छ ।

आयोगले बाल अधिकारको अवस्था अनुगमन, बाल अधिकार उल्लंघनका घट्नाको अनुसन्धान गरी नेपाल सरकार समक्ष सिफारिस गरेको भएतापनि कतिपय सिफारिसहरु अझै कार्यान्वयनमा आउन सकेका छैनन् । कार्यान्वयन भएका सिफारिसहरुमध्ये अधिकांश क्षतिपूर्ति सम्बन्धी रहेका र दोषी उपर कारवाही भने हुन सकेको पाइदैन । मानव अधिकार शिक्षाको प्रचारप्रसार गरी विद्यालय शिक्षामा बाल अधिकारको बारेमा प्रभावकारी पठनपाठन हुनुपर्ने साथै बाल अधिकारका क्षेत्रमा कार्य गर्ने गैरसरकारी संस्थाहरुबीच आवश्यक समन्वय अभिबृद्धि गरी बाल अधिकार संरक्षण तथा सम्बर्द्धनमा प्रभावकारिता अभिबृद्धि हुन आवश्यक रहेको देखिन्छ ।

### १.८. महिलाको अधिकार

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १ मा सबै व्यक्ति जन्मजात स्वतन्त्र तथा प्रतिष्ठा र अधिकारमा समान छन् । सोही घोषणापत्रको धारा २ मा सबै अधिकार विना लैङ्गिक विभेद सबैलाई समान रूपमा प्राप्त हुनेछ भनिएको छ । नागरिक तथा राजनीतिक अधिकार विषयक प्रतिज्ञापत्र, १९६६ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २ र ३ ले पक्ष राष्ट्रहरूलाई अभिसन्धिमा उल्लेख अधिकार विना लैङ्गिक विभेद सम्मान र सुनिश्चित गर्न राज्यपक्षलाई निर्देशन गरेको छ । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि, १९७८ ले लैङ्गिक विभेद अन्त्य गर्न राष्ट्रिय कानुनमा महिला अधिकारको संरक्षण गर्न, राष्ट्रिय कानुनमा रहेका विभेदकारी व्यवस्थाहरू खारेज गर्न तथा महिला अधिकारको संरक्षण र संवर्द्धनका लागि नयाँ कानुनहरूको निर्माण गर्न तथा महिला अधिकारको प्रभावकारी संरक्षणका लागि राष्ट्रिय संयन्त्रको निर्माण गर्न समेत राज्य पक्षको दायित्व निर्धारण गरेको छ । महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९५३ को धारा २ ले महिलालाई पुरुषसरह राजनीतिक अधिकार प्रदान गर्दै मतदान गर्न पाउने, निर्वाचित हुन पाउने, सार्वजनिक पद धारण गर्न पाउने लगायतका अधिकारको सुनिश्चितता गरेको छ ।

नेपालको संविधानमा महिलाको हक लाई मौलिक हकको रुपमा उल्लेख गरेको छ । जस अन्तर्गत महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने, महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हक महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने सम्पत्तिमा दम्पत्तीको हकको व्यवस्था गरेको छ । त्यस्तै सामाजिक न्यायको हकमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक प्रदान गरेको छ । घरेलु हिंसा ( कसुर, सजाय) ऐन २०६६, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली २०६५ मा समेत प्रत्यक्ष/अप्रत्यक्ष रूपमा महिला अधिकारसम्बन्धी व्यवस्था रहेका छन् । महिला अधिकारसम्बन्धी प्रावधानको कार्यान्वयनका लागि सरकारी संयन्त्रको साथमा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोगलगायत संयन्त्रको स्थापना गरिएको

छ । मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरु, नेपालको संविधान तथा प्रचलित अधिकांश कानुनहरुले महिला र पुरुषका बिच समान अधिकारलाई सुनिश्चित गरेको भएपनि बहुविवाह, घरेलु हिंसा, यौनजन्य हिंसा तथा बलात्कार, बोक्सीको आरोप, दाईजोको कारणले हुने हिंसा तथा शोषण बाट महिलाहरुको अधिकार उल्लङ्घन हुने क्रम यथावत छ । राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. ५ कार्यालय बुटवलले रुपन्देही र कपिलवस्तु जिल्लामा गरेको महिला हिंसाको अवस्था अनुगमनका क्रममा महिला अधिकारको अवस्था सन्तोष जनक नरहेको, महिलामाथि बिभिन्न प्रकारका हिंसात्मक कार्यहरु भईरहेको पाईयो । यस क्षेत्रमा महिला हिंसाका घटनाहरुमा वृद्धि भएको पाईयो । महिलाको बाँच्न पाउने अधिकार सुरक्षित नहुँदा महिला हत्या, बलात्कार, कुटपीट, लुटपाट, मानब बेचबिखन तथा अपहरणको सिकार भईरहेको पाईयो । महिलालाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन हुन नसकेको पाईयो । घर परिवार समाजमा छोरी जन्मेका कारण आमालाई यातना दिने कार्य भई रहेको भन्ने पीडितको भनाई रहेको पाईयो । संघ सस्था, नेपाल सरकारले महिला अधिकारका लागि काम गर्दै आए पनि महिला र बालिका लक्षित यौन हिंसा, मानव बेचबिखनका घटनामा कमि आउन सकेको छैन । महिला माथि हुने हिंसा, दुव्यवहार, हत्या, बलात्कार जस्ता घटना दिनहुँ जस्तो घर, परिवार, गाउँ, समाजमा भईरहने गरेको पाईयो । महिला माथि गालिगलौज दुर्व्यहार कटपिट, यातना, मानव बेचबिखन, वेश्यावृतिमा जर्बजस्ती करणी, वैवाहिक बलात्कार, सुत्केरी हुँदा खान नदिने, घरबाट निकाल्ने तथा हत्या, बोक्सीको आरोपमा यातना, दुःख दिने, गाउँ निकाला र बहिष्कार गर्ने जस्ता कुरा महिला माथि भईरहेको पाईयो । महिलाको विकासको अवरोध महिलाउपर हुने दमन र हिंसा पनि हो जो परिवारका सदस्यले गर्ने गरेको हुन्छ । महिलाले परिवारभित्र नै अपमानजनक व्यवहार सहनुपरेको र पुरुष परिवारको मूली हुने र महिलाप्रती दोस्रो दर्जाको नागरिकको व्यवहार हुनेगरेको पाईयो । हरेक समुदाय, समाज, संस्कृति, धर्मका महिलामाथि हिंसा भएको पाईयो । घरेलु हिंसा, बलात्कार जस्ता गंभिर मानव अधिकार उल्लंघनका घटनामा अपराधीले सजिलै उन्मुक्ति पाएको अवस्था रहनुले दण्डहिनतालाई बढिरहेको देखिन्छ यसका साथै महिला हिंसाका घटनाहरु दिनहुँजसो पत्रिकामा प्रकाशित भईरहेका छन् । महिला माथि हुने हिंसामा अपराधीलाई कुनै पनि अवस्थामा उन्मुक्ति नदिई कानुनको दायरामा ल्याउनु अति आवश्यक भएको पाईयो । कतिपय अवस्थामा महिलाहिंसाका घटना भएपनि सम्बन्धीत निकाय समक्ष नपुग्ने र यदाकदा पुगी हालेपनि प्रहरी कार्यालयले पनि मिलापत्र गरेर टुग्याउने गरेको पाईयो । महिला हिंसाका घटनामा उजुरी परिवारका बिरुद्ध गर्नु पर्ने र पुन सोही घरमा आएर बस्नु पर्ने हुँदा महिला झन् पीडित बन्दै आएका छन् । महिला हिंसाको घटनामा उजुरी दर्ता गराए पश्चात घर परिवार तथा आफन्तबाट नै उजुरी फिर्ता लिन वा मिलापत्र गराउन दबाब आउँछ भन्ने अवस्थाले महिलाको समग्र मानव अधिकारको अवस्था राम्रो हुन नसकेको पाइन्छ ।

**१.९ बलपूर्वक बेपत्ता**

मानिसलाई बलपूर्वक वेपत्ता पार्ने कार्य मानव अधिकारको गंभिर उल्लंघन हो । बलपूर्वक बेपत्ता परिएका सबै व्यक्तिहरुको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २००६ ले राज्यको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नतामा व्यक्तिहरुलाई बेपत्ता पार्ने कार्यलाई बलपूर्वक बेपत्ता पार्ने कार्यको रुपमा परिभाषित गरको छ । बलपूर्वक बेपत्ता पार्ने कार्यलाई महासन्धिले अपराधको रुपमा परिभाषित गर्दै व्यापक र सुनियोजित रुपमा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई मानवताविरुद्धको अपराधको रुपममा परिभाषित गरेको छ । नेपालमा दश वर्षे ( वि.स. २०५२-२०६३ ) सम्मको लामो सशस्त्र संघर्षको अवधिमा हजारौं व्यक्तिहरु द्वन्द्वरत पक्षहरुबाट व्यक्तिहरुलाई गैरकानुनी तरिकाले नियन्त्रणमा लिई बेपत्ता पार्ने कार्य भएको पाइएपछि बलपूर्वक बेपत्ता मानव अधिकारको गंभिर उल्लंघनको रुपमा रहँदै आएको छ । आयोगबाट विभिन्न समयमा गरिएको अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा सशस्त्र संघर्ष द्वन्द्वको क्रममा सुरक्षाकर्मीहरुबाट हातहतियार सहित विना सूचना व्यक्तिहरुलाई पक्राउ गर्ने, पक्राउ गर्नुको कारण र थुनामा राखिएको स्थानसमेत गोप्य राखी व्यक्तिहरुको हत्यासम्म गर्ने सम्मका कार्यहरु भएका पाइन्छन । यसक्रममा मध्येरातमा समेत घरभित्र प्रवेश गरी व्यक्तिहरुलाई पक्राउ गरी अवस्था बेपत्ता पारिएको पाइएको छ । पक्राउ परेका व्यक्तिहरुलाई उनीहरुको घरपरिवार र आफन्त समेतलाई भेटघाट गर्न नदिने, कानुन व्यवसायीहरुलाई भेट नदिने, कहाँ राखिएको भन्ने बारे जानकारी नै नदिने आदि अवस्थाहरु रहेको थियो । आयोगबाट भएका अनुसन्धानहरुबाट विभिन्न सैनिक हिरासत एवं प्रहरी कार्यालयहरुबाट व्यक्ति बेपत्ता पारिएका प्रमाणहरु प्राप्त भएका छन् । बेपत्ताको अवस्थामा हिरासतभित्रै मारिएका घट्नाहरुको समेत आयोगबाट अनुसन्धान भएका छन् । कतिपय बेपत्ता पारिएका व्यक्तिहरुको अवस्था हालसम्म पनि सार्वजनिक हुन सकेको अवस्था छैन । राज्यले बेपत्ता छानविन तथा सत्य निरुपण तथा छानविन आयोगहरुको गठन गरेको भएतापनि ती आयोगहरु प्रभावकारी हुन सकेको अवस्था देखिंदैन । आयोगले बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्य मानव अधिकारको गंभिर उल्लंघन हो भनी विभिन्न संचार माध्यमहरुबाट आम नागरिकमा सूचना सम्प्रेषण गर्ने गरेको छ । आयोगले व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अन्तर्राष्ट्रिय दिवस को सन्दर्भमा विविध कार्यक्रमहरुको आयोजना गरी बेपत्ता

पारिएका व्यक्तिहरुको सम्झना गर्ने र व्यक्ति बेपत्ता पार्ने कार्यको विरोध गर्ने गरिएको छ। बेपत्ता पार्ने कार्य विरुद्ध सचेतना जगाउने, सम्बन्धीत विषयमा अनुगमन र घट्नाहरुको अनुसन्धान गर्ने गरेको छ। राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. ५ कार्यलय बुटवलमा बलपूर्वक बेपत्ता सम्बन्धी ३५ वटा उजुरीहरु रहेका र ती अनुसन्धानका क्रममा रहेका छन्।

**१.१० सामुहिक अधिकार अर्न्तगत**

**(क) वातावरणको अधिकार**

गरिब नागरिकलाई मर्का हुनेगरी प्रकृतिको चरम दोहन गरिंदा बिकास मानव अधिकार मैत्री हुन सकिरहेको छैन्। बिकासलाई मानवको सर्वोपरि हित हुनेगरी तथा मानिसलाई केन्द्र बिन्दुमा राखि बिकास गरिने परिपाटी नहुँदा वातावरणीय समस्या बिकराल हुदै गएको हो। विकास र स्वच्छ वातावरण सम्बन्धी अधिकारहरू मानव जीवनसँग प्रत्यक्ष सम्बन्धीत छन्।

विकासको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र सन् १९८६ ले विकासलाई मानव अधिकारको विषयका रुपमा उल्लेख गरेको छ। केन्याको नैरोवीमा १९७३ मा संयुक्त राष्ट्रसङ्घ वातावरण कार्यक्रम र सन् १९९० मा पृथ्वी सम्मेलन, सन् १९९० को भियना सम्मेलन, र सन् १९९२ मा ब्राजिलको रियो द जेनेरियोमा पृथ्वी सम्मेलनले वातावरणको अधिकारमा जोड दिएको पाइन्छ। वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ मा वातावरण संरक्षणमा प्राथमिकता दिएको छ। नेपालको मौजुदा संविधान, २०७२ को धारा ३० मा स्वच्छ वातावरणको अधिकारको ब्यवस्था गरिएको छ। जसमा (१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ। (२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। (३) राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गर्न यस धाराले बाधा पुर्‍याएको मानिने छैन भनी उल्लेख छ। चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजनाले नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारलाई कार्ययोजनामा समेटेको छ। विकास र वातावरणसम्बन्धी प्रावधानहरूलाई हेर्दा स्पष्ट हुन्छः यी दुई अधिकार आपसमा अन्तर्सम्बन्धित छन्। वातावरण संरक्षण विनाको विकास र वातावरणको नाममा विकास पूर्ण अवरुद्धताबीच तालमेल सम्भव हुन सक्दैन। वर्तमान अवस्थामा विकास र वातावरणको संरक्षणका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा विभिन्न अभियानहरू सञ्चालन भइरहेका छन्। आयोगले पनि यी क्षेत्रमा प्राथमिकताका साथ कार्य गर्दै आएको छ। आयोगले ७० औं अन्तराष्ट्रिय मानव अधिकार दिवस तथा पेरिस सिद्धान्तको २५ औं वर्षगाठको सन्दर्भमा प्रदेश नं. ५ का माननीय मुख्यमन्त्रीको प्रमुख अतिथ्यता र राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य श्री गोविन्द शर्मा पौडेलज्यूको बिषेश अतिथ्यतामा मौलिक हकहरुको कार्यान्वयनमा प्रदेश सरकार तथा प्रदेशसभाको भूमिका विषयक कार्यशाला गोष्ठिको आयोजना गरिएको थियो। उक्त गोष्ठिमा बिकास वातावरण र मानव अधिकार मुखि पद्धतिको आवश्यकता सम्बन्धमा प्रदेश सरकार, कानून निमार्ण गर्ने प्रदेश ब्यवस्थापिका, कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरुको सहभागीतामा गरिएको गोष्ठीको छलफलबाट निस्केको निष्कर्ष बिकास निमार्ण गर्दा पर्यावरणको ख्यालै नगरी जथाभाभी बाटो भत्काउने खन्ने र तोकिएको समय सिमा तथा सर्त अनुसार काम पुरा नहुने गरेको कारण वातावरणलाई दिनदिनै बिनास तर्फ लगेको छ। गएको वर्ष वर्षा हुँदा हिलोको वर्षा हुनुले हाम्रो वातावरणको प्रदुषणको अवस्थालाई सजिलै आकलन गर्न सकिन्छ। आयोगबाट पटक पटक भएको अनुगमनको तथ्यलाई हेर्दा विश्व सम्पदाको क्षेत्रभित्र समावेश पर्यटकीय, धार्मिक तथा पुरातात्विक महत्त्व रहेको लुम्बिनी क्षेत्र वातावरण प्रदूषणको मारमा परेको छ। वातावरण सम्बन्धी कानुनी मापदण्ड पालना हुन नसकेको, सिमेन्टलगायतका उद्योगधन्दाबाट निस्कने अत्यधिक धुँवाधुलोको कारण सो क्षेत्रमा वायुप्रदूषण वृद्धि हुन पुगेको देखिन्छ। फलतः स्थानीयवासी तथा पर्यटकहरूमा श्वासप्रश्वास, छालाजन्यलगायतका समस्या देखिएका छन्।

पुरातात्विक महत्त्वका भवन, मूर्ति तथा गुम्बाहरू खिइएर बिग्रन सक्ने तथा तुवाँलो तथा बाक्लो हुस्सु बढ्न गई हेराइमा समस्या पर्न गएको स्थिति छ। यस अलवा कृषि, खाद्यान्न र पशुपंक्षीको आहारमा समेत नकरात्मक प्रभाव परेको स्थिति छ। वायुप्रदूषणको प्रमुख कारण अव्यवस्थित सहरीकरण, फोहरमैला व्यवस्थापनमा समस्या, सडक विस्तार तथा विकास निर्माणका कार्यबाट विभिन्न समस्याहरू पैदा भएका छन्। सडक बिस्तारका लागि भत्काइएका घर र मूल सडकहरूमा निस्किएको धुलोबाट जनजीवन अत्यन्त प्रभावित बन्नपुगेको छ। वर्षाको समयमा हिलोले सडक वा धान रोप्ने खेत कुन हो भन्ने कुरा छुट्याउन सकिने स्थिति छैन। भत्काउने काममा तीव्रता तर बनाउनमा तदारुकता नदेखिएबाट विकास निर्माण र वातावरणको अवस्था नाजुक भएको हो। सर्वसाधारण मानिस तथा बालबालिकारुमा रुघाखोकी, छालाको एलर्जी, आँखा चिलाउने र मानसिक रुपमा चिडचिडाहटजस्ता मनोवैज्ञानिक समस्याहरू देखिन थालेका छन्। यसै गरी यस क्षेत्रमा रहेका कतिपय इटा भट्ठा सिमेन्ट फैक्ट्री लगायतका उद्योगहरु मपदण्ड बिपरित स्थापना गरिएको हुँदा त्यसबाट हुने

धुलो धुवा र प्रदूषणको हिस्सा झन्डै करिब ४५ प्रतिशत भन्दा बढीको हाराहारीमा रहेको देखिन्छ । यस्ता उद्योगहरुमा कार्यरत कामदार, उनीहरूका परिवार गर्भवती र सुत्केरी समेत उद्योगभित्र बस्न बाध्य छन् । यसबाट कामदार, परिवार र बालबालिकाहरूको स्वास्थ्यमा समेत नराम्रो प्रभाव परेको अवस्था बिद्यमान छ । नेपाल सरकारबाट विकास निर्माणका कार्य योजना निर्माण र कार्यान्वयन गर्दा स्थानीयवासी तथा आदिवासी जनजातीहरूको धार्मिक स्वतन्त्रतालाई सम्मान, संरक्षणमा प्रर्याप्त ध्यान पुऱ्याउन नसकेको स्थिति छ । विकास निर्माणका लागि जग्गा अधिग्रहण गर्दा व्यक्तिको सम्पत्तिको अधिकार संरक्षणतर्फ सचेत हुन नसकेको देखिन्छ । फोहोर व्यवस्थापन हुन नसक्नु, खनिज पदार्थ उत्खनन, नदी लगायत प्राकृतिक संरचनाहरूको अत्यधिक दोहनले गर्दा वायुप्रदूषण वृद्धि भइरहेको छ । यसपछाडि विनायोजना विकास निर्माणका कार्य, उद्योगहरूबाट निष्कासित प्रदूषण प्रमुख कारण देखिन्छन् ।

विकास निर्माणका कार्यहरू कार्यान्वयन गर्दा सबैतिर भत्काउने कार्यमा आतुरता देखिनु तर, निर्माण सम्पन्न गराउनमा खासै चासो नहुनु प्रमुख समस्या रहेको छ । प्राथमिकता का विषयमा सम्बन्धीत निकायहरू प्रस्ट नहुदा विकास निर्माण कार्यान्वयन गर्ने निकायहरूबीच आपसी समन्वयनको अभाव छ । जिम्मेवारी लिने भन्दा पनि पन्छाउने प्रवृत्ति फस्टाएको छ । अदालतमा वातावरणको सम्बन्धमा परेका रिट उपर समयमै उपयुक्त आदेश वा फैसला हुन नसक्दा पनि विकास निर्माणका कार्यले गति लिन नसकेको अवस्था छ । यसर्थ मानिससँग प्रत्यक्ष र परोक्ष सम्बन्ध भएको वातावरण र विकासको अधिकारबाट वर्तमान पुस्ता वञ्चित हुने अवस्थामा पुगेको छ । विकास र वातावरणको अधिकारलाई मध्यनजर राखी अनुगमन, अनुसन्धान, संवर्द्धनात्मक कार्यबाट प्राप्त तथ्यहरुलाई आयोगले सबैको ध्यानाकर्षण गराउदै निरन्तर अगाडि बढ्दै आएको छ ।

**(ख) ज्येष्ठ नागरिकको अधिकार**

शारीरिक, सामाजिक तथा सांस्कृतिक अवस्थालाई जेष्ठ नागरिक मापनको आधार मानिए पनि उमेरमा विशेष जोड दिइएको पाइन्छ । अतः यस आधारमा जेष्ठ नागरिक भन्नाले प्रौढ वा औसत उमेर नाघेका व्यक्तिलाई बुझाउँदछ । ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ मा ६० वर्ष उमेर पुगेको नेपाली नागरिकलाई जेष्ठ नागरिकको परिभाषाअन्तर्गत राखेको छ । ज्येष्ठ नागरिक अनुभवका खानी हुन्; ज्ञानका भण्डार हुन् मुलुकका लागि मार्गदर्शक हुन् । उनीहरूको अधिकारलाई विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रिय दस्तावेजहरूमा उल्लेख गरिएको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा सबै व्यक्तिलाई विना भेदभाव घोषणापत्रमा उल्लेख भएका अधिकारप्राप्त हुने र धारा २५ (१) ले प्रौढावस्थामा समेत जीविकोपार्जनका लागि सामाजिक सुरक्षाको अधिकार हुने व्यवस्था छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को धारा १० मा प्रत्येक व्यक्तिको सामाजिक सुरक्षाको अधिकारलाई राज्यले स्वीकार गर्नुपर्ने प्रावधान छ । संयुक्त राष्ट्रसङ्घको महासभाबाट १६ डिसेम्बर १९९१ मा पारित राष्ट्रसङ्घीय वृद्धवृद्धासम्बन्धी सिद्धान्तहरूमा सबै सदस्य राष्ट्रलाई स्वाधीनता, सहभागिता, आत्मसम्मानलगायतका सिद्धान्तहरूलाई आफ्नो राष्ट्रिय कार्यक्रममा समावेश गर्नुपर्ने भनी विशेष जोड दिइएको छ । नेपालको संविधान २०७२ मा समानताको हकअन्तर्गत धारा १८ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांशमा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने प्रावधान छ । महिला, श्रमिक, वृद्ध, अपाङ्गता भएका तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षासम्बन्धी हक र निर्देशक सिद्धान्तअन्तर्गत राज्यले असहाय, वृद्ध, आदिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने उल्लेख छ । जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले जेष्ठ नागरिकको हेरविचार, स्याहारसम्भार तथा सामाजिक सुरक्षासम्बन्धमा चर्चा गरेको छ । जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले जेष्ठ नागरिकको हेरविचार, स्याहारसम्भार तथा सामाजिक सुरक्षाको लागि केन्द्रीय जेष्ठ नागरिक कल्याण समितिको गठन र जेष्ठ नागरिक कल्याणकोषको व्यवस्था गरेको छ । नेपालमा ज्येष्ठ नागरिकको सङ्ख्या कुल जनसङ्ख्याको ८.१३ प्रतिशत अर्थात् २४,२२,४९४ रहेको छ (जनगणना २०६८) । आधारभूत पोषण, खाद्यान्न, सरसफाइ, स्वास्थ्य सुविधामा भएको प्रगति, आर्थिक समृद्धिले आएको नागरिक चेतना, र प्रगतिले औसत उमेर बढ्दै गएको आदि कारणबाट वार्षिक ३.५ प्रतिशतका दरले ज्येष्ठ नागरिकको सङ्ख्या बढ्दै गएको छ । यो ५ नं. प्रदेशमा ८ जिल्लामा वृद्धाश्रम सञ्चालित छन् । १ जिल्लामा १ भन्दा बढी पनि वृद्धाश्रम छन् । सरकारले ज्येष्ठ नागरिकका लागि मनोरञ्जन तथा तोकिएका क्षेत्रहरूमा विशेष छुट प्रदान गर्न सेवाप्रदायकहरूलाई उत्प्रेरित गर्ने नीति लिएको छ । त्यसैगरी सम्मानित सर्वोच्च अदालतले ऐनअनुरूप ज्येष्ठ नागरिकहरूलाई सार्वजनिक तथा अन्य सेवामा ५० प्रतिशत छुट दिन सरकारका नाममा परमादेशको आदेशसमेत जारी गरेको छ । केही सार्वजनिक सवारी साधनहरूमा ज्येष्ठ नागरिक आरक्षण सिटको व्यवस्था गरी भाडामा ५० प्रतिशत छुट दिने नीति लिइएको भए पनि त्यसको कार्यान्वयन पक्ष एकदम फितलो छ । सामाजिक सुरक्षाको अवधारणाअनुसार सरकारले हाल सामाजिक सुरक्षाअन्तर्गत ७० वर्ष उमेर पूरा गरेका जेष्ठ नागरिकलाई दुई हजार रुपियाँका

दरले मासिक भत्ता प्रदान गर्दै आएको छ । आयोगले गरेको अनुगमनको आधारमा ज्येष्ठ नागरिक भत्तालाई निर्वाहमुखी हुने गरी वृद्धि गर्ने, सार्वजनिक यातायात र स्वास्थ्य क्षेत्रमा शुल्क छुट गर्न, ज्येष्ठ नागरिकसम्बन्धी ऐनको समयानुकूल संशोधन गर्ने, ज्येष्ठ नागरिकलाई परित्याग गर्ने कार्यलाई अपराधीकरण गर्नेलगायतका विषयहरूमा गरिएका सिफारिसहरू अझैसम्म कार्यान्वयन हुन सकेका छैनन् । यी विशेष व्यवस्थाका बाबजुद पनि ज्येष्ठ नागरिकको अवस्था सन्तोषजनक छैन । वृद्धाश्रम, हेरचाह केन्द्र वृद्धि हुँदै जानु भनेको ज्येष्ठ नागरिकहरू परिवारबाट अपहेलित हुन पुग्नु हो । अहिले पनि उनीहरू आर्थिक, सामाजिक, स्वास्थ्य र पारिवारिक समस्याबाट सताइका छन् । सडक तथा मठमन्दिरहरूमा मागी गुजारा चलाउनुपरेको छ । सरकारको लगानी लक्षित वर्ग (जेष्ठ नागरिक) सम्म पुग्न नसकेको स्थिति छ । परिवारबाट माया, स्नेह, सम्मानको अभावमा कतिपय ज्येष्ठ नागरिक वृद्धाश्रममा पुग्न बाध्य छन् । आर्थिक, शारीरिक एवं मानसिक रूपमा कमजोर हुन थालेपछि परिवारले बोझ महसुस गर्ने र वृद्धाश्रममा राख्ने परिपाटीमा वृद्धि हुँदै गएको अवस्था छ । आधुनिकीकरण र पश्चिमी संस्कृतिको बढ्दो प्रभावले गर्दा प्राचीन परम्परा संस्कृतिको विघटनले विकृतिलाई स्थान दिएको देखिन्छ । यसको साथै पुस्तान्तरको खाडलमा वृद्धि हुँदै गइरहेको छ । नेपाली समाज संयुक्त परिवारबाट एकल परिवारतर्फ जाँदा यसको असर ज्येष्ठ नागरिकमाथि पर्न गएको छ । एक्लो जीवन व्यतीत गर्नुपर्ने, सम्पत्ति नहुँदा अपहेलित हुनुपर्ने, दुर्व्यवहार सहनुपर्ने र अन्ततः घरबाटै निष्कासित हुनुपर्ने अवस्था देखिएको छ । यस सम्बन्धमा प्रभावकारी ठोस नीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसकेको स्थिति छ ।

यस प्रदेशमा चार उपमाहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका रहेको छन् । यहाँका सबै स्थानीय तहमा ज्येष्ठ नागरिकको लागि सामाजिक सुरक्षा भता दिने गरिन्छ । यहाँ कतिपय जिल्लाहरुमा ज्येष्ठ नागरिकहरुका लागि दिवा सेवा गृह पनि सञ्चालनमा रहेको छ । ज्येष्ठ नागरिकको अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि वृद्धा आश्रमहरु सरकारी तथा गैरसरकारी संघ संस्थाको सहयोग, समन्वय तथा सहकार्यमा सञ्चालनमा रहेको छ । अरु ब्यक्ति भन्दा ज्येष्ठ नागरिकको आफनै गाथा, ब्याथ रहेको छ । बुढेसकालमा आफना छोरा छोरी पनि स्याहार सुसार नगरिदिदा जिउँदै नरकको जिन्दगी भएको कुरा ज्येष्ठ नागरिक सुनाउने गर्दछन् । ज्येष्ठ नागरिकलाई राज्यले पनि प्राथमिकताका साथ नहेरेको हुँदा छोरा छोरी नभएका ज्येष्ठ नागरिकको जीवन झन विकराल भएको छ ।

आयोगले रुपन्देही र नवलपरासीमा गरेको अस्पतालको स्वास्थ्यसेवा प्रवाहको अवस्था अनुगमनको क्रममा अस्पतालहरुमा जेष्ठ नागरिकहरुका लागि प्रदान गर्नुपर्ने सेवा सुविधाहरु व्यवस्थित हुन नसकेको पाइएकोले सम्बन्धीत निकायहरुको ध्यानाकर्षण गरी सुधारको लागि आवश्यक कारवाही गर्न र सो को जानकारी उपलब्ध गराइदिन आयोगबाट पत्राचार गरिएको छ ।

**(ग) आदिवासी / जनजातीको अधिकार**

आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ का अनुसार आदिवासी/जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, बेग्लै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाती वा समुदायलाई बुझिन्छ । आदिवासीसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि, १६९ मा भूमि अधिकार, प्राकृतिक साधन, स्रोतमा पहुँच, शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका विषयलाई समेटिएको छ । यस महासन्धिले निर्णय प्रक्रियामा सहभागिताको अधिकारलाई जोड दिनुका साथै आदिवासीका अधिकार संरक्षण, संवर्द्धन गर्नेलगायतका विषय उल्लेख गरेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमाथिको अधिकार, उनीहरूलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने विकास योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कन प्रक्रियामा सहभागी हुने अधिकार प्रदान गरिएको पाइन्छ । नेपालको संविधानमा मौलिक हकअन्तर्गत शिक्षा तथा संस्कृतिसम्बन्धी हकमा प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा र आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धनको हक हुनेछ भन्ने उल्लेख छ । सामाजिक न्यायको हकमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाती, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हकसम्बन्धी प्रावधान छ । राज्यको दायित्व, निर्देशक नीतिहरूमा राज्यको दायित्वअन्तर्गत शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था छ । जसमा, आर्थिक तथा सामाजिक रूपले पीछडिएको आदिवासी जनजातीको उत्थान गर्ने नीतिका साथै सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति उल्लेख गरिएको छ । शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरिएको छ । आर्थिक तथा सामाजिक रूपले पीछडिएको आदिवासी जनजाती, मधेसी, दलितलगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनिका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ भन्ने उल्लख

गरेको छ । त्यसैगरी राज्यले महिला, दलित, आदिवासी जनजाती, मधेसी, मुस्लिमलगायत अल्पसङ्ख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्गता भएका, पीछडिएको क्षेत्र तथा समुदाय र द्वन्द्वपीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ भनिएको छ । आदिवासी जनजातीको मानव अधिकारको संरक्षण, सम्मान र परिपालनाको लागि संविधानले आदिवासी जनजाती आयोगको परिकल्पना गरेको छ । वि.सं. २०६८ को जनगणनाअनुसार नेपालमा आदिवासी जनजातीको जनसङ्ख्या ९२,६७,८७० अर्थात् ३४.९७ प्रतिशत रहेको छ । आदिवासी जनजाती उत्थान प्रतिष्ठान ऐन, २०५८ को अनुसूची १ ले ५९ वटा जातीलाई आदिवासी जनजातीको रूपमा सूचिकृत गरेको छ । सार्वजनिक सेवामा आरक्षणको व्यवस्थाले बिस्तारै सरकारी सेवामा आदिवासी जनजातीहरूको पहुँचमा वृद्धि हुँदै गएको देखिन्छ । आदिवासी जनजातीहरू भित्र पनि राउटे, सुरेल, कुसुन्डा, चेपाङजस्ता लोपोन्मुख समुदायहरूको अवस्था भने अत्यन्तै निराशाजनक छ । सार्वजानिक महत्त्वका क्षेत्रमा उनीहरूको सहभागिता शून्यजस्तै रहेको छ ।

आदिवासी जनजातीको बाहुल्यता रहेको यो प्रदेश न. ५ मा करीव  ११० वटा जातजातीहरुको वसोवास रहेको छ । यहाँ जनजातीहरुको आफनै पेशा, धर्म, सँस्कृति रहेको पाइन्छ । ४५ वटा भाषाभाषि , १० वटै प्रकारका धर्म तथा ११० प्रकारका जातजातीहरु यस प्रदेशमा वस्ने भएकोले यो प्रदेश भाषा, धर्म र जातजातीको हिसावले धनी प्रदेशको रुपमा चिनिन्छ । यस वर्ष आयोगबाट गुल्मी जिल्लामा आर्थिक सामजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुगमन गर्दा जनजातीहरुको शैक्षिक र आर्थिक अवस्था अत्यन्त कमजोर रहेको पाइएको छ ।

### (घ) मानवबेचबिखनको अवस्था

नेपालले मानव वेचविखन र बलपूर्वक श्रम गराउनेलाई रोक्ने लगायत धेरै मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुलाई अनुमोदन गरेको भएतापनि कानुनहरुको कार्यान्वयन हुन नसक्दा विभिन्न तवरबाट मानव बेचविखन भइरहेको आयोगबाटै हरेकवर्ष प्रकाशित मानव बेचविखनको अवस्था राष्ट्रिय प्रतिवेदनबाट स्पष्ट देखिएको छ ।

आयोगले विभिन्न समयमा गरेको अनुगमनबाट आयोगको प्रदेश नं ५कार्यालयका क्षेत्राधिकार अन्तरगतका कपिलबस्तु, रुपन्देही, नवलपरासी लगायतका नेपाल र भारतबीचको  सीमा निगरानी कार्य एक चुनौतिपूर्ण कार्य देखिएको छ । यसको मुख्य कारण दुई देशबीचको खुला सिमा प्रणाली हो जसले गर्दा दुबै देशका नागरिक खुल्ला रुपले एक देशबाट अर्को देशमा  आउन जान सक्छन् । गैरसरकारी संस्थाहरुका सीमा निगरानी केन्द्रहरु केवल प्रमुख नाकाहरुमा मात्र रहेको, सीमा नाकामा सुरक्षाकर्मीहरुको पर्याप्त संख्यामा उपस्थिति हुन नसकेको देखिन्छ । मानव बेचबिखन विरुद्ध कपिलवस्तु र रुपन्देहीको सीमा नाकामा रही कार्य गर्ने माइति नेपाल लगायतका संघसंस्थाहरुको विगत केही वर्षको तथ्यांकहरुको अध्ययन गर्दा पनि मानव बेचविखनका घट्ना घट्दो नभएर वढ्दो क्रममा नै रहेको देखिन्छ ।

कपिलबस्तु र रुपन्देही  जिल्ला मानव बेचबिखन र ओसार पसारको दृष्टि कोणबाट प्रभावित जिल्ला मध्ये पर्दछन् । महिलाहरु शैक्षिक तथा राजनैतिक जागरणमा पछाडि भएकोले उनीहरु सशक्त र सचेत अवस्थामा छैनन् । साथै भारतसंग पनि लामो सिमा जोडिएको जिल्ला भएको हुदा मानव बेचबिखन गर्ने गिरोहहरुको चलखेल र प्रभाव रहेको पाईन्छ । यस जिल्लामा भारतसंगको ठुलो व्यापारिक नाका पनि रहेकाले दलालहरुले खुल्ला सिमानाको फाईदा उठाउदै साना साना नाकाहरुको प्रयोग गरी महिला तथा बालबालिकाहरुलाई भारत लगायत अन्य विभिन्न खाडी मुलुकहरुमा देह व्यापार तथा अन्य व्यापारिक प्रयोजनका लागि बेचबिखन गर्न लैजाने गरेको पाईन्छ । पछिल्लो समयमा वैदेशिक रोजगारमा लैजाने बाहानामा थुप्रै चेलीहरु बेचबिखनको शिकारमा परेको तथ्य हाम्रा सामु छन् । राष्ट्रिय मानव अधिकार आयोगले मानव बेचबिखन तथा ओसार पसार न्युनिकरण गर्ने,बेचिएका महिला तथा बालबालिकाहरुलाई उद्धार गरी स्वदेश फर्काउने र उद्धार गरी ल्याइएका महिला तथा बालबालिकाहरुलाई पुर्नस्थापना गर्ने कार्यमा नेपाल सरकार र सम्बन्धीत निकायसँग समन्वय र सहकार्य गर्दै आएको छ ।

### (ङ) यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकार

नेपालमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको एकीन तथ्यांक रहेको पाइदैन ।  सरकारले २०६८ सालको जनगणनामा तेस्रोलिंगी भनेर सम्बोधन गरे पनि तथ्यांक संकलन भने हुन सकेको देखिँदैन । तेस्रोलिंगीहरु सामाजिक डरका कारण धेरैले आफ्नो पहिचान खोल्न नचाहेको अवस्थाले पनि यस्तो हुन गएको हो  । नेपालको संविधानको धारा १२ मा लैंगिक पहिचानको आधारमा नागरिकता प्रदान गर्ने कुरा उल्लेख गरिएको छ । यसका साथै संविधानको धारा १८ मा समानताको हक अन्तरगत विभिन्न समुदाय सहित  लैगिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकार संरक्षण गर्न राज्यले विशेष कानुन बनाउन सकिने कुरा उल्लेख गरिएको छ ।  आयोगबाट विभिन्न समयमा गरिएको अनुगमन तथा अन्तरक्रिया लगायतका कार्यक्रमहरुमा प्राप्त तथ्यबाट अधिकांश लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरु आफ्नै परिवार

तथा समाजबाट वहिष्करणमा परेकोहुँदा विभिन्न प्रकारका भेदभावहरुको सामना गरिहेको देखिन्छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकारको सम्बन्धमा सबै सरकारी, गैरसरकारी तथा अन्य सरोकारवाला निकायहरुले समन्वय र सहकार्य गरी व्यापक रुपमा सचेतना जगाउने कार्यक्रमहरु गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।

**च) उपभोक्ताको अधिकार**

मानव जीवनयापनका लागि बस्तु तथा सेवा खरिदकर्ता वा प्रयोगकर्ता नै उपभोक्ता हुन् । संयुक्तराष्ट्रसंघीय उपभोक्ता हित संरक्षण मार्गनिर्देशन, १९८५ ले उपभोक्तालाई सुरक्षाको अधिकार, सूचित हुने अधिकार, छनौटको अधिकार, सुनुवाईको अधिकार, उपभोक्ता शिक्षाको अधिकार,क्षतिपूर्तिको अधिकार,आधारभुत आवश्यकतामा पहुँचको अधिकार स्वच्छ तथा स्वास्थ्य वातावरणको अधिकार प्रदान गरेको छ । आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धि १९६६ को धारा ११ (१) मा प्रत्येक व्यक्तिको पर्याप्त आर्जन, लुगा तथा आवास समेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको निरन्तर सुधारको अधिकार उल्लेख गरेको छ । उपभोक्ता संरक्षण ऐन २०७५ ले पनि यी अधिकारलाई संरक्षित गरेको छ । उपभोक्ताको अधिकारलाई उच्च प्राथमिकतामा राखी अनुगमन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले आयोगबाट उपभोक्ताको मानव अधिकार अनुगमन निर्देशिका जारी गरिएको र सोही बमोजिम अनुगमन गर्ने गरिएको छ । विभिन्न समयमा आयोगबाट गरिएको अनुगमनहरुबाट प्राप्त तथ्यहरुलाई हेर्दा  उपभोक्ताको अधिकार प्रचलनको अवस्था सन्तोषजनक नरहेको अवस्था देखिन्छ । खाद्य पदार्थको सहज आपूर्ति, खाद्य सुरक्षाको अभाव, अखाद्य बस्तु मिसावट, म्याद नाघेका खाद्य बस्तुको बिक्री वितरण, कृतिम मूल्यबृद्धि,गुणस्तर र नापतौलमा कमी, बस्तु सुरक्षित भण्डारण गरी राख्न नसकेको अवस्था आदि पाइएको छ । सरकारी अनुगमन फितलो रहेको, स्वच्छ वजार प्रतिस्पर्धा हुन नसकेको, अनुगमन नियमनको जिम्मेवार निकायका कामकारवाही प्रभावकारी र पारदर्शी हुन नसकेको साथै स्रोतसाधन, दक्ष प्राविधीक जनशक्ति, प्रविधी परीक्षण प्रयोगशालाहरुको कमी र समन्वयको समेत अभाव रहेको अवस्था देखिन्छ ।

उपभोक्तालाई गुणस्तरीय बस्तु तथा सेवा सरल सहज र सुलभ तवरले उपलब्ध गराउन सम्बन्धीत पक्षहरुको ध्यानाकर्षण गरानुपर्ने र उपभोक्ता शिक्षाको प्रवर्धनमा ध्यान दिनुपर्ने आवश्यकता रहेको देखिन्छ । उपभोक्ताको हित विपरितका गतिविधी संचालन गर्ने र उपभोक्ताको हकहितप्रति खेलवाड गर्ने कार्यमा संलग्नहरुमाथी छानविन गरी कानुनी कारवाही गर्न स्थानीय तह र प्रदेश तहबाट विशेष ध्यान दिनुपर्ने आवश्यकता देखिएको छ ।

# परिच्छेद-३

**१. प्रदेश कार्यालयका उपलब्धि, चुनौति र समाधानका सम्भावित उपायहरु**

देशमा शसस्त्र द्वन्द्वको चरमोत्कर्षको बेलामा स्थापित राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न आरोह र अवरोहहरु पार गर्दै मानव अधिकार संरक्षण तथा सम्वर्द्धनमा स्वतन्त्र र स्वायत्तरुपमा आफ्नो भूमिका निर्वाह गर्दै आएको छ। आयोगमा विगतमा दर्ता हुन आएका उजुरीहरुउपर फर्छ्यौट कार्यलाई तदारुकताकासाथ अगाडि वढाउनेगरी अनुसन्धान मिसन वर्ष घोषणा गरिएको छ। आयोगको काम कारवाही जनमानसमा अनुभूत हुनसक्ने गरी तीव्रताका साथ अगाडि वढाउन र मानव अधिकार सचेतना अभिबृद्धि गरी घरघरमा मानव अधिकार : शान्ति र विकासको आधार नारालाई साकार रुप दिन जनप्रतिनिधी लक्षित मानव अधिकार शिक्षा कार्यक्रमहरुको थालनी समेत गरको छ।

चालु आ.व.मा यस प्रदेश नं. ५ कार्यालयमा मानव अधिकार उल्लंघन सम्बन्धी ९ वटा उजुरी परेका छन् भने १६ वटा उजुरीहरुमा आयोगले अनुसन्धान गरेको छ। आयोगमा दैनिकरुपमा न्यायप्रशासन, वलात्कार, महिला हिंसा, कुटपीट लगायतका मुद्दाहरु लिएर पीडितहरु आउने गर्दछन् उनीहरुलाई उचित परामर्श प्रदान गरी सम्बन्धीत निकायमा निवेदन दिन साथै सम्बन्धीत निकायहरुको ध्यानाकर्षण गर्ने गराउने कार्य पनि गर्दै आइरहेको। त्यस्ता विषयका निवेदनहरुलाई आयोगले जानकारीमा लिई कारवाही प्रक्रिया अगाडि वढाउने गरेको छ। चालु आ.व. अवधिमा जम्मा ६५ जनालाई परामर्श दिइएको थियो। यस वर्ष ८ वटा आकस्मिक अनुगमन, ८ वटा विषयगत अनुगमन गरी जम्मा १६ पटक अनुगमन गरिएको छ।

मानव अधिकार सचेतना सम्बन्धी २० वटा सम्वर्द्धनात्मक गतिविधीहरु सम्पन्न भएका छन्। अन्य निकायहरुबाट आयोजित प्रमुख अतिथी, अतिथी, स्रोत व्यक्ति र सहभागीको रुपमा २७ वटा कार्यक्रमहरुमा आयोगको सहभागीता रहेको छ। आयोगको सिफारिस कार्यान्वयनको लागि निरन्तर छलफल, अन्तरर्क्रिया र वहसहरु भइरहेका छन्। नागरिक समाजबाट आयोगको स्वतन्त्रता र स्वायत्तताको जगेर्ना गर्न र आयोगको सिफारिसको पूर्ण कार्यान्वयनको लागि विभिन्न कार्यक्रमहरुमार्फत सरकारको ध्यानाकर्षण गरिरहेको अवस्था छ।

प्रादेशिक संरचना बमोजिम आयोगले आफ्नो कार्यक्षेत्र अन्तरगतका सबै जिल्लाहरुमा अनुगमन, अनुसन्धान एवं सम्वर्द्धनात्मक गतिविधीहरु सम्पन्न गर्ने क्रममा आफ्नो उपस्थिति जनाएको छ। सम्भव भएसम्म स्थानीय तहहरुलाई लक्षित गरेर कतिपय कार्यक्रमहरु संचालन गरिएको छ उदाहरणको लागि कपिलबस्तु जिल्लाका सबै स्थानीय तह (१० वटा ) र पाल्पा जिल्लाका ४ वटा स्थानीय तहका जनप्रतिनीधीको सहभागीतामा विवाद समाधानमा स्थानीय तह, मानव अधिकार र मानव अधिकारमुखी विकास पद्धती सम्बन्धमा अभिमुखिकरण कार्यक्रमहरु सम्पन्न गरिएको थियो। यस प्रदेश अन्तरगतका सबै जिल्लामा रहेका कारागार तथा केहि हिरासत कक्षहरुको अनुगमन गरी सुधारको लागि सम्बन्धीत पक्षहरुको ध्यानाकर्षण गराईएको छ।

यस आ. व. मा आयोगले तीन वटा प्रादेशिक कार्यशालाहरुको आयोजना गरी सरोकारवालाहरुमा सचेतना अभिबृद्धि गरेको छ भने जिम्मेवार निकायहरुको जवाफदेहिता अभिबृद्धिमा टेवा पुर्‍याएको छ। मौलिक हकहरुको कार्यान्वयनमा प्रदेश सरकार तथा प्रदेशसभाको भूमिका, महिला हिंसा विरुद्ध नेपाल प्रहरीको जवाफदेहिता तथा राष्ट्रिय अभियान बाल विवाह अन्त्यको लागि बहुपक्षीय कार्यशाला गरी छुट्टाछुट्टै ३ वटा प्रदेश स्तरीय कार्याशाला सम्पन्न गरिएको थियो। यस प्रदेशका ६ वटा जिल्लामा जातीय भेदभाव तथा छुवाछुत विरुद्धको अधिकार विषयमा अन्तरर्क्रिया गरी जातीय भेदभावको अवस्था उजागार गरिएको छ। आकस्मीक रुपमा बन्द हड्ताल, अस्पताल सेवा प्रवाहको अवस्था लगायतको अनुगमन गरी सम्बन्धीत निकायको ध्यानाकर्षण गराइएकोछ। रुपन्देही जिल्लामा यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको अधिकार सम्बन्धमा सचेतना जगाउन अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ। आयोगले समय समयमा यस प्रदेशका मानव अधिकारकर्मीहरुसँग मानव अधिकार अवस्थाबारेमा अन्तरर्क्रिया सम्पन्न गरी यस प्रदेशको मानव अधिकार का सवालहरुको पहिचान गर्ने गरेको छ। आयोगबाट सम्पादित उल्लेखित कामहरुको आधारमा आयोगको यस वर्षको उपलब्धी मापन गर्न सकिन्छ।

## चुनौतिहरू :

**१. दण्डहिनताको अवस्था :**

कानुनी शासनमा मात्रै मानव अधिकारको प्रत्याभूति गर्न सकिन्छ। मानव अधिकार तथा मानवीय कानुनको गंभिर उल्लंघनकर्तालाई कानुनी दायरामा नल्याउनु, अनुसन्धान नगर्नु, अभियोजन नगर्नु एवं पीडितलाई न्याय दिन नसक्नु, वा इन्कार

गर्नु पनि दण्डहिनता हो । द्वन्द्वबाट पीडित तथा पीडित परिवारका सदस्यहरुले केही राहत तथा क्षतिपूर्ति प्राप्त गरेका भए पनि मानव अधिकार उल्लंघन गर्ने वा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिहरु अहिले पनि कानुनी दायरामा आउन नसकेको अवस्था छ । राजनीतिक प्रतिवद्धताको अभाव, राजनीतिक स्वार्थ, कानुन कार्यान्वयन गर्ने निकायहरुको उदासिनता, संबैधानिक एवं कानुनी प्रावधानको अपर्याप्तता, वढ्दो भ्रष्टाचार, सामाजिक, साँस्कृतिक र धार्मिक संरचना, जनचेतनाको कमजोर अवस्था आदि कारणबाट दण्डहिनता मौलाउँदै गएको अवस्था छ । जसको फलस्वरुप मानव अधिकार, शुशासन र कानुनी राज्य, लोकतन्त्र जस्ता आदर्श मान्यताहरु ओझेलमा परिरहेका छन् र पीडितले न्याय प्राप्त गर्न नसकिरहेको अवस्था विद्यमान छ । दण्डहिनतको अन्त्यको लागि सरोकारवालाहरुको निरन्तर खवरदारी तथा पहरेदारीको अभाव र कानुन कार्यान्वयन गर्ने निकायहरुको जवाफदेहिता खड्कीएको अवस्थाले मानव अधिकार संरक्षण तथा सम्वर्द्धनको लागि चुनौति बनेको छ ।

**२. आयोगलाई सरकारबाट अपेक्षित सहयोगको अभाव**

संवैधानिक हैसियत प्राप्त आयोगको स्वतन्त्रता र स्वायत्ततामा बारम्बार प्रश्न उठ्न थालेको कुरा सबैलाई जग जाहेर नै छ । आयोग लाई सरकार र सरकारका निकायहरुबाट प्राप्त हुनुपर्ने सहयोग कमजोर बन्दै गएको छ । आयागको गठन नै मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरुको हैसियत निर्धारण सम्बन्धी पेरिस सिद्धान्तबमोजिम भएको र यसका काम कारवाहीहरु विशेष तथा अलग प्रकृतिको हुँदा पनि यस कार्यालयलाई सरकारले हेर्ने दृष्टिकोणबाट आयोगका कामकारवाहीहरुमा असर पर्दै गएको छ । राष्ट्रिय  मानव अधिकार आयोग ऐन, २०६८ संशोधन विधेयकउपर आयोगको गंभिर ध्यानाकर्षण भई आयोगको स्वायत्तता र स्वतन्त्रतामा नै आँच आउने गरी भएको प्रस्तावित प्रस्तावहरुप्रति आयोगले आपत्ती प्रकट गरेको छ । यसै गरी नेपालको संविधानको धारा २९३ को भावना र व्यवस्था प्रतिकूल हुनेगरी आयोगको अनुसन्धान सिफारिस र आदेशलाई महान्यायधिवक्ताको निर्देशनमा  रहने आशय, आयोगका हाल कामय रहेका प्रदेश तथा शाखा कार्यालयहरुलाई समेत प्रतिकूल असरपर्ने गरी, आयोगको आर्थिक स्वायत्तता समेतमा बन्देज लगाउने गरी थप दफाहरुको व्यवस्था गरिएकोप्रति आयोगले प्रेस विज्ञप्तिमार्फत आपत्ति प्रकट गरेको छ । यस सम्बन्धमा आयोगको केन्द्रीय कार्यालयबाट मिति २०७६ बैसाख ३ गते नेपाल सरकारलाई पुनरविचार गर्न पत्राचार समेत गरिएको थियो ।

**३. आयोगको सिफारिसहरुको कार्यान्वयन नहुनु**

आयोगको सिफारिसहरु अनिवार्यरुपमा सरकारले कार्यान्वयन गर्नुपर्नेमा सिफारिस कार्यान्वयनको हालसम्मको अवस्थालाई हेर्दा कमजोर रहेको देखिन्छ । पीडितले क्षतिपूर्ति पाउने सिफारिसहरु मात्र कार्यान्वयन भएको अवस्था रहेको र दोषि पहिचान गर्ने र पहिचान गरिएका दोषिउपर कारवाही गर्ने सिफारिसहरु कार्यान्वयन गरिएका छैनन् । यसले गर्दा पीडितहरुको सरकारप्रतिको आक्रोष बढ्दै गएको र मानव अधिकार आयोगको काम कारवाही प्रति कुनै न कुनै रुपमा अशर पर्न गएको अवस्था विद्यमान छ । तसर्थ सरकारले मानव अधिकार आयोगका सिफारिस कार्यान्वयनमा तदारुकता देखाई मानव अधिकार प्रति राज्यको दायित्व पुरा गर्नुपर्ने देखिन्छ ।

**४. भौतिक संरचना र पूर्वाधारको अवस्था :**

आयोगको प्रदेश नं ५ कार्यालयको घर भाडामा लिई संचालनमा रहेको अवस्था छ । पटकपटक घरभाडा संझौता अवधि सकिएपछि घरभाडाको लागि नयाँ घर खोज्नुपर्ने अवस्थाले गर्दा पीडितहरुको आयोगसँगको पहूँचमा समेत चुनौति थपिने गरेको छ । आयोगको कार्यालयको लागि उपयुक्त जग्गाको व्यवस्था गर्न तथा खाली रहेका सरकारी भवनहरु उपलब्ध गराई दिन प्रदेश सरकारसँग आयोगले अवश्यक समन्वय गरिरहेको छ ।

**५. सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता र उपभोक्ताको हित संरक्षण**

आयोगबाट विभिन्न समयमा गरिएको अनुगमनहरुबाट दैनिक उपभोग्य बस्तु, खाद्यान्नहरुमा अखाद्य बस्तुहरुको मिसावट, हरिया सागसब्जि तथा तरकारीहरुमा विषादीको अत्यधिक मात्रा प्रयोगहुनु जो मानव स्वास्थ्यको लागि हानिकारक रहेको, तथा अस्पताल लगायत अन्य सार्वजनिक सेवाहरु प्रभावकारी हुन नसक्दा नागरिकको हक अधिकार प्राप्तीमा प्रत्यक्ष एवं अप्रत्यक्ष असरहरु परिरहेको अवस्था विद्यमान छ । सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त राखी नागरिकको अधिकारप्राप्तीलाई सुनिश्चितता गराउन र उपभोक्ताको हक अधिकार संरक्षणको लागि जनचेतना अभिबृद्धि तथा अनुगमनलाई प्रभावकारी गराउन राज्यको ध्यानआकृष्ट हुनुपर्ने अवस्था रहेको छ ।

**समाधानका सम्भावित उपायहरु :**

१. कानूनी शासन अवलम्बन तथा दण्डहिनतको अन्त्य गरी पीडितले न्याय पाउने अवस्थाको सुनिश्चितता गर्ने,
२. पेरिस सिद्धान्तको मर्म र भावना बमोजिम आयोगबाट हुने मानव अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउनको लागि सरकारबाट बजेट, भौतिक पूर्वाधार लगायतमा यथेष्ट सहयोग प्राप्त हुनुपर्ने,
३. मानव अधिकार संरक्षण र सम्वर्द्धनको प्रथम दायित्व राज्यको नै हो । संवैधानिक र कानूनी कर्तव्य बमोजिम सम्पादित आयोगको कार्यहरुबाट गरिएका मानव अधिकार उल्लंघनका दोषीहरुउपरका सिफारिस कार्यान्वयनलाई सरकारले तदारुकताकासाथ अगाडि वढाई पीडितको न्यायप्राप्तीको हकको सुनिश्चिता गर्नुपर्ने,
४. व्यक्तिको जीवनसँग प्रत्यक्ष सरोकार रहेको दैनिक उपभोग्य बस्तु तथा सेवाको उपलब्धता, पहुँचता, स्वच्छता एवं प्रभावकारिता र दीगोपनाको उचित व्यवस्थापन गरी जनस्वास्थ्यको संरक्षण गर्न गराउन तथा जनचेतना अभिबृद्धिका कार्यक्रमहरु विभिन्न गैरसरकारी तथा नीजि क्षेत्रसँग आवश्यक समन्वय गरी ग्रामीण भेगका स्थानीयतहमा संचालन गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने,
५. अनुगमन तथा मूल्यांकन सूचकका आधारमा विगतको उपलब्धि, वर्तमानको अवस्था र भावि कार्यदिशा तय गरी अनुगमन मूल्यांकनलाई कार्यान्वयनमा लैजानुपर्ने,

२. **प्रदेश र स्थानीय सरकारलाई सुझाव**

यस कार्यालयबाट सम्पादित अनुगमन, अनुसन्धान र विभिन्न सम्वर्द्धनात्मक कार्यहरुबाट प्रदेश र स्थानीय सरकारलाई देहाय बमोजिमका सुझावहरु प्रदान गरिएको छ ।

- यस प्रदेशको मानव अधिकार अवस्था अनुगमन गरी मानव अधिकार घट्नाहरुको उजागर गरिएको साथै सम्बन्धीत सरोकारलावाहरुसँग मानव अधिकार अवस्था, र मानव अधिकारको संस्कृतिका लागि सबैका विचमा सहकार्य र समन्वयमा जोड दिनु पर्ने ।
- गैर राज्य पक्षबाट आकस्मीक रुपमा हुने बन्द हड्ताल लगायतका क्रियाकलापहरुबाट नागरिकहरुले खेप्नुपर्ने सास्ती, हैरानी, डर, त्रास र वढ्दो असुरक्षाले नागरिकको शान्तिपूर्वक सुरक्षितरुपमा बाँच्न पाउने अधिकार हनन् हुने गरेको छ । यस्ता बन्द हड्ताल लगायतका क्रियाकलाप नगर्न नगराउन तथा सरकारसमक्ष आफ्नो माग राख्दा अरुको अधिकारको ख्याल गर्न सम्बन्धीत पक्षहरुसँग वार्ता र छलफलबाट समस्या समाधान खोज्न उचित र आवश्यक कदम चाल्न सुझाव दिइएको थियो ।
- आयोगबाट गरिएको आकस्मीक अनुगमनले अस्पतालहरुबाट प्रदान गरिने स्वास्थ्य सेवा प्रभावकारी हुन नसकेको देखिएकोले सम्बन्धीत अस्पतालहरुमा पत्राचार गरी जानकारी माग गरिएको थियो ।
- रुपन्देही, कपिलबस्तु, नवलपरासी, अर्घाखाँची, गुल्मी, पाल्पा गरी ६ जिल्लाहरुमा कारागार तथा हिरासत अनुगमन गरी प्रतिवेदन तयार गरिएको र सम्बन्धीत निकायहरुमा सुधारको लागि पहल गरिएको,
- विवाद समाधानमा स्थानीय तहको जिम्मेवारी महत्वपूर्ण रहेकोले संविधान कानून बमोजिम गर्न गराउन, स्थानीय विकास निर्माणसम्बन्धी कार्यहरुमा मानव अधिकार र मानव अधिकारमुखी पद्धतीको अवलम्बन गर्न गराउन सरोकारबालाहरुलाई सुझाएको,
- जातीय विभेद तथा छुवाछुत मानव अधिकार उल्लंघनको विषय भएकोले स्थानीय तहमा हुने गरेका घट्नाहरु कतिपय मिलापत्र हुने र कानूनी दायराभित्र नल्याइने अवस्थाले घट्नाहरु दोहोरीने र समाजमा भेदभावको अवस्था कायमै रहनेहुँदा छुवाछुतजन्य घट्नाहरुमा सम्बन्धीत निकायमा उजुरी लिएर आउने अवस्था सिर्जना गर्न, साथै त्यस्ता प्रकारका उजुरीउपर प्रहरी प्रशासनबाट समेत तदारुकता देखाई दोषीलाई कारवाही गरी पीडितलाई न्याय दिलाउने कार्य गर्न गराउन सुझाएको,
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको अधिकार, द्वन्द्वपीडित र पछाडि पारिएका वर्ग समुदायहरुको हक अधिकारको प्राप्ती र सुनिश्चितताको लागि ती वर्ग समुदायलाई लक्षित गरी तिनीहरुको संरक्षण, विकास र सशक्तिकरणको लागि आवश्यक पहल गर्न सम्बन्धीत सरोकारवालाहरुलाई सुझाव दिएको थियो ।

# अनुसूची : १

## ४.१ सम्पादित प्रवर्द्धनात्मककार्यको विवरण

| क्र. सं | जिल्ला/ स्थान | मिति | कार्यक्रमको विषय | कार्यक्रमको उद्देश्य | कार्यक्रमको उपलव्धी | लक्षित समूह (नागरिक समाज, सेना, प्रहरी, गैसस, बालक्लबआदि) | सहभागी संख्या (लिङ्गसमेत खुलाउने) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | अर्घाखाँची | २०७५/७/१८ | घर घरमा मानव अधिकार शिक्षा कार्यक्रम | मानव अधिकार शिक्षा स्थानीय तहमा पुऱ्याउनु | स्थानीय जनप्रतिनिधि, मानव अधिकारकर्मी, नमगरीक समाज, कृषकलगायतलाई मानव अधिकारको बारेमा जानकारी । | स्थानीय तह, सुरक्षाकर्मी, नागरिक समाज, महिला, बालबालिका, राजनीतिक दल लगायत | ५० | |
| २. | नवलपरासी | २०७५/७/२० | अनुसन्धानको विषयमा कार्यक्रम | उजुरी सम्बन्धमा जानकारी लिनु | उजुरी सम्बन्धमा जानकारी लिइएको | पीडित र छर छिमेक | २० जना | |
| ३. | बुटवल, रुपन्देही | २०७५/८/२२ | मानव अधिकार, बाल अधिकार, तेस्रो लिङ्गीका अधिकारकासम्वन्धमा अभिमुखीकरण | स्कुलका बालबालिकाहरु मार्फत मानव अधिकार सम्बन्धी ज्ञान तथा सिपको प्रर्वधन गरी मानव अधिकार संस्कृतिको बिकास गर्ने | बुटवल स्थित ३ वटा विद्यालयका २४० जना बिद्यार्थीहरुलाई मानव अधिकार सम्बन्धी अभिमुखिकरण सम्पन्न । | निजी तथा सामुदायिक विद्यालयका विद्यार्थीहरु | २४० | |
| ४. | बुटवल, रुपन्देही | २०७५/८/२३ | दिप प्रज्वलन कार्यक्रम | जनसमुदायहरुमा ७० औं मानव अधिकार दिवस सम्बन्धमा जानकारी तथा शुभकामना आदान प्रदान गर्न । | बिभिन्न संघ संस्था लगायत प्रदेश सरकारको उपस्थिति सघन रुपमा हुनु । | नागरिक समाज, संघ संस्था लगायत बिभिन्न पेशा ब्यवसायीहरुको सक्रिय सहभागिता | ८० | |
| ५. | बुटवल, रुपन्देही | २०७५/८/२४ | प्रभातफेरी | मानव अधिकारको संरक्षण,सम्बर्द्धन तथा मानव अधिकार संस्कृतिको विकासमा सहयोगपुऱ्याउने र प्रतिवद्धता जनाउने | सम्बन्धित निकायहरुले मानव अधिकारको संरक्षण तथा सर्म्वधन गर्न प्रतिबद्धता जनाएको । | प्रदेश सरकारका प्रतिनिधि तथा कर्मचारी, बिभिन्न सरकारी निकायका प्रतिनिधि,बिभिन्न संघ संस्था तथा पेशागत सघ संगठन र नागरिक समाज | १२० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६. | बुटवल, रुपन्देही | २०७५/८/२४ | मानव अधिकारको अवस्थाकासम्वन्धमा अर्न्तक्रिया कार्यक्रम | प्रदेश नं. ५ को मानव अधिकारको अवस्था सम्बन्धमा सम्बन्धीत निकाय तथा उच्च पदस्त पदाधिकारीहरुलाई जानकारी गराउनु | प्रदेश सरकारको कार्यक्रम तथा योजना नीतिमा मानव अधिकार पद्धति अनुसार कार्यान्वयन गर्ने प्रतिबद्धता मन्त्री तथा सम्बन्धीत निकायबाट आएको । | प्रदेश सरकारका प्रतिनिधि तथा कर्मचारी, बिभिन्न सरकारी निकायका प्रतिनिधि,बिभिन्न संघ संस्था तथा पेशागत सघ संगठन र नागरिक समाज | ६० | |
| .७. | बुटवल, रुपन्देही | २०७५/८/२६ | मौलिक हकको कार्यान्वियनमा प्रदेश सरकार तथा प्रदेशसभाको भूमिका | प्रदेश सरकार तथा बिभिन्न बिषयगत समितिका सभासदहरुलाई मौलिक हकको कार्यान्वयनमा बिषेश पहलकदमी गर्न | प्रदेश सरकार, प्रदेश सभा एव बिभिन्न विषयगत समितिका सभासदहरुबाट मानव अधिकारको संरक्षण तथा प्रर्वधन प्रति सामुहिक प्रतिबद्धता आएको | नेपाल सरकारका उच्च पदस्त पदाधिकारी, प्रदेश सरकारका मन्त्री बिभिन्न समितिका सभासद सदस्य, पुर्व सभाद, सचिव, कर्मचारी कानुन ब्यवसायी, पत्रकार, नागरिक समाज संचारकमी संघ संगठन | १३० | |
| ८. | पाल्पा रामपुर न.पा. | २०७५/९/११ | जनप्रतिनिधिहरुलाई मानव अधिकार अभिमुखिकरण कार्यक्रम | स्थानीयतह सम्म मानव अधिकार सम्वन्धि जनचेतना तथा स्थानीय जनप्रतिनिधिहरुलाई दायित्वबोध गराउने | मानव अधिकार सम्वन्धि जनचेतना | स्थानीयतहका जनप्रतिनिधि कर्मचारीहरु | ७५ म.२९ पु.४६ | |
| ९. | रुपन्देही | २०७६ बैशाख २४ | महिला हिंसा न्यूणिकरण, मानव अधिकार संरक्षण एवम सुरक्षामा नेपाल प्रहरीको जवाफदेहिता विषयक राष्ट्रिय अभियानकार्यक्रम | ६ जिल्लाका सरोकारवालालाई जवाफदेहिता वनाउने | सुरक्षा निकायका उच्च तहका पदाधिकारीहरुको अर्थपूर्ण सहभागिता महिला हिंसा विरुद्ध प्रदेश सरकार | प्रदेश न. ५ का कार्यक्षेत्र भित्र पर्ने ६ जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक, सरकारी निकाय, महिला मानव अधिकार कर्मी, नागरिक समाज, पत्रकार | १७६ | |
| १०. | कपिलवस्तु | २०७६ बैशाख २६ देखी २८ | स्थानीय तहमा विवाद समाधान र मानव अधिकार विषयमा अभिमुखिकरण | न्याययीक समितिलाई विवाद समन्धमा सशक्तिकरण गर्ने | अर्थपूर्ण सहभागिता रहेको न्याय निरुपणका लागि स्थानीय तहले जान्नु पर्ने जानकारी | कपिलवस्तुको सबै गा.पा. र न.पा. का न्याययीक समितिका पदाधिकारी | ६० | केन्द्रीय कार्यालयको आयोजनामा र प्रदेश कार्यालयको सम्न्वय |
| ११. | पाल्पा | २०७६ बैशाख ३०, ३१ | स्थानीय तहमा विवाद समाधान र मानव अधिकार विषयमा अभिमुखिकरण | न्याययीक समितिलाई विवाद समन्धमा सशक्तिकरण गर्ने | अर्थपूर्ण सहभागिता रहेको न्याय निरुपणका लागि स्थानीय तहले जान्नु पर्ने जानकारी | पाल्पाको ४ वटा स्थानीय निकायमा( ३ गा.पा. र १, न.पा. ) का न्याययीक समितिका पदाधिकारी | ३६ | केन्द्रीय कार्यालयको आयोजनामा प्रदेशकार्यालयको सम्न्वय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२. | नवलपरासी | २०७६/२/१३ गते | आयोगको १९ औं वार्षिकोत्सवको अवसरमानवलपरासी जिल्लामा मानव अधिकारको अवस्था विषयमा अन्तरर्क्रिया | मानव अधिकार अवस्थाको बारेमा जानकारी लिने तथा मानव अधिकार आयोगको कार्यहरुको बारेमा सरोकारवालाहरुलाई जानकारी गराउने | मानव अधिकार अवस्था बारेमा जानकारी प्राप्त आयोगको क्रियाकलापहरुको बारेमा सरोकारवाला | जिसस प्रमुख, न.पा. प्रमुख, नपा का सबै वडा अध्यक्षहरु, प्रजिअ, सुरक्षा प्रमुख, नागरिक समाज, मानव अधिकार कर्मीहरु, पत्रकार आदि | ५३ | विहान ८ बजे |
| १३. | रुपन्देही | २०७६/२/१३ गते | आयोगको १९ औं वार्षिकोत्सवको अवसरमा शुभकामनाकार्यक्रम | आयोगको वार्षिक गतिविधी र उपलब्धिहरुको बारेमा जानकारी प्रदान गर्ने, | आयोगको समन्वय अभिबृद्धि | नागरिक समाज | २५ | दिउँसो ४ बजे |
| १४. | कपिलवस्तु | २०७६/२/१६ गते | मानव अधिकारको अभिमुखिकरण | जिल्ला कारागारमा रहेका कैदी बन्दीहरुलाई मानव अधिकारको बारेमा जानकारी प्रदान गर्नु | कैदी,बन्दीहरुले मानव अधिकारको काम कर्तव्यका बारेमा जानकारी प्राप्त गरेको | कैदी,बन्दी | ६० | |
| १५. | रुपन्देही | २०७६/२/१९ गते | जातीय विभेद तथा छुवाछुत विरुद्धको अधिकार विषयक अन्तरर्क्रिया कार्यक्रम | शुद्धोधनगा.पा. फर्साटिकरमा जनचेतनाअभिबृद्धि गर्नु साथै जातीय भेदभाव तथा छुवाछुतको अवस्था बारे जानकारी लिनु | जातीय भेदभाव तथा छुवाछुतका घट्नाहरको बारेमा जानकारी प्राप्त, जातीय विभेद तथा छुवाछुत विरुद्धका अधिकारहरुको बारेमा सचेतिकरण | शुद्धोधन गा.पा अध्यक्ष, उपाध्यक्ष लगायत सबै वडाका वडा अध्यक्षहरु, दलितअधिकार कर्मी, मानव अधिकारकर्मी, स्थानीय बुद्धीजीवी, दलित र गैरदलित समुदायका प्रतिनीधी, सुरक्षाकर्मी,पत्रकार | ६५ जना | केन्द्रीय कार्यालयको आयोजनामा र प्रदेश कार्यालयको सम्न्वय |
| १६. | रुपन्देही | २०७६/२/२० गते | यौनिक तथा लैगिक अल्पसंख्यकहरुको अधिकार विषयक अन्तरक्रिया | यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको अधिकार सम्बन्धमा सचेतना अभिबृद्धि गर्ने, | यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको अधिकार र तिनीहरुको अवस्था बारेमा सरकोकारवालाहरुलाई जानकारी | रुपन्देही स्थित सरकारी, गैरसरकारी संघसंस्थाका प्रमुख तथा प्रतिनीधिहरु, पत्रकार आदि | ५५ जना | केन्द्रीय कार्यालयको आयोजनामा र प्रदेश कार्यालयको सम्न्वय |
| १७. | कपिलबस्तु | २०७६/२/२१ गते | जातीय विभेद तथा छुवाछुत विरुद्धको अधिकार विषयक अन्तरक्रिया | जनचेतना अभिबृद्धि गर्नु साथै जातीय भेदभाव तथा छुवाछुतको अवस्था बारे जानकारी लिनु | जातीय भेदभाव तथा छुवाछुतका घट्नाहरको बारेमा जानकारी प्राप्त, जातीय विभेद तथा छुवाछुत विरुद्धका अधिकारहरुको बारेमा सचेतिकरण | प्रजिअ, सुरक्षा कर्मी,दलितअधिकार कर्मी, मानव अधिकारकर्मी, स्थानीय बुद्धीजीवी, दलित र गैरदलित समुदायका प्रतिनीधी, सुरक्षाकर्मी,पत्रकार | ५३ जना | केन्द्रीय कार्यालयको आयोजनामा र प्रदेश कार्यालयको सम्न्वय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८. | अर्घाखाँची | २०७६/२/२२ गते | जातीय विभेद तथा छुवाछुत विरुद्धको अधिकार विषयक अन्तरक्रिया | जनचेतना अभिबृद्धि गर्नु साथै जातीय भेदभाव तथा छुवाछुतको अवस्था बारे जानकारी लिनु | जातीय भेदभाव तथा छुवाछुतका घट्नाहरको बारेमा जानकारी प्राप्त, जातीय विभेद तथा छुवाछुत विरुद्धका अधिकारहरुको बारेमा सचेतिकरण | प्रजिअ, सुरक्षा कर्मी,दलितअधिकार कर्मी, मानव अधिकारकर्मी, स्थानीय बुद्धीजीवी, दलित र गैरदलित समुदायका प्रतिनीधी, सुरक्षाकर्मी,पत्रकार | ७० जना | केन्द्रीय कार्यालयको आयोजनामा र प्रदेश कार्यालयको सम्न्वय |
| १९. | गुल्मी | २०७६/२/२३ गते | जातीय विभेद तथा छुवाछुत विरुद्धको अधिकार विषयक अन्तरक्रिया | जनचेतना अभिबृद्धि गर्नु साथै जातीय भेदभाव तथा छुवाछुतको अवस्था बारे जानकारी लिनु | जातीय भेदभाव तथा छुवाछुतका घट्नाहरको बारेमा जानकारी प्राप्त, जातीय विभेद तथा छुवाछुत विरुद्धका अधिकारहरुको बारेमा सचेतिकरण | प्रजिअ, जिल्ला प्रहरी प्रमुख, जिल्ला न्यायाधिश, न्यायाधिश,,दलितअधिकार कर्मी, मानव अधिकारकर्मी, स्थानीय बुद्धीजीवी, दलित र गैरदलित समुदायका प्रतिनीधी, र पत्रकार र पीडित परिवार | ४७ जना | केन्द्रीय कार्यालयको आयोजनामा र प्रदेश कार्यालयको सम्न्वय |
| २०. | पाल्पा | २०७६/२/२४ गते | जातीय विभेद तथा छुवाछुत विरुद्धको अधिकार विषयक अन्तरक्रिया | जनचेतना अभिबृद्धि गर्नु साथै जातीय भेदभाव तथा छुवाछुतको अवस्था बारे जानकारी लिनु | जातीय भेदभाव तथा छुवाछुतका घट्नाहरको बारेमा जानकारी प्राप्त, जातीय विभेद तथा छुवाछुत विरुद्धका अधिकारहरुको बारेमा सचेतिकरण | प्रजिअ, जिल्ला प्रहरी प्रमुख, ,,दलितअधिकार कर्मी, मानव अधिकारकर्मी, स्थानीय बुद्धीजीवी, दलित र गैरदलित समुदायका प्रतिनीधी, र पत्रकार र पीडित परिवार | ५४ जना | केन्द्रीय कार्यालयको आयोजनामा र प्रदेश कार्यालयको सम्न्वय |

# अनुसुची-२

राष्ट्रिय मानव अधिकार आयोग

**प्रदेश न. ५, कार्यालयमा कार्यरत कर्मचारीहरुको नामावली**

| क्र.सं | नाम र थर | पद |
|---|---|---|
| १ | सम्भना शर्मा | निर्देशक |
| २ | पवक कुमार भट्ट | उप-निर्देशक |
| ३ | दीपक ठाकुर | मानव अधिकार अधिकृत |
| ४ | इन्द्रजीत सहनी | मानव अधिकार अधिकृत |
| ५ | सेली गौतम | मानव अधिकार अधिकृत |
| ६ | नारायण वस्नेत | लेखा/प्रशासन अधिकृत |
| ७ | विमला कुमारी लाखे | जनसम्पर्क सहायक |
| ८ | मेनुका पोखरेल | कार्यालय सहयोगी |
| ९ | टिकाराम पन्थी | कार्यालय सहयोगी |
| १० | घनश्याम थारु | सवारी चालक |
| ११ | सूर्यमणि चौधरी | सुरक्षा गार्ड |
| १२ | हरी प्रसाद लामिछाने | सुरक्षा गार्ड |
| १३ | गौतम रणपाल | सुरक्षा गार्ड |

# कार्यक्रमका झलकहरू



नवलपरासी जिल्लामा मानव अधिकार अवस्था अर्न्तक्रिया




बाल अधिकार विषयक अन्तरक्रिया





लुम्विनी प्रादेशिक अस्पताल अनुगमन




स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रम




७०औँ अन्तराष्ट्रिय मानव अधिकार दिवस



गणतन्त्र दिवसको अवसरमा सहभागिहरु




जातीय भेदभाव तथा छुवाछुत विरुद्धको अभियान

# कार्यक्रमका झलकहरू




महिला हिंसा विरुद्ध राष्ट्रिय अभियान




लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकार सम्बन्धि कार्यक्रम




अन्तराष्ट्रिय महिला दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम



बाल विवाह अन्त्यको लागि बहुपक्षीय प्रादेशिक कार्यशाला बुटवल



न्यायिक समितिलाई मानवअधिकार अभिमुखिकरण




कारागार अनुगमनको क्रममा आयोगको टोली

**राष्ट्रिय मानव अधिकार आयोग**

केन्द्रीय कार्यालय, हरिहर भवन, ललितपुर

इमेल : nhrc@nhrcnepal.org

फोन : ०१-५०१००१५/१६/१७/१८

वेबसाइट : www.nhrcnepal.org

फ्याक्स : ०१-५५४७९७३, ५५४७९७४

हटलाइन : ०१-५०१०००० 

**प्रदेश ५, बुटवल**

फोन नं. : ०७१–४१०१७५

फ्याक्स : ०७१–४१०१७६

**प्रदेश १, विराटनगर**

फोन नं. : ०२१–४६१९३१/४६१०९३

फ्याक्स : ०२१–४६११००

**प्रदेश २, जनकपुर**

फोन नं. : ०४१–५२७८११-१२

फ्याक्स : ०४१–५२७२५०

**प्रदेश ३, सानेपा**

फोन नं. : ०१–५५३०३६२

भ्याक्स : ०१–५५२९१७२

**गण्डकी प्रदेश, पोखरा**

फोन नं. : ०६१–४६२८११/४६३८२२

भ्याक्स : ०६१–४६५०४२

**सुदुर पश्चिम प्रदेश, धनगढी**

फोन नं. : ०९१–५२५६२१/२२

फ्याक्स : ०९१–५२५६२३

**प्रदेश १ (शाखा), खोटाङ्ग**

फोन नं. : ०३६–४२०२८४

फ्याक्स : ०३६–४२०२८४

**प्रदेश ५, (शाखा) नेपालगञ्ज**

फोन नं. : ०८१–५२६७०७/०८

फ्याक्स : ०८१–५२६७०६

**कर्णाली प्रदेश (शाखा), जुम्ला**

फोन नं. : ०८७–५२०२२२

फ्याक्स : ०८७–५२०२२२